कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
● वर्ष २४ ● अंक ०६ ● FRIDAY, 22 JUNE 2018 ● काठमाडौं शुक्रबार, असार ०८, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



स्केच : कृष्ण गोपाल श्रेष्ठ


## लिभिङ टुगेदरका लफडा

पृष्ठ २२ मा

मध्य पृष्ठमा

## अञ्जली





## साइबर फिडब्याक



















रसियामा जारी २१ औं विश्वकप फुटबल रोचक बन्दै गएको छ । फुटबलका पारखीहरु हरेक खेल नछुटाई त्यसमै रमाइरहेका छन् । आ-आफ्नो समर्थन रहेको देशका पक्षमा सामाजिक सञ्जालमा टिप्पणी लेख्ने क्रम जारी छ । विश्वकप फुटबलसम्बन्धी केही रोचक प्रतिक्रिया :

यस पटक देखिएको घम्साघम्सी रोचक त छ नै सोचक पनि छ। कति त निराश देखिन्छन् आफ्नो प्रिय टिमले सन्तोषजनक नतिजा नदिँदा तर यो समय सधैं कहाँ बग्छ र एउटै रेखामा ? परिवर्तन समयकै उपज हो र हुनु पनि पर्छ पनि । विश्वकपको इतिहासमा २०१८ को नतिजाले नयाँ कीर्तिमान बनायो भने अचम्म मान्नुपर्ने केही छैन ।

**सुनिता राई काङ्दङ्वा**

मानिसहरू पनि ! फुटबल हेर्न त फुटबल किन्नुपर्ने नि तर टिभी किन्छन् ।

**सुदीक्षा भुसाल**

पुटिनले जस्तै एमालेले २० वर्ष सत्ता चलाउन पाएको भए आज विश्वकप फुटबल नेपालमा सञ्चालन भैरहेको हुन्थ्यो ।

**प्रदीप भट्टराई**

हिजो गल्फ्रेन्डसँग बसेर फुटबल हेरेको घरीघरी रेफ्री कुन टिम हो भनेर हैरान, केटीको जात न पऱ्यो नेयमार भएर हेरेको रे.... केटीहरूले अरूलाई त चिन्नु पनि पऱ्यो नि ।

**झाँक्री बा**

धन्न क्रिकेट तथा फुटबलको नियम नेपालमा बनेन। बनेको भए ......

टिमका पाँच जना जति त विभिन्न जातीय कोटाबाट नियुक्त गर्नुपर्ने अनिवार्य हुन्थ्यो होला है ?

**अर्जुन आचार्य**

दुहुन नमिल्ने 'जर्सी' र पिउन नमिल्ने 'कप'

को जात्रालाई 'विश्वकप फुटबल' भनिन्छ रे !

**प्रतीक्षा**

३ करोड जनसंख्या भएको देशमा १ करोड त फुटबल विश्लेषक रै'छन्, त्यत्तिकै संख्यामा टिप्पणीकर्ता होलान्, विडम्बना विश्वकप खेल्ने ल्याकतका भने ११ जना पनि छैनन् ।

**भद्रगोल पाँडे**

खेल्न नजाने नि आफूले गोल गर्ने र अरूलाई गोल गर्न नदिने रणनीति अपनाउने हो भने अर्को विश्वकप फुटबल नेपालले पनि खेल्न पाउनेछ ।

**महादेव भारती**

होइन यो विश्वकप फुटबल नेपालमा हुँदैछ कि रुसमा ? तामझाम त दुवैतिर उस्तै छ ।

**कृष्ण गौतम**

यहाँ आफ्नै जिन्दगीले फुटबल खेलेर उचाल्ने पछार्ने गरिरा बेला त्यो विश्वकप त मेरा लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात ।

**सुशीला थापा**

आइसल्यान्डमा जति जनसंख्या (३ लाख ३० हजार) छ त्यति त अर्जेन्टिनामा रजिष्टर्ड फुटबल खेलाडी (३ लाख ३१ हजार ८११ जना) छन् ।

**भीम उपाध्याय**

नेपालका आधा मान्छे अर्जेन्टिनाका फ्यान छन् बाँकी आधाले फुटबललाई राम्रोसँग बुझेका छन् ।

**द तिलक**

विश्वकप अर्जेन्टिनाले जितिसक्यो, कप पनि उचालि सक्यो । अब हामीलाई लाइभ भनेर झुक्याउने मात्र हो फिफाले ।

**टुटुल्के**

नेपालमा फुटबल प्रतियोगिता हुँदा १ सय रुपैयाँको टिकट नकाट्ने नेपालीहरू विदेशी जर्सीलाई भने हजार रुपैयाँ हाल्न तयार छन् ।

**भद्रगोल**

फुटबल फ्यान त म पनि हुँ, तर ज्योतिष बनेर यो देशले जित्छ र त्यो देशले हार्छ भनेर हल्ला गर्दै हिँड्दिन । सपोर्ट आफ्नो ठाउँमा छ ।

**कृष्ण गौतम**

विश्वकप फुटबल जितिरहेका देशले भन्दा पनि अहिलेसम्म विश्वकप नजितेका देशले जित्नुपर्छ भन्ने मेरो मान्यता छ ।

**महादेव भारती**

फुटबल खेले झैं मेरो जिन्दगीसँग चाहिँ नखेल्नु है ।

**भूमि**

फुटबल नहेरौं मनले मान्दैन ।
फुटबल हेरौं निद्राले मान्दैन ।
एक्लो टुरिस्ट (प्रकाश धिताल)

विश्वकप फुटबल हेर्न जत्तिको तन, मन र धन अन्य काममा दिने हो भने हाम्रो उन्नति चाँडै हुने थियो ।

**भुपेन्द्र खड्का**

होइन के जमाना आयो यस्तो ? उ जमानामा फुटबल हेर्न युद्ध रोकेका थे रे । अहिले त फुटबल सुरु हुन नपाउँदै विश्व युद्ध गराउन लागे- हैट ।

**अनिल थापा क्षेत्री**

विश्वकप फुटबल हो, समय मिलाएर खेल हेर्दा हुन्छ । महादेवको फ्यान हुँ भन्दैमा बाघको छाला भिरेर अनि सर्प बेरेर हिँड्नु पर्दैन ।

**निरज वाग्ले**

फुटबलमा स्वस्थ प्रतिस्पर्धा गराउन सक्नुपर्छ फिफाले । स्टार खेलाडीहरूको जर्सी तानेर, पाखुरा खिचेर अनि छिर्के हानेर रोक्ने रणनीतिचाहिँ हाम्रो देशको राजनीतिभन्दा फरक लागेन । मेसी हुन् वा नेयमार सबै यसकै सिकार भए । आउने दिनमा फुटबल र कुस्तीबीच फरक छुट्याउन पाइयोस् ।

**केशव कोइराला**

भाग्य, अनुमान, परिश्रम र मैदान एक अर्कासँग सम्बन्धित जस्तै लागे पनि फरक-फरक कुरा हुन् । आशा र समर्थन गर्दैमा आफूले भने जस्तै परिणाम आउँदैन ।

(प्रसंग विश्वकप फुटबल)

**बत्तीमुनिको अँध्यारो**




### विश्वकप फुटबलसम्बन्धी जिज्ञासा र समाधान

**यसपालि पनि जर्मनीले नै विश्वकप जित्छ ?**
- भदौमा आँखा फुटेको डिंगोले सधैं हरियो देख्छ रे ।

**पाँचपल्टको विजेता ब्राजिलले आधा दर्जन किन पुऱ्याउँदैन ?**
- एकादेशमा एउटा राजा थियो, परन्तु हामी एक्काइसौं शताब्दीको गणतान्त्रिक फुटबलतन्त्रमा छौं ।

**पोर्चुगल र विश्वकपबीच के साइनो छ ?**
- कागलाई बेल पाक्यो हर्ष न विस्मात ।

**विश्वकपको सबैभन्दा खतरनाक टिम कुन हो ?**
- उरुग्वे । ऊसँग लुइस स्वारेजजस्तो घातक हतियार छ, जसले दाँते-सट प्रहार गरी कुनै पनि टिमलाई एक्लैले धराशायी पारिदिन सक्छ ।

**के बेल्जियमले इतिहास रच्ला ?**
- दही छैन, चिउरा भए दही-चिउरा खान्थें भन्दै डुक्रिने बुज्रुकहरूलाई के भन्नु र खोइ ?

**के इंग्ल्यान्डले इतिहास दोहोऱ्याउला ?**
- ढाँटको निम्तो खाई पत्याउनु अरे ।

**स्याल हुइँया मच्चाइएझैं के स्पेन सबैभन्दा बलियो र सन्तुलित टिम हो ?**
- नब्बे वर्षा लिट्ठो एउटा फाइनल, खुट्टी देख्दै पत्याएँ ।

**अनि अर्जेन्टिना नि ?**
- टिममा जम्मा एउटा मेसी तर हल्ला नै बेसी ।

SEE(SLC) 075 भर्ना खुल्यो !!!
का साथै कक्षा ८ र १० मा
के ?
★ कक्षा ९, Test तथा SLC फेल भई वा कक्षा ८ मात्र पास गरी स्कूल छाडेका तथा स्कूल जाने उमेर नाघेका विद्यार्थीहरुले यसै वर्ष SEE पास गर्न यस स्कूलमा भर्ना गरी ढुक्क भई पढ्नुहोस्।
★ कक्षा ५ वा ६ मात्र पास गरेकाले कक्षा ८ मा भर्ना भई पढ्न पाउने र यस स्कुलबाट कक्षा ८ पास गरेका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधै कक्षा १० पढी SEE दिन पाउने छन्।
कक्षा समय: बिहान,दिउँसो, बेलुका
यातायात र होस्टेलको समेत सुविधा छ ।
अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
DIPLOMATIC OPEN SCHOOL
लगनखेल, मछिन्द्रनाथको रथ राख्ने चोक
Phone : 01-5527782, 9818258588
SAHAYOGI PATHSHALA
(Alternative School)
भाटभटेनी चोक (चाइनिज एम्बेसी नजिकै)
Phone : 4415244

# विश्वकपमा व्यवसायिक अफर




महेश तिमल्सिना

विश्वकप भन्नेबित्तिकै त्यससँगै आर्थिक चहल-पहल समेत जोडिन्छ । संसारको ध्यान अहिले रसियामा जारी विश्वकपमा छ । विश्वकप फुटबलको यो रौनकले नेपालको आर्थिक गतिविधिलाई समेत सक्रिय बनाएको छ । विश्वकपको यो अवसरमा विभिन्न व्यवसायिक कम्पनीहरू आफ्नो व्यवसाय थप विस्तार गर्ने धाउन्नमा छन् । विश्वकपको अवसरमा विभिन्न कम्पनीहरूले आ-आफ्ना उत्पादन बेच्न विविध अफर बजारमा फालिरहेका छन् ।

सामसुङ इलेक्ट्रोनिक्सले फिफा विश्वकप फुटबल-२०१८ का अवसरमा ‘फिल द गेम’ योजना सार्वजनिक गरेको छ । यो योजनाअन्तर्गत सामसुङले विभिन्न मोडलका टेलिभिजन सेट अधिकतम २७ प्रतिशतसम्म छुट प्रदान गर्ने जनाएको छ । यसको अतिरिक्त सम्पूर्ण टेलिभिजन सेटमा दुई वर्षको वारेन्टी तथा शून्य प्रतिशत इएमआई सुविधाको किस्ताबन्दी अफरसमेत प्रस्तुत गरिएको छ ।

> विश्वकप फुटबलको यो रौनकले नेपालको आर्थिक गतिविधिलाई समेत सक्रिय बनाएको छ । विश्वकपको यो अवसरमा विभिन्न व्यवसायिक कम्पनीहरु आफ्नो व्यवसाय थप विस्तार गर्ने धाउन्नमा छन् । विश्वकपको अवसरमा विभिन्न कम्पनीहरुले आ-आफ्ना उत्पादन बेच्न विविध अफर बजारमा फालिरहेका छन् ।

सामसुङजस्तै टेलिभिजन ब्रान्ड टिसिएलले आफ्ना टेलिभिजन सेटहरूमा तीन वर्षको वारेन्टीका साथै २५ प्रतिशतसम्म छुटको योजना अगाडि ल्याएको छ । विश्वकपको रौनक छाएसँगै व्यवसायिक कम्पनीहरूमा यस्तो अफरको होडबाजी नै चलेको छ । अर्को इलेक्ट्रोनिक्स कम्पनी एलजीले विश्वकपको यो अवसरमा टेलिभिजन खरिद गरेबापत ३१ प्रतिशतसम्म क्यासव्याक अफर ल्याएको छ । यस्तै, यासुडाले यासुडाको टेलिभिजन खरिद गर्दा ३० प्रतिशत क्यासब्याक अफर सार्वजनिक गरेको छ ।

विश्वकपको रंगीन माहोलमा ग्राहकहरूसँग उमंग साट्न स्काइवर्थले पनि हरेक स्काइवर्थ टेलिभिजनको खरिदमा २५ प्रतिशतसम्म क्यासब्याकको अफर अगाडि सारेको छ । यस्तै, सोनी कम्पनीले हरेक टेलिभिजनको खरिदमा २५ प्रतिशत क्यासब्याकसहित विभिन्न प्याकेज अफर सार्वजनिक गरेको छ । सिजी कम्पनीले पनि विश्वकपलाई लक्षित गर्दै आफ्ना टेलिभिजन सेटमा विशेष अफर ल्याएको छ । सिजीका २० इन्चदेखि ४३ इन्चसम्मका कुनै पनि नर्मल तथा स्मार्ट टिभी खरिद गर्दा ३० प्रतिशतसम्मको छुट योजना लागू गरिएको छ । ४३ इन्चभन्दा माथिको टिभीमा सिजीकै मल्टिमिडिया तथा तीन वर्षको वारेन्टी प्रदान गरिने कम्पनीले जनाएको छ ।

केवल तथा इन्टरनेट प्रदायक कम्पनीहरूले पनि आफ्ना विविध अफर ल्याएका छन् । सुविसु केवलनेटले विश्वकप फुटबललाई लक्षित गरेर क्लियर टिभी सेवामा क्लियर टीभी विश्वकप अफर प्रस्तुत गरेको छ, जसअन्तर्गत एचडी सेटअप बक्स, जडान सेवा र दुई महिनाको क्लियर टिभी प्रिमियम प्याकेज एकसाथ विशेष छुटमा प्राप्त गर्न सकिन्छ । यस्तै अफर मेरो टिभी र सिम टिभीको पनि छ ।

इलेक्ट्रोनिक्स कम्पनीहरूले टेलिभिजनमा विशेष अफर ल्याइरहेका बेला अन्य व्यवसायिक कम्पनीहरूले पनि विश्वकप विशेष अफरहरू अघि सारेका छन् । यस क्रममा शिवम् सिमेन्टले विशेष पुरस्कार योजना ल्याएको छ । उक्त योजनाअन्तर्गत शिवम्ले आफ्ना फेसबुक फलोअर्सहरूलाई वर्ल्डकप विजेताको भविष्यवाणी गरी पुरस्कार जित्ने अवसर प्रदान गरेको छ । प्रत्येक खेलमा सही भविष्यवाणी गर्ने सहभागीलाई गोलाप्रथाद्वारा विजेता घोषणा गरिने शिवम् सिमेन्टले जनाएको छ । यस्तै, अफर सगरमाथा सिमेन्टको पनि छ । सगरमाथा सिमेन्टले अनुमान लगाउनुहोस् हरेक दिन पुरस्कार जित्नुहोस् भन्दै अफर सार्वजनिक गरेको हो ।

विश्वकपले अटो मोबाइल्स इन्डस्ट्रिजलाई समेत छोएको छ । विभिन्न अटोमोबाइल्स कम्पनीहरूले विश्वकप विशेष अफरमार्फत ग्राहक तान्ने प्रयास गरिरहेका छन् । महिन्द्रा एन्ड महिन्द्रा कम्पनीको नेपालका लागि आधिकारिक विक्रेता दुगड ब्रदर्श एन्ड सन्सले ‘व्यापार गरौं जमेर वर्ल्ड कप हेरौं रमेर’ नाराका साथ विशेष योजना सञ्चालनमा ल्याएको छ । उक्त योजनाअन्तर्गत ग्राहकहरूले महिन्द्रा सुप्रो कार्गो भ्यान, महिन्द्रा म्याक्सिमो प्लस तथा लोडकिङ अप्टिमो गाडीको खरिदमा निशुल्क एलईडी टिभी प्राप्त गर्न सक्छन् । यस्तै, हुन्डाई कम्पनीको नेपालका लागि आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले नयाँ र पुराना दुवै ग्राहकका लागि ‘रोड टु रसिया’ अफर अघि सारेको छ । पुराना र नयाँ ग्राहकहरूमा लक्की ड्र गराएर २/२ जना विजेतालाई रसियामा भैरहेको विश्वकप फुटबलको फाइनल खेल हेर्न पठाउने योजना कम्पनीको छ । यस्तै हुन्डाइको कुनै पनि गाडी खरिद गर्दा ५ लाखसम्म छुट दिने योजना अघि सारिएको छ भने हुन्डाईको नयाँ गाडी किन्ने ग्राहकले सामसुङको ४३ अथवा ५५ इन्चको स्मार्ट एलइडी टिभी निःशुल्क प्राप्त गर्न सक्नेछन् ।


## फुडमाण्डूको चियर योर टिम

अनलाइन खाना डेलिभरी कम्पनी फुडमाण्डूले फुटबल महाकुम्भ विश्वकप-२०१८ मा आफ्ना सेवाग्राहीहरूका लागि ‘चियर योर टिम’ अफर ल्याएको छ । यो अफरअन्तर्गत घरमै साथीभाइ तथा परिवारसँग खेल हेर्दै खानाको मज्जा लिने मात्र होइन, हरेक अर्डरसँग खेलको नतिजा पनि अनुमान गर्न पाइन्छ, जसमा सही उत्तर दिनेले १० प्रतिशत छुटका साथ केही अंक प्राप्त गर्नेछन् । विश्वकपको अन्त्यसम्म जसले धेरै अंक जम्मा गर्न सक्छ, उक्त ग्राहकले सामसुङको ४३ इन्चको स्मार्ट टिभी जित्नेछन् । फुडमाण्डूले विश्वकप अवधिभरि विभिन्न रेस्टुराँबाट ४० प्रतिशतसम्म छुटका साथै विभिन्न आकर्षक परिकारका कम्बोहरू पनि उपलब्ध गराउने कुरा बताएको छ ।



यात्रा सन्दर्भ

# शैलेन्द्रका सपना



किशोर नेपाल

शैलेन्द्र साकार नेपाली साहित्यका मूर्धन्य व्यक्तित्व हुन् जसको हात कवि, कथाकार र निबन्धकारका रूपमा समानान्तर चलेका छन्, समसामयिक कविता र कथामा उनी खुलस्त उभिएका छन् जनताको पक्षमा । शैलेन्द्र भन्छन्, 'केही मानिसको सन्तुष्टिका लागि लेखिने रचनाहरूमा लेखकीय स्वत्व हुँदैन । त्यो स्वत्वहीन साहित्यसँग मेरो सरोकार छैन ।'

के अहिलेका कवि, कथाकारहरूले शैलेन्द्रको नाम सुनेका होलान् ? भन्न सकिँदैन । उनी कसैले चिनोस् भनेर लेख्दैनन् । गुणग्राही पाठक छैनन् भने लेख्नुको अर्थ हराउँछ । नयाँ पुस्ताले कविताप्रति मात्र होइन, सम्पूर्ण नेपाली साहित्यप्रति नै कुनै दृष्टिकोण बनाउन सकेको छैन । संसारको साहित्यमा हेर्ने हो भने पुस्तान्तरणका नाममा हाम्रो देश र भाषामा जस्तो अतीतलाई खरानी तुल्याइँदैन, तर नेपालमा कसैले पनि त्यस्तो व्यवहार देखाउन सकेका छैनन् । उनले भर्खरैको एक उदाहरण दिँदै भने– गोविन्द गिरी प्रेरणा यहाँ आएको समयको घटना हो यो । पुस्तक विमोचन र कविता श्रवणका दुवै कार्यक्रम सर्वनाम नाट्यशालामा राखिएको थियो । शैलेन्द्र साकार र सरुभक्त श्रेष्ठ दुवै पुगे निम्ता मान्न । त्यहाँ प्रतिभा पाठकले कविता सुनाइन् । मूल रूपले कार्यक्रमको आयोजना नै त्यसै गरी गरिएको थियो ।

कविता एकै मिनेटमा सकिएपछि शैलेन्द्र र सरुभक्तले एक-अर्कालाई सुनाए, कविताका लागि एक मिनेट पनि सोच्न पर्दैन कि के हो ? न भाव छ, न बिम्ब छ । कविता त सपाट पो छ । रंगमञ्चबाट श्रोता बाहिर निस्कियो, कविता पनि बिर्सियो । कविताले आफ्नो स्वत्व हराएको भनेको त्यही हो ।

शैलेन्द्र यसोउसो गरेर पाँच वर्ष बसे अमेरिकामा । त्यहाँको समाजमा उनले आफूलाई एक्लो फिल गरे । यहाँ बिहान-बेलुका साथीभाइसँग भेटेर, चिया पिएर हिंड्ने बानी परेका हामी त्यहाँको जीवन पद्धतिमा भिज्नै सक्दैनौं । त्यहाँ बस्दा समय जुटाएर साथीभाइसँग भेट्नुपर्ने । एकपटक डेनभरमा त्यस्तो संयोग जुट्यो । शैलेन्द्र, मनु ब्राजाकी, हिरण्य भोजपुरे, ज्ञानेन्द्र गदाल र पदम विश्वकर्मा मिलेर जमघटको तयारी गरिएको थियो ।

शैलेन्द्रले अहिलेको राजनीतिक घटनाक्रमका सम्बन्धमा राम्रोसँग अध्ययन गर्न पाएका छैनन् । २०४६ को राष्ट्रिय जन-आन्दोलनमार्फत देशमा बहुदलीय शासन पद्धति ल्याउने बुद्धिजीवीमा अग्रणी थिए– शैलेन्द्र । बहुदल आएपछि जनताका यावत् समस्या समाधान होला भन्ने आशा थियो उनलाई, तर उनले सोचेजस्तो भएन । 'अब अहिलेसम्म हामी पर्ख र हेरकै मुद्रामा छौं । गणतन्त्र आएको राम्रो हो, तर यो कहिलेसम्म व्यवस्थित हुने हो ? केही अन्दाज गर्न सकिँदैन', शैलेन्द्र भन्छन् ।

अहिलेको सरकारले दुईतिहाइ मत पाएको छ । यसलाई राम्रै मान्नुपर्छ, तर यो सरकार जनताको हितका लागि शासन चलाउन असफल भयो भने जनताको विश्वास भंग हुनेछ । नेपालमा राजनीतिक अस्थीरता नेपाली राजनीतिको एउटा अंग नै भैसकेको छ । कतिबेला के हुन्छ र के हुँदैन भन्न सकिँदैन । सरकारले हालै प्रस्तुत गरेको बजेट पनि सन्तोषजनक छैन । यो 'कम्युनिष्ट शासन' का लागि लामो समयदेखि धेरै मानिस लागेका थिए । अब अहिले जे-जति सपना देखाइएको छ जनतालाई त्यो पूरा गर्ने हो भने त्यसअनुसारको संकल्प चाहिन्छ । अब पनि दाउपेचको लडाइँ चल्ला भन्ने मलाई लाग्दैन ।

शैलेन्द्रको विचारमा पहिलेको एकेडमी गरिमामय थियो । अब अहिले त्यो अवस्था छैन कि त्यहाँ जाँदा श्रद्धाले शिर निहुरियोस् । त्यतातिर त जानै मन लाग्दैन । पहिले मोहन दाइ अर्थात् मोहन कोइराला त्यही एकेडेमीमा हुनुहुन्थ्यो । मैले एक दिन उहाँको कविताका सम्बन्धमा टिप्पणी गरेको थिए, 'तपाईंका कविताहरू हाडे ओखरजस्ता भए ।' जवाफमा उहाँले भन्नुभयो, 'हाडे ओखर खानुको मजा नै अर्कै छ । एउटा पीन वा सिन्कोले अलि अलिक गरेर गुदी झिक्दै खाँदा कति मज्जा आउँछ ।'

एकेडेमीमा पार्टीको मानिस होइन, देशले सम्मान गर्ने व्यक्तित्वहरू समावेश हुनुपर्छ । अहिलेको जस्तो झोले प्रवृत्तिका मानिसलाई एकेडमीमा लाने हो भने यसको कुनै अर्थ रहँदैन । एकेडमीलाई आर्थिक रूपले सबल बनाउने योजना बनाउनुपर्छ । आर्थिक रूपले एकेडमीलाई सफल तुल्याउन सबै किसिमका एकेडेमीहरूलाई मिलाएर एउटै बनाउनु राम्रो हो ।

शैलेन्द्रका अहिले केही योजना छन् । उनी आफ्नो कविता-संग्रह प्रकाशित गर्न लागेका छन् । एउटा स्मरण-संग्रहको तयारी छ । आरडी युयुत्सुको सम्पादनमा आउँदैछ त्यो । कथामा नारी हस्ताक्षरको दोस्रो भागको सम्भावना खोज्दैछन् उनी ।

शैलेन्द्रको क्रियाशील जीवन प्रेरणदायी छ सबैका लागि ।



तस्बिर : नवराज बाग्ले

## प्रतिक्रिया




सपना हुनु भनेकै जीवित हुनु हो (युवा मन : सपनालाई पछ्याउँदा) । जीवित मानिसले मात्र सपना देख्छ । आफ्नो लक्ष्य र गन्तव्यसम्म पुग्न सपनालाई पछ्याउनैपर्छ ।

**अमित कोइराला**

विश्वकप फुटबलले अरू कुरालाई छायाँमा पारेको छ (यात्रा सन्दर्भ : फुटबलको मौसममा पुस्तक) । यसले गर्दा पुस्तक व्यवसायमा पक्कै धेरथोर धक्का दिन्छ नै । पुस्तक प्रदर्शनी तथा पुस्तकका सम्बन्धमा छलफल-बहस हुनु राम्रो हो ।

**आनन्द नेपाल**

फुटबल प्रशिक्षक राजुकाजी शाक्यको ठम्याइ सही छ (अन्तर्वार्ता : नेपालले विश्वकप फुटबल खेल्न पाउने सम्भावना प्रशस्तै छ) । यो विश्वकपमा जर्मनी, ब्राजिल, अर्जेन्टिना तथा फ्रान्स नै बलिया छन् । शाक्यले भने जस्तै नेपालले विश्वकप खेल्ने दिन छिट्टै आओस् ।

**दीपक क्षेत्री**

कसको भविष्यवाणी मिल्छ त्यो त हेर्न बाँकी नै छ (नेपाली फुटबल विश्लेषकको भविष्यवाणी) । नेपाली फुटबल विश्लेषकको आँकलन, अनुमान कत्तिको सही होला त्यो प्रतीक्षाकै विषय हो ।

**भक्त अधिकारी**

धेरै नेपालीहरू त्यही दिनको प्रतीक्षामा छन् (नेपालको विश्वकप छनौट यात्रा) । विश्वकप छनौटको कठिन, जटिल र लामो यात्रा नेपालले सफलतापूर्वक पूरा गरोस् । नेपाली खेलाडी तथा सरकारले यसका लागि दरो तयारी गर्नुपर्छ ।

**विष्णु सिंह**

उस्तै खालको प्रतियोगिताभन्दा नयाँ खालको प्रतिस्पर्धा गर्न सकिन्थ्यो (देशैभर मिस एसईई प्रतियोगिता) । यस्ता कार्यक्रम विद्यार्थीहरूको क्षमता बढाउन एवं सीप सिकाउनभन्दा व्यापारमा बढी केन्द्रित भएको पाइन्छ ।

**आदित्य शर्मा**

सम्मानित सबै चलचित्रकर्मीलाई बधाई छ (महिला चलचित्रकर्मी सम्मानित) । सिर्जनात्मक काममा अघि बढ्नुहोस् । तपाईंहरूले गर्ने काममा मौलिक विषयवस्तुलाई प्राथमिकता दिनुहोला ।

**नीरज हुमागाई**

आफ्नो मुल कर्म बाहेक खेलमा पनि चासो राख्ने कलाकारहरूका बारेमा पढ्न पाउँदा खुसी लाग्यो (नेपाली कलाकारमा फुटबल फिभर) । यस्ता कुरामा पनि अपडेट हुनु राम्रो हो ।

**बुद्धि कार्की**

मौलिक विषयवस्तु तथा नयाँ प्रयोग भएन भने राम्रो परिणाम आउँदैन (समीक्षा : जेठका चलचित्र : सबै फ्लप) । प्रस्तुति, कथा एवं कलाकारहरू पनि नयाँ हुनुपर्छ ।

**अनुप पौडेल**

विश्वकपको टिकटको मूल्य यति महँगो ? (खेलकुद : विश्वकप टिकटको मूल्य) अझ फाइनल चरणका खेलको टिकट त हामी सर्वसाधारण नेपालीहरूका लागि आकाशकै फल रहेछ ।

**आशिष तामाङ**

विश्वकप भकुन्डोको कथा रोचक लाग्यो (खेलकुद : विश्वकप भकुन्डोको कथा) ।

यो लेखमार्फत धेरै नयाँ जानकारी पाइयो ।

**सरोज बस्नेत**

नेपाली खेलकुदका बारेमा नियमित रूपमा दुई-तीन पेज सामग्री प्रकाशन गर्न अनुरोध गर्छु ।

**डल्ली कान्छी**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik



म हुँ फ्यान
नयाँ लक्स को
LUX
LUX
NEW
LUX
Velvet Touch
FLORAL BEAUTY OIL
For Smooth Fragrant Skin
Jasmine & Almond Oil
NEW
LUX
Soft Touch
FLORAL BEAUTY OIL
For Soft Fragrant Skin
French Rose & Almond Oil
~नयाँ भनेको नयाँ प्याकेजिङ्ग हो ।

# पेलेको नजरमा परेका
# श्याम थापा



■ श्याम थापा

तस्बिर : गोएलीडटकम

जनक तिमिल्सिना



तस्बिर : प्रोकेरलाडटकम

फुटबलका राजा पेलेको जीवनका रोचक प्रसंगको चर्चा गर्दा कलकत्ताको इडेन गार्डेन पनि छुट्दैन । पेले राष्ट्रिय टिमबाट संन्यास लिएपछि अमेरिकाको कसमस क्लबबाट फुटबल खेल्थे । यही क्रममा सन् १९७७ मा कसमस क्लब मोहन बंगानसँग मैत्रीपूर्ण खेल खेल्न कलकत्ता आयो, जसमा पेले नआउने कुरै भएन । त्यहाँ पेलेलाई हेर्न हजारौं दर्शक ओइरिए । अझ रोचक त के भने उनलाई भेट्न र हेर्न मानिसहरू अघिल्लो रातदेखि नै इडेन गार्डेनमा धर्ना कसिरहेका थिए । ती हजारौं खेलप्रेमीको क्रेज आफ्नो ठाउँमा छ । त्यसैसँग जोडिएको अर्को प्रसंग छ– पेलेको क्लबविरुद्ध गोल गर्ने नेपाली मूलका खेलाडी श्याम थापाको ।

सन् १९५० मा गुल्मीको भारसेमा जन्मिएका थिए चर्चित भारतीय फुटबलर– श्याम थापा । उनका बुवा विषनसिंह थापा भारतीय सेनामा थिए । भारतीय सेनामा भर्ती भएका गोर्खाहरूको केन्द्र थियो– देहरादून, जहाँ भारतीय सेनामा रहेका नेपाली गोर्खाले आफ्ना श्रीमती तथा छोराछोरीहरूलाई राख्थे, उनीहरू त्यहींको गोर्खा मिलटरी स्कुलमा पढ्थे ।

श्यामका बुवाले पनि उनलाई सानैमा देहरादून लगे । बुवा विषनसिंहको सरुवा भैरहने भएकाले उनकी आमा हिरादेवी पनि उनीसँगै हुन्थिन् । त्यसैले श्याम थापाको शिक्षादीक्षा होस्टलबाटै भयो । 'म थमान होस्टलमा बस्थे । त्यतिबेला भारतमा गोर्खा ब्रिगेडको छुट्टै फुटबल टिम थियो,' उनी सम्झन्छन्, 'भारतमा त्यसको ठूलो नाम थियो ।' देहरादूनको होस्टलमा बस्दा त्यही गोर्खा ब्रिगेडले खेलेको फुटबल हेर्दाहेर्दै थापामा पनि फुटबल खेल्ने भोक जाग्यो । त्यही भोकले उनलाई गोर्खा मिलटरी स्कुलको फुटबल टिमको कप्तान बनायो ।

उनकै कप्तानीमा मिलटरी स्कुलले नयाँदिल्लीमा स्कुले विद्यार्थीहरूको सुब्रतो मुखर्जी कप जसलाई लिटिल डुरेन्ट कप पनि भनिन्छ खेल्यो । 'मेरो फुटबल करिअर त्यहीबाट सुरु भएको हो,' थापाले आफ्नो फुटबल करिअरको सुरुवाती दिनका सम्बन्धमा भने, 'मैरै कप्तानीमा गोर्खा मिलटरी स्कुलले लिटिल डुरेन्ट कप जित्यो ।' लिटिल डुरेन्ट कप जितेपछि सर्वत्र गोर्खा मिलटरी स्कुलको प्रशंसा हुन थाल्यो । जितपछि उनको स्कुल हाइस्कुलबाट इन्टरमिडियट कलेजमा अपग्रेड भयो भने उनी स्वयंमलाई फुटबल खेल्न थप हौसला मिल्यो ।

सन् १९६५ मा देहरादूनमा एक्जीबीसन म्याच खेल्न आएको थियो–इस्ट बंगाल क्लब । त्यतिबेला देहरादूनको टिममा रामबहादुर, वीरबहादुर, चन्दन सिंहजस्ता नामी खेलाडीहरू थिए, जसले इस्ट बंगालबाट खेलेर नाम कमाइसकेका थिए । मिलिटरी स्कुलको कप्तान भएकाले थापाले पनि त्यो खेलमा मौका पाए । 'एक्जीबीसन म्याचमा मलाई अन्तिम १५ मिनेट खेल्न दिइएको थियो,' थापाले सम्झिए, 'खेलपछि इस्ट बंगालको नजर ममाथि पर्‍यो ।' इस्ट बंगालले थापासमक्ष कलकत्ता लगेर निःशुल्क पढाउने र त्यहीबाट खेल्नुपर्ने प्रस्ताव राख्यो । उनले उक्त प्रस्ताव स्वीकार गरे । थापा १६ वर्षको उमेरमा सन् १९६६ मा विद्यार्थीका रूपमा कलकत्ता पुगे ।

कलकत्ता आएपछि इस्ट बंगाल र राजस्थानको एक खेलमा उनले अवसर पाए । 'स्ट्राइकरको प्रदर्शन राम्रो नभएपछि मैले अवसर पाएको थिए,' उनले भने, 'त्यो बेला प्लेइड लिस्टमा मेरो नाम परेको क्षण सम्झँदा अहिले पनि रोमाञ्चित हुन्छु ।' सानो फुच्चे ठिटो ३० हजार दर्शकको अगाडि फुटबल खेल्नुपर्ने, तर थापालाई रत्तिभर पनि डर लागेन । परिणाम उनले इस्ट बंगालबाट आफ्नो डेब्यु खेलमै राजस्थानविरुद्ध ह्याट्रिक गरे । त्यसपछि थापा स्थानीय अखबारहरूको हेडलाइन भैहाले । तैपनि कलिलो उमेर भएकाले इस्ट बंगालले उनलाई त्यसपछिका १५ खेलसम्म ठाउँ दिएन । उनी देहरादून फर्किए । देहरादूनकै मिलटरी स्कुलबाटै म्याट्रिक पास गरे ।

त्यतिबेला म्याट्रिक पास गरेपछि गोर्खा रेजिमेन्टको अफिसर हुने देहरादूनका गोर्खा परिवारका अधिकांश सन्तानको इच्छा हुन्थ्यो । थापा स्वयंका साथै उनका बुवाआमा तथा नातेदारहरूको इच्छा पनि त्यही थियो । उनी पनि म्याट्रिक पास गरेर गोर्खा रेजिमेन्टमा भर्ती भए । उनले आर्मीमा अढाई वर्ष बिताए, त्यहाँ पनि उनले फुटबल खेलेर नाम कमाए । 'सन् १९६९ मा डुरन्ड कपमा मैरै गोलमा गोर्खा ब्रिग्रेड विजयी भयो,' थापा सम्झन्छन्, 'हामीले फाइनलमा बोर्डर सेक्युरिटी फोर्स (बीएफएस)लाई पराजित गरेका थियौं ।' थापा फुटबल खेल्न नै जन्मिएका थिए, त्यसैले सन् १९७० मा उनी गोर्खा रेजिमेन्टको जागिर छाडेर फुटबलमा भविष्य खोज्न निस्किए । गोर्खा रेजिमेन्टको जागिर छाडेको चाल



पाउने बित्तिकै उनको फुटवल प्रतिभासँग परिचित इस्ट बंगालले थापालाई आफ्नो टिममा अनुबन्ध गरिहाल्यो । सन् १९७३ सम्म इस्ट बंगालबाट फुटवल खेलेपछि थापा मुफ्तलाल मिल्सबाट खेल्न मुम्बई गए । 'त्यतिबेला नाम चलेका सबै गोर्खाली प्लेयर भूपेन्दसिंह रावत, अमरबहादुर आदि त्यहींबाट खेल्थे,' थापाले भने । दुई वर्ष मुफ्तलालबाट खेलेपछि उनी अघाए । त्यसपछि पुनः सन् १९७५ मा उनी इस्ट बंगालमै फर्किए ।

सन् १९७७ देखि सन् १९८२ सम्म थापाले भारतको प्रसिद्ध क्लब मोहन बंगानबाट फुटबल खेले । उनले त्यसक्रममा मोहन बंगानको कप्तानी समेत गरे । थापाले भारतको राष्ट्रिय फुटबल टिमबाट दुई वटा एसियन गेम खेले । 'सन् १९७० मा भारतले ब्रोन्ज मेडल जित्यो, त्यसमा मैले भारतका तर्फबाट खेलेको थिए,' थापाले भने, 'राष्ट्रिय टिमबाट अर्को एसियन गेम्स सन् १९७४ मा इरानविरुद्ध खेले ।'

पृष्ठ ७ मा

## विश्वकप नजर

विश्वकपलाई थापाले नजिकबाट नियालिरहेका छन् । उनी पहिलेको फुटबलको तुलनामा अहिलेको फुटबल कला र शैलीमा परिवर्तन आएको मान्छन् । अहिलेको फुटबलमा इन्डिभिजुअल प्लेयरहरू बढी भए पनि टिम गेम खेलिन्छ', थापा भन्छन्, 'कोचहरूको रणनीति बदलिरहन्छ ।' पहिले रेडियो कमेन्ट्री सुन्ने बेलाका थापा अहिले युट्युब वा भिडियोहरू हेरेर रणनीति बनाउन कोचहरूलाई थप सहयोग पुगेको कुरा बताउँछन् । थापाकाअनुसार पहिलेको फुटबलको पोजिसन अर्कै थियो, पाँच जना फरवार्ड हुन्थे । त्यतिबेला दुई जना डिफेन्समा रहन्थे, अहिले त्यसमा परिवर्तन आइसकेको छ, अहिले सोलिट डिफेन्स गर्ने भनेर चार जनालाई डिफेन्समा खेलाउन थालिएको छ ।

अहिलेका चर्चित खेलाडीहरूले रियल म्याड्रिड, बार्सिलोनाजस्ता क्लबहरूबाट खेल्ने बताउँदै थापाले त्यहाँ खेल्दा टिममा विश्वका उत्कृष्ट प्लेयरहरू हुने भएकाले उनीहरूको खेल अझ निखारिने कुरा बताए । 'बल बनाएर दिन्छन्, स्टारहरूले मज्जाले गोल गर्छन्,' थापाले थपे, 'किनभने, ती क्लबमा दुनियाँका टप टप प्लेयरहरू खेल्छन् ।' तर क्लबका स्टार खेलाडीहरू आफ्नो देशका तर्फबाट खेल्दा भने उम्दा खेल देखाउन सक्दैनन् । थापा त्यसको कारण विश्वका राम्रा र टप प्लेयरहरू उनीहरूसँग नहुनुलाई मान्छन् । मेसी र रोनाल्डोले विश्वकप खेल्न थालेको धेरै वर्ष भैसक्दा पनि वर्ल्डकप जिताउन नसक्नुका पछाडि यसैलाई कारण मान्छन्, उनी ।

एक समयका चर्चित खेलाडी थापाको नजरमा अहिलेको विश्वकपको सबैभन्दा सन्तुलित टिम कुन होला ? उनी निसंकोच भन्छन्– जर्मनी । आखिर जर्मनीमा के छ त ? 'फुटबलमा सबैभन्दा महत्वपूर्ण प्वाइन्ट मिडफिल्ड हो, जुन टिमको मिडफिल्ड स्ट्रोङ हुन्छ त्यो टिम बलियो हुन्छ र त्यसले राम्रो रिजल्ट दिन्छ,' थापा कारण खोल्छन्, 'जर्मनीको त्यही पक्ष बलियो छ । अरु टिममा नाम चलेका ठूलाठूला प्लेयर छन्, त्यसैले हाम्रो ध्यान अर्जेन्टिनाका मेसी, पोर्चुगलका रोनाल्डो, ब्राजिलका नेयरमार अनि जर्मनीका टोनी क्रुजमाथि पर्छ । अहिलेको सबैभन्दा बलियो र सन्तुलित टिम जर्मनी नै हो । उनीहरूको गोलकिपर, डिफेन्सदेखि स्टाइकिङसम्म राम्रो छ, सबैभन्दा राम्रो त उनीहरूको मिडफिल्ड छ । मिडफिल्ड भनेको कुनै पनि टिमको ब्याकबोन हो, जर्मनीको त्यही ब्याकबोन स्ट्रोङ छ ।' डार्क हर्स टिम पोर्चुगल, अर्जेन्टिना र ब्राजिलमध्ये एक हुन सक्छन् । थापाका अनुसार इंग्ल्यान्डसँग भने अब त्यो चीज छैन । फ्रान्सलाई पनि थापाले राम्रो टिम मानेका छन् ।

थापाका अनुसार खेलाडीहरूमा सबैभन्दा चम्किने मेसी नै हुन्– मेसी इज अ कम्पिलिट फुटबल । त्यसो भए अरू स्टार फुटबलर ? 'रोनाल्डो वेस्ट स्ट्राइकर हो । नेयमार पनि जेनयुन स्ट्राइकर हो । यद्यपि मेसी इज अ ब्युटिफूल गेम मेकर, गोल स्कोरर, डिब्लर वाहा क्या पास निकाल्छ, क्या फ्रिकिक हान्छ, हि इज द कम्पिलिट फुटबलर । सो आई लभ मेसी,' थापाको मेसी प्रेम पोखियो, 'उनको खेल हेर्दा मलाई निकै आनन्द आउँछ ।'

पृष्ठ ६ बाट

उनले भारतको राष्ट्रिय टिमबाट १९८४ मा सन्यास लिए ।

यो अवधिमा कहिल्यै नेपाललाई नबिर्सिएको बताउने थापाले पहिलोपटक सन् १९८४ मा पहिलोपटक ब्वाइज युनियनबाट नेपालको घरेलु प्रतियोगिता खेले । 'धीरेन्द्र सरकारसँग मेरो राम्रो उठबस थियो, मैले ब्वाइज युनियन क्लबबाट समेत फुटबल खेलें,' उनले सुनाए, 'पहिले राजाका नाममा टुर्नामेन्ट हुन्थ्यो । जति पनि नेपाली भारतमा फुटबल खेल्थे, उनीहरूलाई मैले ब्वाइज युनियनबाट फुटबल खेलाए ।' नेपालमा फुटबल खेल्न आउँदा थापाप्रति दर्शकहरूको क्रेज उत्तिकै देखिन्थ्यो । उनले १० वर्षजति ब्वाइज युनियनबाट फुटबल खेले ।

थापाले नेपालको राष्ट्रिय टिमको प्रशिक्षकका रूपमा चार वर्ष काम गरे । 'गणेश थापाजीले नेपाली फुटबल टिम हेरिदिन भनेपछि मैले प्रशिक्षकका रूपमा चार वर्ष काम गरे,' उनले भने, 'मैले त्यहाँ रहँदा निकै मेहनत गरे । अहिले केटाहरू बस्ने होस्टल मेरै कारणले बनेको हो ।' उनले काठमाडौंमा युथ डेभलपमेन्ट प्रोग्रामअन्तर्गत काठमाडौंमा एकेडेमी बनाउन सुझाए । 'कोलकातातिर एकेडेमी थिए, मैले काठमाडौंमा बनाउन भनेपछि त्यो बनाइएको हो,' उनले थपे । कोलकातामा बस्दै आएका थापा त्यसयता पनि निरन्तर फुटबल गतिविधीमै सक्रिय छन् ।

## पेलेसँग खेल्दाको क्षण

सन् १९७७ को कुरा हो । थापा त्यतिबेला मोहन बंगानबाट फुटबल खेलिरहेका थिए । फुटबलमा श्रीपेचबिनाका राजा भनेर चिनिने खेलाडी पेले त्यतिबेला राष्ट्रिय टिमबाट सन्यास लिएर अमेरिकन क्लब कसमसबाट फुटबल खेलिरहेका थिए । पेलेको क्लबबाट बेकेनवर्ग, स्टोफर कार्लोसजस्ता खेलाडीहरू खेल्थे । बेकेन वर्ग जापानबाटै फर्किए भारत आएनन् । त्यही बेला पेलेसहित कसमस क्लब भारत आयो र त्यसले मोहन बंगानसँग इडेन गार्डेनमा मैत्रीपूर्ण खेल खेल्यो ।

अहिले क्रिकेटका लागि प्रसिद्ध इडेन गार्डेनमा ८० हजारभन्दा बढी दर्शक जम्मा भएका थिए । मोहन बगानविरुद्ध पेलेको क्लब कसमसले एक गोलको अग्रता लिएको अवस्था थियो । 'पेलेको क्लब २–१ ले अगाडि रहेका बेला मैले मोहन बगानबाट गोले गरेपछि खेल बराबरीमा टुंगियो,' थापा सम्झन्छन् । खेल सकिएपछि पेलेलाई मिडियाले सोधे, 'तपाईंलाई सबैभन्दा कुन भारतीय खेलाडी मन पऱ्यो ?'

पेलेले उत्तर दिए, '२२ नम्बर को जर्सी लगाउने खेलाडी ।' २२ नम्बरको जर्सी लगाउने भारतीय फुटबलर अरु कोही नभएर श्याम थापा नै थिए । 'पेले त फुटबलको राजा नै हुन् । तिनै पेले विरुद्ध फुटबल खेल्न पाउनु मेरो सबैभन्दा ठूलो सौभाग्य थियो,' उनी भन्छन् ।

थापा आफूलाई यसैमा सबैभन्दा सौभाग्यशाली सम्झन्छन् । 'त्यो मेरो स्वर्णिम समय थियो,' थापा भन्छन् । त्यसको १ वर्षपछि विश्वका अर्का चर्चित फुटबलर म्याराडोना भारत आए, पेलेसँग खेलेका थापाले फेरि म्याराडोनासँग पनि एक्जीबिसन म्याच खेल्ने अवसर पाए । पेले र म्याराडोनाजस्ता फुटबल दुनियाँका बादशाहहरूसँग खेल्न पाउनुले आफूलाई धन्य बनाएको थापाको अनुभव छ ।

## ठूलो जिम्मेवारी

दुई वर्षदेखि थापाले कोलकातामा फुटबल एकेडेमी चलाइरहेका छन्, जसमा १४ देखि १६ वर्ष तथा १७ देखि २० सम्मका युवाहरूलाई प्रशिक्षण प्रदान गरिन्छ । थापा यसअघि भारतको चर्चित टाटा फुटबल एकेडेमीको टेक्निकल डाइरेक्टर थिए । उनले अल इन्डिया फुटबल फेडरेसनको युथ डेभलपमेन्ट प्रोग्रामको निर्देशक भएर समेत काम गरे । 'अहिले पनि म अल इन्डिया फुटबल फेडरेसनको टेक्नीकल कमिटीको चेयरम्यान छु,' उनले भने, 'एउटा गोर्खाली र नेपालीका लागि यो निकै ठूलो र गौरवको कुरा हो ।'

१३ वर्षको हुँदा फुटबल खेल्न घरबाट निस्किएका थापाले सक्रिय खेलाडीबाट संन्यास लिए पनि अहिले पनि फुटबल मैदान छाडेका छैनन् । 'सन् १९८४ मा मैले खेलाडीबाट सन्यास लिए र कोचिङ सुरु गरे,' थापाले भने । आफ्नो समयका चर्चित खेलाडी थापाले त्यसयता विभिन्न पदमा रहेर काम गरिरहेका छन् । अझै पनि फुटबलप्रतिको माया र भोक मेटिएको छैन । 'फुटबल नै मेरो जीवन हो, मलाई फुटबलले सबै चीज दिएको छ । फुटबललाई म कसरी छोडौं ? फुटबलमा अझै केही गरौ भनेर सोचिरहेको छु,' थापाको फुटबल प्रेम पोखियो ।

भारतीय फुटबललाई कुनै समय गोर्खाहरूले नै धानेको उदाहरण दिँदै थापाले नेपालमा फुटबलको राम्रो सम्भावना भएको बताए । त्यसका लागि नेपाल फुटबल एसोसियसन (एन्फा) र त्यसको नेतृत्व योजनाबद्ध रूपमा लाग्नुपर्ने उनको मत छ । 'मैले एन्फाका नयाँ अध्यक्ष कर्माछिरिङ शेर्पालाई पनि भनेको छु,' थापाले भने, 'पहिले मैले गणेश थापालाई प्लान बनाएर पनि दिएको थिए । नेपालले युथ डेभलपमेन्ट प्रोग्राममा फोकस गर्नुपर्छ ।' उनले नेपाल फुटबलका लागि उर्वर भूमि भएको बताउँदै नेपालमा राम्रा फुटबल प्रतिभाहरू भएको पनि बताए । भारतको फुटबलमा नेपालीहरूको ठूलो योगदान छ, भाइचुङ भुटिया, रामबहादुर, बीरबहादुरलगायत धेरै नेपालीको उल्लेख्य योगदान छ,' उनले थपे, 'अहिलेका कप्तान सुनिलकी आमा पनि त नेपाल कै हुन् ।'

## अहिलेको दैनिकी

थापा कोलकातामा श्रीमतीसँग बस्छन् । उनका एक छोरा र एक छोरी छन् । छोरी अस्ट्रेलियाको सिड्नीमा बस्छिन् । छोरा पहिले भारतबाट जुनियर फुटबल खेल्थे, पछि उनी पनि अस्ट्रेलिया गए । अहिले दुवै सन्तान सिड्नीमै सेटल भैसकेका छन् । थापालाई पनि उनीहरूले उतै नबोलाएका होइनन्, तर उनलाई फुटबल छाडेर कतै जान मन लाग्दैन ।

थापा आफूलाई फिट राख्न हप्तामा दुई दिन टेनिस खेल्छन् । दैनिक एकेडेमीको ग्राउन्डमा केटाहरूसँग समय बिताउँछन् । एकेडेमीका कोचहरूलाई गाइड गर्छन् । भारतका विभिन्न ठाउँमा हुने कार्यक्रममा पनि उनलाई प्रमुख अतिथि तथा अतिथिका रूपमा बोलाइन्छ । 'अहिले पनि विभिन्न कार्यक्रमहरूमा बोलाइन्छ, सम्मान दिइन्छ,' थापा भन्छन् ।

कोलकातामा उनले सबै कुरा पाएका छन् । थापा भन्छन्, 'कोलकाता मेरो घरजस्तै हो । बंगालीहरूले खुट्टामा ढोग्छन्, उल्कै माया गर्छन्, मलाई कुनै प्रकारको समस्या हुन दिँदैनन् । यस्तो माया त कहीँ पनि पाइँदैन ।' यसले थापाको फुटबलप्रतिको लगाब थप बढाउँछ । अहिलेको विश्वकपमा थापाले बंगाली टेलिभिजन च्यानल स्टार आनन्दसँग कमेन्ट्रीका लागि सम्झौता गरिसकेका छन् । उनी पछिल्ला ४ वटा वर्ल्डकपदेखि टेलिग्राफजस्तो प्रसिद्ध अंग्रेजी पत्रिकामा स्तम्भ लेखिरहेका छन् ।






# चितवनका चर्का समर्थक



रमेशकुमार पौडेल

फुटबलको महाकुम्भ विश्वकपमा सहभागी देशका समर्थकहरूले बेलाबेलामा चितवनमा थाम्नै गाह्रो हुने तरङ्ग ल्याउँछन् । चितवनमा अर्जेन्टिना, ब्राजिल, जर्मनी, फ्रान्स, पोर्चुगल, बेल्जियम तथा स्पेनका समर्थक बढी भेटिन्छन् ।

सामाजिक सञ्जाल, कलेज तथा चोकमा मात्र समर्थक उपस्थित छैनन्, उनीहरू र्‍याली नै निकाल्ने तयारीमा जुट्छन्, तर चितवनमा यसपटक समर्थकहरूको र्‍याली सायदै निस्किएला । विश्वकप सुरु नहुँदै अर्जेन्टिनाका समर्थक यति सक्रिय छन् कि उनीहरूले चितवनमा अरूले भन्दा अघि नै जुलुस निकाल्न खोजे, तर प्रहरीले अगाडि बढ्न दिएन । लगत्तै जुलुस निकाल्ने योजनामा रहेका ब्राजिलका समर्थकहरूले पनि आफ्नो कार्यक्रम रद्द गरे ।

बार्सिलोना फुटबल क्लबका फ्यानहरूको समूह बार्सा नेपालको शाखा पनि छ चितवनमा । उक्त समूहमा धेरैजसो अर्जेन्टिनाका समर्थक आबद्ध छन् । 'हामी मेस्सीका समर्थक हौं । मेस्सी अर्जेन्टिनाका खेलाडी हुन् । त्यसैले अर्जेन्टिनाको जर्सी लगाएर र झन्डा राखेर मोटरसाइकल जुलुस निकालौं भन्ने योजनामा थियौं' बार्सा चितवनका उपाध्यक्ष नितेश रानाभाटले बताए ।

जेठ २६ गते भरतपुरको वीरेन्द्र क्याम्पस प्राङ्गणमा ५०/६० जना भेला भए । प्रायले अर्जेन्टिनाको जर्सी लगाएका थिए । उनीहरू सडकमा निस्कनै लाग्दा तीन गाडी प्रहरी आएर रोक्यो । त्यसपछि मोटरसाइकलमा बजार र भरतपुर घुम्ने उनीहरूको योजना अधुरै रह्यो ।

ब्राजिलका समर्थकहरू पनि जेठ २८ मा ठूलै जुलुस निकाल्ने तयारीमा जुट्दै थिए । 'तर अर्जेन्टिनाको रोकियो, प्रशासनले कुनै पनि देशको समर्थनमा जुलुस निकाल्न पाइदैन भनेपछि हामी पनि रोकियौं, ' ब्राजिलका समर्थक फुटबल खेलाडी कृष्ण कार्कीले बताए । राष्ट्रिय स्तरका खेल खेली सकेका कार्की चितवनमा अर्जेन्टिना र ब्राजिलका प्रशंसक बढी भएको बताउँछन् ।

'देश-देशको समर्थनमा जुलुसै निकाल्न थालेपछि यो त शक्ति प्रदर्शन गरे जस्तो भयो । शक्ति प्रदर्शन गर्दा खेल भावना कायमै रहन्छ भन्ने छैन । खेल भावना नमरोस् भनेर जुलुसहरू रोकेका हौं,' चितवन जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी) शिव शर्मा आचार्यले बताए ।

### समूह बनाएर खेल हेर्दै

समूह-समूहमा र्‍याली निकाल्न नपाए पनि युवाहरू बसेर प्रतियोगिता हेर्ने तयारीमा छन् । कृष्ण कार्कीले सन् १९९८ देखि विश्वकप फुटबल हेर्न थालेका हुन् । त्यो बेलादेखि नै उनी ब्राजिलका फ्यान हुन्, तर त्यो बेला अहिलेको जस्तो फ्यानहरूको ठूलो समूह थिएन ।

सन् २००६ को विश्वकपदेखि भने टिभीमा होइन, प्रोजेक्टरबाट ठूलो पर्दामा लाइभ हेर्ने नयाँ चलन सुरु भयो । चोक-चोकमा खेल हेर्न नदिने योजनामा प्रहरी पनि छैन, तर सम्भावित भीडन्त रोक्न भने आफुहरू लाग्ने डिएसपी आचार्यले बताए ।

### जर्सी, टिभी र होटलको व्यापार

बजार डुल्दा फुटबल खेल्ने देशका खेलाडीले लगाउने जर्सी नझुन्डिएको पसल फेला पार्न गाह्रो छ । भरतपुरस्थित डीएस स्पोर्टसका सञ्चालक सुभाष अधिकारीका अनुसार उनको पसलमा जर्सी किन्नेहरूको भीड छ ।

'अर्जेन्टिनाको जर्सी सबैभन्दा बढी बिक्री भएको छ । अर्जेन्टिनाको जर्सी १० वटा बिक्री हुँदा बाँकी अरू देशको जर्सी चार-पाँचवटा बिक्री हुन्छ,' अधिकारीले बताए । सामान्य ६ सय रुपैयाँदेखि बढीमा १ हजार २ सय रुपैयाँसम्मका जर्सी उनको पसलमा छन् ।

जर्सी मात्र नभएर यो बेला टिभीको व्यापारसमेत बढेको छ । विश्वकपका लागि टिभीमा छुट तथा स्किमहरू छन् । त्यसैले टिभी किन्नेहरूले यही मौका छोपिरहेका छन् । 'अरू बेला ४० इन्चभन्दा माथिका ठूला टिभी दिनमा सरदर एउटा बिक्री हुने गरेकोमा यो बेला कम्तीमा पनि दिनमा पाँचवटा टिभी बिक्री भैरहेको छ,' नारायणगढको शुभकामना इलेक्ट्रोनिक्सका सूर्य शर्मा अधिकारीले भने ।

खेल हेर्न चोक-चोकमा मात्र होइन होटलहरूमा पनि जम्मा हुने तयारी धेरैको छ । हो हल्ला हुन्छ भनेर धेरै होटल सञ्चालक सतर्क छन्, तर विश्वकपको माहौलले होटल सञ्चालकहरूलाई पनि मज्जाले छोएको छ । विश्वकप सुरु भएपछि होटलमा स्वभाविक रूपमा भीडभाड बढ्ने नारायणगढस्थित द ग्रिनपार्क होटलका सञ्चालक जोन कँडेल बताउँछन् ।

# बुटवलमा विश्वकपको ज्वरो



टोपराज शर्मा

रुसमा फुटबलको महाकुम्भ सुरु नहुँदै प्रदेश नम्बर ५ को अस्थायी राजधानी बुटवलमा त्यसको ज्वरो चढिसकेको थियो । बुटवलको न्यू होराइजन बोर्डिङ स्कुलका शिक्षक प्रकाश खनालले जेठ २७ गते आफ्नो फेसबुक वालमा एउटा खेल तालिका पोस्ट गरेका थिए । जसमा विश्वकपमा कुन देश कोसँग खेल्दैछन् भन्ने देखाइएको छ । एउटा समूहबाट अर्जेन्टिना र जर्मनी तथा अर्को समूहबाट ब्राजिल र उरुग्वेलाई सेमिफाइनलमा पुर्‍याएका खनालले फाइनलमा ब्राजिल र अर्जेन्टिना भिडेपछि अन्ततः अर्जेन्टिना विजेता भएको उनको हस्तलिखित टाइसिटमा देख्न सकिन्छ । उनले हस्तलिखित यसरी टाइसिट फेसबुकमा पोस्ट गर्दै अर्जेन्टिनाले जितेको देखाउनुको अर्थ हो उनी अर्जेन्टिनाका डाइहर्ट फ्यान हुन् । बुटवलकै मोडल ज्योसनमान गौचनले यसपटकको विश्वकप ब्राजिलले जित्ने दावीसहित ब्राजिलको जर्सीमा सजिएर आफ्नो प्रोफाइल तस्वीर चेन्ज गरेका छन् । प्रकाश र ज्योसनमान जस्तै थुप्रै फुटबल प्रेमीहरू यतिबेला सामाजिक सञ्जालमा आ-आफूलाई मन परेको टिमको पक्षपोषण गरिरहेका छन् । फुटबलका प्रशंसकहरू आफूले मन पराएको देशका जर्सीमा ठाँटिन थालेका छन् । बजारमा जताततै विश्वकप फुटबलकै चर्चा छ । राम्रा रेस्टुराँहरू टेलिभिजन तथा प्रोजेक्टरमार्फत विश्वकपका खेलहरू देखाएर ग्राहक तानिरहेका छन् । केही फुटबलप्रेमी सामाजिक संस्था/क्लबहरू सार्वजनिक स्थल/चोकमा प्रोजेक्टरमार्फत विश्वकपका सेमिफाइनल र फाइनलका खेल देखाउने तयारीमा छन् । स्पोर्ट्स सपहरूमा जर्सीको ब्यापार पनि उत्कर्षमा पुगेको छ । विशेष गरी विश्वकप विजेता देशहरूका जर्सीको ब्यापार राम्रो हुने व्यवसायी दिलिप गौचनले बताए ।

'अर्जेन्टिना, ब्राजिल, स्पेन, जर्मनी, पोर्चुगल तथा फ्रान्सको जर्सी बढी बिक्री हुन्छ' गौचनले बताए । विश्वकपलाई लक्षित गरेर यहाँका रेस्टुराँहरूले विशेष अफर सार्वजनिक गर्न थालेका छन् । 'फुटबलप्रेमी ग्राहकलाई अघिल्लो विश्वकपमा जस्तै यसपटक पनि पनि विशेष छुटको अफर गरेका छौं, अग्रिम बुकिङ गर्नेलाई २० प्रतिशतसम्म छुट दिने गरेका छौं' -बुटवलको कालिकापथस्थित लाइम एन्ड लेमन रेस्टुराँका सञ्चालक सागर पौडेल भन्छन्- 'विश्वकप फुटबलप्रेमीहरूका लागि सबैभन्दा ठूलो उत्सव हो, यस्तोमा हामीले पनि साथ दिनुपर्छ ।' विश्वकपमा कसले जित्छ भनेर आपसमा बाजी राख्ने चलन अन्यत्र जस्तै बुटवलमा पनि छ तर यसलाई धेरैले सार्वजनिक गर्न चाहँदैनन् । 'मिल्ने साथी भाइसँगै बसेर विश्वकप हेर्ने अनि बाजी राख्ने कुरा नौलो होइन'-फुटबलप्रेमी पत्रकार भवानीप्रसाद पाण्डे भन्छन्- 'खेल हेर्नका लागि मात्र होइन थप रमाउन र अतिरिक्त मनोरञ्जनका लागि पनि बाजी थापिन्छ ।'

# जर्सी नै विद्यालयको पोसाक



अनिल श्रेष्ठ

सामान्यतः निजी विद्यालयको पोसाक एकै प्रकारको र एउटै हुन्छ । तर, खेल जगत्को महाकुम्भ विश्वकप फुटबलको रौनक चढ्ने क्रममा इटहरीको पशुपति इङ्लिस बोर्डिङ स्कुलका विद्यार्थी भने आफूलाई मन पर्ने देश र खेलाडीको जर्सी लगाएर विद्यालय पुग्न थालेका छन् । विद्यालयले प्रत्येक शुक्रबार आफूलाई मन पर्ने देशको जर्सी लगाएर आउने छुट दिएपछि विद्यार्थीहरू विभिन्न देशका जर्सी लगाएर विद्यालय पुग्न थालेका हुन् । विश्वकप खेलअवधिभरका लागि उक्त छुट दिइएको स्कुलका प्रिन्सिपल सुमित थापाले बताए ।

विश्वकपमा सहभागी हुने राष्ट्र र झण्डाको पहिचान गराउने तथा विश्वकपसम्बन्धी विभिन्न जानकारी दिने उद्देश्यले यस्तो व्यवस्था मिलाइएको विद्यालयले जनाएको छ । विश्वकपमा विभिन्न राष्ट्रले पाएको उपाधि तथा विश्वस्तरीय खेलाडीसम्बन्धी जानकारी विद्यार्थीहरूलाई प्रदान गरिने थापाले बताए । उनले अबको १ महिना विद्यालय फुटबलमैत्री हुने बताए । थापा भन्छन्, 'विद्यार्थीलाई जुन देशको जर्सी मन पर्छ त्यही लगाउन पाउँछन् ।'

त्यतिमात्र होइन, स्कुल हातामै विश्वकपमा सहभागी हुने राष्ट्र र उनीहरूको झन्डाका साथै जर्सी अंकित ब्यानर राखिएको छ । विद्यार्थीहरूलाई विश्वकप फुटबलको इतिहासदेखि यस पटकको खेलका सम्बन्धमा जानकारी दिने उद्देश्यले उक्त ब्यानर राखिएको हो । विद्यार्थीहरूले पनि साप्ताहिक रूपमा तयार पार्ने भित्तेपत्रिकामा विश्वकपसम्बन्धी विषयवस्तुहरू समेटेका छन् । विद्यालयले फुटबललाई केन्द्रित गरेर फुलबलसम्बन्धी शिक्षालाई प्राथमिकता दिन थालेपछि विद्यार्थीहरू उत्साहितसमेत छन् । विद्यालयहरूले फुटबलका साथै अन्य खेललाई यसरी नै प्राथमिकतामा राखेर खेलमैत्री शिक्षा प्रदान गरिने हो भने भविष्यमा सबै खेलमा दक्ष खेलाडी उत्पादन हुने विद्यार्थीहरू बताउँछन् ।

### रौनक गाउँदेखि सहरसम्म

मोरङ, सुनसरी र झापाका सहरदेखि गाउँसम्म विश्वकपको रौनक छ । मोरङको उर्लाबारी, पथरी, लक्ष्मीमार्ग, विराटचौक, विराटनगर, सुनसरीको इटहरी, धरान, झापाको दमक, बिर्तामोड आदि क्षेत्रहरूमा विश्वकप हेर्न स्थानीय युवाहरूले प्रोजेक्टरमार्फत ठूलो पर्दामा विश्वकप हेर्ने व्यवस्था मिलाएका छन् । जेठ ३१ देखि असार ३१ सम्म रूसका विभिन्न ११ वटा सहरमा सञ्चालन हुने विश्वकप विराटनगरका एक दर्जन होटलले लाइभ हेर्न सक्ने व्यवस्था मिलाएका छन्, जहाँ खाँदै-पिउँदै विश्वकपको मज्जा लिन सकिन्छ । बजार, चियापसल, सामाजिक सञ्जाल जताजतै अहिले विश्वकपको चर्चा छ ।

# मिनी ब्राजिलमा अर्जेन्टिनाको क्रेज



नवराज विष्ट

धरान नेपाली फुटबलको महत्वपूर्ण केन्द्र हो। धरानका प्रत्येक वडामा २ भन्दा बढी संस्थागत फुटबल क्लब छन्, जसले नियमित रुपमा फुटबलका प्रतियोगिता गर्छन्। त्यसबाहेक पत्रकार, कलाकार, बैंकर्स, डाक्टर्स, सहकारीकर्मी, जेसिज, व्यापारिक प्रतिष्ठान, यातायात व्यवसायीका आ-आफ्नै क्लब छन्। यी क्लबहरूबीच प्रतियोगिताहरू पनि भैरहन्छन्। फुटबलमा यति क्रेज भएपछि विश्वकपको रन्कोले यो सहरलाई नछुने कुरै भएन।

ब्राजिलका अधिक फ्यान र ब्राजिलकै जस्तै फुटबल संस्कृति भएका कारण पनि धरानलाई मिनी ब्राजिलका रूपमा व्याख्या गरिन्छ। यद्यपि प्रत्येक विश्वकपसँगै धरानेहरूको रुचि पनि परिवर्तन भैरहन्छ। यसपटक पनि विश्वकपमा सहभागी सबै देशका समर्थक धरानमा फेला पर्छन्। तथापि ब्राजिल, अर्जेन्टिना, जर्मनी, फ्रान्स, स्पेन, इंग्ल्यान्ड तथा पोर्चुगलका फ्यान बढी छन्।

अघिपछि मोटर साइकलका लस्कर, प्रत्येक मोटर साइकलमा अर्जेन्टिनाको झन्डा, शरीरमा अर्जेन्टिनी जर्सी र सपोर्टर अर्जेन्टिनाको। यो माहोल हो अर्जेन्टिना समर्थकको। 'हामीलाई एकअर्काको समय मिलाउन गाह्रो छ। तपाईंहरूको यो महत्वपूर्ण समयका लागि धन्यवाद। हामी सधैं अर्जेन्टिनासँगै छौ। चाहे उसको जित होस् वा हार-तनाव विश्वकपको।' हूल बाँधेर भेडेटार उक्लिरहेका धिरेन लिम्बू र साथीहरूले सामाजिक संजालमा पोखेको अभिव्यक्ति यस्तै छ। यो समूहमा धराने फुटवलर धिरेनसंगै लोकेश, लोकमान, राजन, अरुन, सागर तथा भरत छन्।

अघिल्ला विश्वकपमा स्काइ क्लब निर्माण गरेर ब्राजिललाई समर्थन गरेका युवा व्यवसायी सुमन श्रेष्ठ यसपटक पनि ब्राजिलका समर्थक हुन्। उनले अघिल्लो विश्वकपमा आफ्नै लगानीमा ब्राजिलका समर्थकहरूलाई जर्सी उपहार दिएर स्काइ क्लब निर्माण गरेका थिए। उनको समूहमा बिकी, मनु, दिनेश, निरज आदि युवा छन्। यता नियमित रूपमा फुटसल खेलिरहेका मानबहादुर मगर व्यक्तिगत रूपमा जापानलाई समर्थन गर्छन्। उनले जापानको जर्सीसमेत किनेका छन्। धरानको मिडिया स्पोर्टिङ क्लबका खेलाडीबीच पनि विश्वकपमा कसलाई समर्थन गर्ने भन्ने विषयमा एकता छैन। क्लबका सचिव विकास चाम्लिङ राई ब्राजिलका समर्थक हुन् भने धरान फुटबल क्लबका अध्यक्ष समेत रहेका अखिल नेपाल फुटबल संघ (एन्फा) का मानार्थ उपाध्यक्ष किशोर राई अर्जेन्टिनाका समर्थक हुन्।

## विश्वकपको स्वागतमा प्रतियोगिता

धरानका विभिन्न स्थानमा विश्वकपको स्वागत तथा स्थानीय खेलाडीहरूबीच मेलमिलाप बढाउने उद्देश्यले मैत्रीपूर्ण खेलको आयोजना गरिन्छ। हालै धरानस्थित बूढासुब्बा फुटसल क्लबले विश्वकप-२०१८ लाई स्वागत गर्दै मैत्रीपूर्ण भालेकपको आयोजना गऱ्यो।

नेपालभरि नै अर्जेन्टिनाका फ्यान बढी भएको बताउने गोधूलि क्लब धरानका अध्यक्ष सतिश केसी धरानमा अर्जेन्टिनाको क्रेज बढी भएको दाबी गर्छन्।

नियमित फुटबल खेल्दै आएका बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका आवासीय चिकित्सकहरू पनि विश्वकपको तापबाट टाढा छैनन्। यो विश्वकपले चिकित्सकहरूबीच पनि भेटघाटको बहाना जुटाइदिएको डा.जीवन धमला बताउँछन्।

'ड्युटीका कारण डाक्टरहरूबीच नै भेटघाट हुन गाह्रो थियो, अहिले ठ्याक्कै योजना बनाई नसके पनि यो अवसरलाई सदुपयोग गर्छौं', डा. धमला भन्छन्, 'सम्भव भएसम्म साथीहरूसँग बसेर गेम हेर्ने योजना छ।'

## चोकचोकमा प्रोजेक्टर

धरानका विभिन्न स्थानमा विश्वकप-२०१८ को प्रत्यक्ष प्रसारण देखाउन क्लबहरूले प्रोजेक्टरको व्यवस्था गरेका छन्। धरानका बुद्ध चोक, शिवमार्ग, बूढासुब्बा चोक, विजयपुर चोक, अन्नपूर्ण चोक, जिरोप्वाइन्ट, वरगाछी, जानकी चोक आदिमा प्रोजेक्टरका माध्यमद्वारा ठूलो पर्दामा फुटबल देखाइँदैछ। क्लबले मात्र होइन धरानका केही ठूला होटलले समेत यसलाई व्यवसायको माध्यम बनाउँदै छन्। होटल इजी राइडर्सले होटलमै ठूलो पर्दाको व्यवस्था गरेको छ। होटलमा आगन्तुकले निशुल्क फुटबल हेर्न सक्ने होटलका प्रबन्ध निर्देशक लोक खापुङले बताए। धरानकै होटल भिन्टेज, टेन्ज बार, होटल सेवारो तथा धरानको पर्यटकीय केन्द्र बगरकोटका अधिकांश होटलले विश्वकप फुटबल देखाउन ठूलो पर्दाको व्यवस्था मिलाएका छन्।



संगीत

# अमेरिकाबाटै नेपाली र्‍याप

शिव शर्मा

*डालस टेक्ससको बाउ हुँ म*
*तेरो ग्याँस स्टोरको साहू हुँ म ।*

टेक्ससको ड्यालसमा धेरै ग्याँस स्टोर छन् र तिनका कतिपय मालिक पनि नेपाली नै छन् । हो, यही परिवेशलाई आधार बनाएर गाइएको एउटा हिपहप गीतले बजार तातिरहेको छ । गीतका र्‍यापर हुन्– स्वामी डी, पीएसपीएन तथा अमेरिकी र्‍यापर बारबी । त्यसो त स्वामी डी स्वयं पनि ग्याँस स्टोरका साहू हुन् । त्यही भएर पनि गीतमा उनले यथार्थता प्रस्तुत गरेका छन् । छोटो अवधिमै उनी र पीएसपीएनले र्‍यापरका रूपमा पहिचान बनाएका छन् ।



'हुज योर ड्याडी' अर्थात् तिम्रो बुबाको ? हिपहप गीतमा उनले आफ्नो वास्तविकता उजागर गरेका हुन् । त्यसो त स्वामी डीले आफू कलाकार नभएको र्‍यापमै भनेका छन् । गीतमा अंग्रेजी, स्पेनिस तथा हिन्दी शब्दहरू समेत प्रयोग गरिएको छ । गीत हिट बनाउन निर्देशक तथा एडिटर विकास बराइलीले त्यसलाई निकै मसालेदार बनाएका छन् ।

१० लाखभन्दा बढीको लगानीमा डेढ महिना लगाएर टेक्ससको डालसका विभिन्न भागमा छायांकन गरिएको उक्त गीतमा नेपाली तथा अमेरिकी मोडलहरूले अभिनय गरेका छन् । गीतमा उच्च प्रविधि प्रयोग भएको छ भने त्यसमा अभिनय गर्ने अमेरिकन मोडलहरू व्यवसायिक हुन् । नेपाली मोडल संगीता, अनु र सीमा भने पहिलो पटक गीतमा मोडलका रूपमा देखा परेका हुन् । अमेरिकी मोडलहरूको हट पोजले भिडियोलाई तताएको छ । उनीहरूको पहिरन र पोजलाई लिएर केही टीका-टिप्पणी पनि भए । त्यसो त स्वामी डी र पीएसपीएनलाई यो गीतभन्दा अघि 'बाल हो' हिपहपले नै र्‍यापरको परिचय दिएको हो । युट्युबमा उक्त गीतले ५० लाखभन्दा बढी भ्युअर पाएको थियो । उक्त गीतले डालसमा बसोबास गर्दै आएका स्वामी डी अर्थात् टम गुरुङ, पीएसपीएन उर्फ प्रतापसागर पुष्पलाल नेपाल तथा धराने विकास अर्थात् विकास बराइलीलाई रातारात हिट बनायो । गीतमा टेक्सस डालसमा साउ बढी भो, कुइरेनी भन्दा नेपालीको भाउ बढी भो भन्दै गाँठिस जिन्दगीको बयान गरिएको छ । डिस्को थेकदेखि जता पनि डिमान्ड, मोडलहरूको तानतान र उच्च लाइफ स्टाइललाई दुई र्‍यापरले जस्ताको तस्तै उतारेका छन् । अहिले उनीहरू टेक्ससको ड्यालसमा मात्र होइन, हिपहपका तमाम नेपाली पारखीहरूबीच सेलिब्रेटी भैसकेका छन् । बिकनीमा सजिएका र्‍याप गीतका मोडलहरूलाई लिएर उनीहरूले सकारात्मक र नकारात्मक दुवै खालका प्रतिक्रिया खेपे ।'भिडियोलाई छाडा भनेर कतिले नराम्रो प्रतिक्रिया पनि दिए,' गीतका निर्देशक बराइलीले भने, 'समयको मागलाई भिडियोमा उतारिएकाले त्यस्ता प्रतिक्रियाले हामीलाई खासै फरक परेन ।' 'एकै खाले गीत मार्केटमा आएकाले भिडियोलाई केही फरकपन दिन 'कन्टोभर्सियल' बनाएका हौं,' उनले भने । पहिलो गीत 'बाल हो' हिट भएपछि स्वामी डिले त्यसमा नकारात्मक प्रतिक्रिया जनाउनेहरूलाई 'तिम्रो बाबाको' शीर्षकको दोस्रो गीतमा उत्तर दिँदै भनेका छन्- 'सनी लियोनको गीतमा कम्मर मर्काएर नाच्नेहरूलाई हाम्रो गीत छाडा भयो रे ।' उनले छाडा भन्नेहरूलाई आफूले बाल नदिने समेत बताएका छन् । स्वामी र पीएसपीएनले ठूलै र्‍यापर हुन गीत गाएका थिएनन् । सौख र रहरले र्‍याप हानेको गीतले नसोचेको लोकप्रियता दिलाएपछि भने उनीहरू उत्साही छन् । गीतसँगै अमेरिकामा उनीहरूको माग पनि बढेको छ ।

पूर्वको सहर धरान र इटहरीका विकास एवं पीएसपीएन तथा पोखराका स्वामी डीको हिपहपको टिमवर्कले गति लिएको छ । कुनै समय विद्यार्थी भिसामा अध्ययन गर्न अमेरिका आएका उनीहरूले अहिले अध्ययन सकेर आ-आफ्नो पेसा-व्यवसायमा रमाएका छन् । नसोचेको सफलता र प्रशंसा पाइयो, स्वामी डिले भने- 'अब दर्शकको चाहनालाई मर्न नदिन पनि आफ्नो सांगीतिक यात्रालाई निरन्तरता दिँदै जानेछौं ।' पोखराबाट झन्डै १५ वर्षअघि विद्यार्थीका रूपमा अमेरिका छिरेका स्वामी डीले विभिन्न कठिन मोड छिचोल्दै अहिले टेक्ससमा आफूलाई व्यवसायीका रूपमा स्थापित गराएका छन् ।

स्वामी डीलाई र्‍यापमा साथ दिन आए– पीएसपीएन । ६ वर्ष अघि अध्ययनका लागि अमेरिका आएका पीएसपीएन नेपालमा छँदा हिपहप गीतहरू लेख्थे, तर रेकर्डचाहिँ २०११ मा अमेरिका आएपछि मात्र गरिएका हुन् । स्वामी डीसँग भेट भएपछि उनीहरूको जोडी जम्यो । ग्याँस स्टोरमा काम गर्दागर्दै मालिक बनेका पीएसपीएन अहिले व्यवसायबाट विश्राम लिएर फेरि अध्ययन तथा हिपहप संगीतमा लागेको बताउँछन् । उनका एक दर्जन हिपहप गीत रेकर्ड भए पनि चार वटा मात्र सार्वजनिक भएका छन् । 'र्‍याप भनेको दुःख मात्र हुँदैन, त्यसमा रोमान्स तथा हामीले अनुभव गरेका भावना पनि हुन्छन्,' उनले भने, 'गीतअनुसार भिडियो बनेकाले युट्युबमा लोकप्रिय बन्न पुग्यो ।' गीतको भिडियो निर्देशन तथा सम्पादनको जिम्मेवारी बहन गरेका विकासको उनीहरूको चर्चाका पछाडि ठूलो मेहनत छ । उनले एक दर्जनभन्दा बढी भिडियो निर्देशन तथा निर्माण गरिसकेका छन् । अहिले उनी सबै काम छाडेर यसैमा लागेका छन् । झन्डै एक दशकअघि अध्ययनका लागि अमेरिका आएका विकास पेसाले आर्किटेक्चर हुन् । एकपछि अर्को गीतले लोकप्रियता बटुल्दै गएपछि तेस्रो हिपहप 'नेपहपको रनवे' सार्वजनिक गर्ने तयारीमा लागेका छन् उनीहरू । युट्युबमा राखिएको उक्त गीतको टेलर नै यतिबेला दर्शकको रोजाइमा परिसकेको छ ।

म्युजिक अपडेट

## चितवनमा कन्सर्ट

अघिल्लो पुस्ताका लोकप्रिय गायकहरूले चितवनमा आयोजित सांगीतिक कार्यक्रममा आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरेका छन् । नारायणगढको होटल सेन्ट् पाममा आयोजित कन्सर्टमा गायक सञ्जय श्रेष्ठ, हरिश माथेमा, बबिन प्रधान, भीम तुलाधर, जेम्स प्रधान, पुष्पन प्रधान, कवीन्द्र श्रेष्ठ, उदेश श्रेष्ठसहितका गायकहरूले गीत-संगीतमार्फत दर्शकको मन जिते । नारायणगढ रोटरी क्लबद्वारा आयोजित 'ओल्ड इज गोल्ड म्युजिकल इभिनिङ' मा उनीहरूलाई नयाँ पुस्ताका गायक-गायिकाहरूले समेत साथ दिएका थिए । चेपाङहरूको शिक्षामा सहयोग गर्ने उद्देश्यले क्लबले यो सांगीतिक कार्यक्रम आयोजित गरेको हो ।

## असारमै तीज गीत

गायक खुमन अधिकारी तथा गायिका देवी घर्ती मगरले सम्भवतः यो वर्षकै पहिलो तीज गीत 'एउटा जरुरी कुरा छ' सार्वजनिक गरेका छन् । महेन्द्र भण्डारीको शब्द तथा संगीतको उक्त म्युजिक भिडियोलाई सुमन थापा मगरले निर्देशन गरेका छन्, जसमा निर्मल क्षेत्री तथा अञ्जली अधिकारीको अभिनय हेर्न पाइन्छ ।

## लक्ष्मणश्रीको नयाँ

गायक लक्ष्मणश्रीको स्वरको 'मनको घाउ...' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । मिलन बस्नेतको शब्द तथा बीबी अनुरागीको संगीतको उक्त भिडियोमा गायक लक्ष्मणश्री तथा अभिनेत्री बेनिशा हमालले अभिनय गरेका छन् ।



## भद्रकलाको सहयोग

हङकङमा रहेर सांगीतिक कर्म तथा समाजसेवामा सक्रिय गीतकार भद्रकला आङबुहाङ राईले विभिन्न रोगबाट पीडितहरूलाई आर्थिक सहयोग उपलब्ध गराएकी छिन् । गीतकार राईले बिमला लिम्बू (२ लाख १० हजार), पूर्ण गुरुङ (२ लाख), चञ्चला तामाङ (२० हजार), स्व.मंगलीमाया तामाङ (१० हजार), रुपेश श्रेष्ठ (१० हजार) तथा अन्य बिरामीहरूलाई ३ हजार रुपैयाँ प्रदान गरेकी छिन् । गीतकार राईले विभिन्न कार्यक्रम आयोजना गरेर संकलन गरेको उक्त रकम एक समारोहबीच हस्तान्तरण गरिएको थियो ।

## शिवको मंगली

गायक शिव परियारको स्वरको नयाँ गीत 'मंगली' को म्युजिक भिडियो कम समयमै लोकप्रिय भएको छ । युट्युबमा अपलोड गरिएको पहिलो २४ घण्टामै ३ लाखभन्दा बढी पटक हेरिएको उक्त गीतमा प्रल्हाद शाहको शब्द तथा शंकर थापाको संगीत सुन्न सकिन्छ ।

## म्युजिक भिडियो एवार्ड

मलेसियामा आयोजित नेपाली म्युजिक भिडियो एवार्डमा विभिन्न ३० विधामा एवार्ड प्रदान गरिएको छ । समारोहमा उत्कृष्ट आधुनिक, पप, लोकदोहोरी तथा राष्ट्रिय गीतका सर्जकहरू पुरस्कृत भएका थिए । समारोहमा आधुनिक विधातर्फ सर्वोत्कृष्ट गायिकाको एवार्ड गायिका जुना प्रसाईंले तथा गायकको एवार्ड नारायण धितालले जिते । समारोहमा पत्रकारद्वय शान्तिप्रिय तथा डब्बु क्षेत्रीलाई पत्रकारिता सम्मानद्वारा सम्मानित गरियो ।

## द एक्स ब्यान्डसँग

द एक्स रक ब्यान्डले पोखरामा शनिबार रक गीत मन पराउनेहरूलाई विभिन्न चर्चित रक नम्बर सुनायो । लेकसाइडको रोलिङ स्टोन्स रक बारमा देखिएको द एक्स ब्यान्डले उक्त अवसरमा आफ्नो नयाँ तथा पुराना गरी करिब एक दर्जनभन्दा बढी गीत सुनाएको थियो ।

## अरुण थापाको सम्झना

गायक स्व. अरुण थापाको सम्झनामा हङकङमा अरुण स्मृति साँझ-५ सम्पन्न भएको छ । युइलोङ थिएटरमा सञ्चालित स्मृति साँझमा लोकपप गायिका तारा श्रीषमगर, लोकगायक नवीन रानामगर, गंगापुनमगर, डान्सर शेखर घर्तीमगर, रविता मगर, हास्यकलाकार उमेश राई (फुलेन्देको आमा), मौसम इम्बुङ लिम्बु (फुलेन्देको बुवा), संयुक्ता डान्स स्टुडियो आदिले प्रस्तुति दिएका थिए ।

## संगीत लुम्बिनी राइजिङ स्टार

बुटवलका संगीत पौडेलले लुम्बिनी राइजिङ स्टारको उपाधि हात पारेका छन् । पाँच महिनादेखि सञ्चालित लुम्बिनी राइजिङ स्टार-टुमा ७१ जना प्रतिस्पर्धीलाई पछाडि पार्दै उनी विजेता भएका हुन् ।

# मन्त्री हुँदा पनि अप्रेसन गर्नुहुन्थ्यो



प्रा.डा. दामोदर पोखेल

**(स्व. प्रा.डा. उपेन्द्र देवकोटाका सहकर्मी)**




डा. उपेन्द्र देवकोटा र मेरो २०३८ सालमा वीर अस्पतालमा भेट भएको हो । त्यहाँ हामी दुवै मेडिकल अफिसरका रूपमा प्रवेश गरेका थियौं । हामी दुवै अब्बल विद्यार्थी हुँदै चिकित्सक भएको हुँदा हामीबीच काममा प्रतिस्पर्धा पनि चल्थ्यो । कसले राम्रो काम गर्ने भन्ने एक किसिमको होडवाजी नै थियो । त्यही होडबाझीले गर्दा हाम्रो ड्युटी पनि फरक-फरक समय तोकिएको थियो । एउटा सिफ्ट उहाँले हेर्नुहुन्थ्यो अर्को सिफ्ट मैले हेर्थें । अझ रमाइलो कुरा त के भने मेडिकल अफिसर हुँदाकै बखत हामी दुई जनालाई सिनियरहरूले सर्जरी गर्न दिनुहुन्थ्यो । हामी अब्बल भएकैले होला हामीले सबै किसिमका सर्जरी गरेका थियौं, एक किसिमले भ्याइनभ्याइ हुन्थ्यो । अहिले त मेडिकल अफिसरले सर्जरी गर्ने कुरा हुँदैन तर त्यतिबेला नगरी सुखै थिएन । एउटा सिफ्ट म धान्थे अर्को सिफ्ट डा. देवकोटाले धान्नुहुन्थ्यो । एक्सपोजर पनि प्रसस्तै थियो । कन्सल्टेन्टले विश्वास गरेर दिएपछि हाम्रो अनुभव पनि बढ्दै गयो । त्यो अनुभवले कति काम गर्‍यो भने विशेषज्ञ(एमडी) पढ्न अल इन्डिया इन्स्टिच्युट (एम्स)मा भर्ना भएको भोलिपल्टै मैले गलब्लाडरको अप्रेसन गरें । अरू विद्यार्थीहरू धेरै पछि सम्म पनि हर्नियाको अप्रेसन गर्नसम्म डराउँथे ।

वीरमा काम गरेको केही वर्षपछि हामी दुवैजनाले एडी पढ्न विदेश जाने अवसर प्राप्त गर्‍यौं । म भारतको एम्स पुगे भने उहाँ बेलायत जानुभयो । म एम्सको पढाइ सकेर पुनः अस्ट्रेलिया गए । उहाँ बेलायतमै हुनहुन्थ्यो । उहाँले मभन्दा केही समयअघि बेलायतबाट आएर पुनः वीर अस्पतालमा सेवा गर्न थाल्नुभयो । म सन् १९९६ मा फर्किए । नेपाल आएर मैले कार्डियो सर्जनका रूपमा काम प्रारम्भ गरें र नेपालमा ओपन हर्ट सर्जरी सुरु गरें । उहाँले न्युरो विभाग सम्हाल्नुभयो । हुन त वीर अस्पतालमा डा. डिएन गंगोलले न्युरो युनिट सुरु गर्नुभएको थियो । डा. देवकोटा आएपछि भने त्यहाँ आधुनिक शल्यक्रिया सुरु भयो । लन्डनमा आफूले पाएको एक्सपोजलाई उहाँले नेपालमा प्रयोग गरी अन्तर्राष्ट्रिय स्तरको सेवा प्रदान गर्न थाल्नुभयो । डा. देवकोटाको सबैभन्दा राम्रो पक्ष भनेको समय व्यवस्थापन र बिरामीको हेरचाह नै हो । सधैं पंचुवल हुने र प्यासेन्ट केयरमा उहाँसँग प्रश्न गर्ने ठाउँ नै रहँदैनथ्यो ।

समकालीन ब्याजका हामी दुवै पायोनियर हौं । त्यही पायोनियर भएकै कारण एक अर्कामा काम कसले धेरै गर्ने र कसले राम्रो गर्ने भन्ने प्रतिस्पर्धा चल्थ्यो । अस्पतालमा धेरै केस समकक्षीहरूलाई राखेर सिनियर समक्ष प्रिजेन्ट गर्नुपथ्र्यो । त्यसरी केस प्रिजेन्ट गर्दा घन्टौं लामो वहस समेत हुन्थ्यो । हामी पहिलैदेखि सँगै काम गरेका र दुवैको फाउन्डेसन दह्रो थियो । विषयमा दखल भएका कारण दुवैका तथ्यहरू दह्रो आउँथ्यो । मेडिकल अफिसर हुँदा सबै किसिमको अप्रेसन गरेको हुँदा हामी एक अर्काको विषयमा राम्रो दखल राखेर छलफल गर्थ्यौं । कुनै कुरा चित्त नबुझे सिधै भन्थ्यौं । त्यसरी छलफल हुँदा कहिलेकाहीँ यस्तो अवस्थासम्म पुग्थ्यो कि त्यही विषयलाई लिएर बोलचाल नै बन्द हुन्थ्यो । त्यतिबेला डा. डिएन गंगोल तथा डा. लोकविक्रम थापाले मध्यस्तता गरिदिनुहुन्थ्यो । त्यस्तो धेरैपटक भएको थियो । डा. थापा र डा. गंगोलले कतिपटक डिपाटमेन्टमै बोलाएर हामीलाई बोल्न लगाउनुहुन्थ्यो । कहिले एक दिन बोल्दैनथ्यौं भने कहिलेकाहीँ दुई तीन दिन पनि नबोली हिँड्थ्यौं । एकै ठाउँमा काम गर्ने र एक अर्काको काममा सहयोग आवश्यक पर्ने हुँदा नबोली पनि हुँदैनथ्यो तर हामी व्यक्तिगत रूपमा एक अर्काप्रति इगो राखेर कहिल्यै रिसाएनौं ।

हामी दुईले वीर अस्पतालमा करिब २० वर्षभन्दा बढी काम गर्‍यौं तर अचम्मको कुरा के छ भने हामी दुई जनाले एउटै केस चाहिँ कहिल्यै हेन्डिल गरेनौं । मेडिकल अफिसर हुँदा हामी फरक-फरक सिफ्टमा थियौं । मेरो ड्युटीपछि उहाँको पालो आउँथ्यो । उहाँको सकिएपछि मेरो पालो आउँथ्यो । विदेश पढेर आएर पनि हामीले पुनः वीर अस्पतालमै काम गर्‍यौं । मेरो विशेषज्ञता मुटु सर्जरीमा भयो भने उहाँको न्युरो सर्जरीमा । त्यसपछि त हामी आ-आफ्नो क्षेत्र हेर्थ्यौं । त्यति हुँदा पनि केस प्रिजेन्टमा छलफल र बहस भने भईनै रहन्थ्यो । वीरमा सँगै हुँदा हामीले न्याम्सको कन्सेप्ट अघि बढाएका हौं । त्यसमा तत्कालीन स्वास्थ्यमन्त्री शरदसिंह भण्डारीले राम्रो मेहनत गर्नुभयो । उहाँलाई म, डा. देवकोटा, डा. गंगोल तथा डा. थापा आदिले सहयोग गर्‍यौं ।

राजाको शासन काल सन् २००२ मा उहाँ मन्त्री स्वास्थ्यमन्त्री हुनुभयो । मन्त्री हुनु अघि उहाँले वीर अस्पतालबाट राजीनामा दिनुभयो । त्यतिबेला म वीर अस्पतालको निर्देशक थिएँ । मन्त्री हुँदा पनि उहाँ फुर्सदको समयमा बिरामी जाँच गर्न अस्पताल आउनु हुन्थ्यो । राति-राति आएर अप्रेसन गर्नुहुन्थ्यो । वीरमा म निर्देशक उहाँ मन्त्री हुँदा पनि संस्थाको विषयलाई लिएर हामीबीच छलफल भैरहन्थ्यो भने कतिपटक झगडा नै परेको थियो । त्यो चाहिँ एउटा साथीका रूपमा परेको झगडा हो । एक दिन झगडा परे भोलिपल्ट पुनः कुरा भैहाल्थ्यो त्यतिबेला चाहिँ कसैले पनि मध्यस्तता गर्नुपर्दैनथ्यो । सबैभन्दा खुसीको कुरा हामीले सँगै बसेर प्लान गरेको वीर अस्पताललाई प्रतिष्ठान बनाउने योजना उहाँ मन्त्री हुँदा नै सुरु भयो ।

मन्त्रीबाट हटेपछि उहाँले पुनः वीर अस्पतालमै आएर प्राक्टिस गर्ने चाहना राख्नुभयो । मन्त्री भैसकेको मानिसलाई काम गर्न अफठ्यारो होला कि भन्ने पनि लागेको थियो तर त्यत्रो वर्ष सँगै काम गरेको साथी भएको हुँदा सहज भयो । हामीले उहाँलाई कन्ट्याकमा राख्यौं जहाँ उहाँले करिब ४ वर्ष काम गर्नुभयो । पुनः वीर अस्पतालमा आएर पनि उहाँको लगाव पहिलेकै जत्तिको थियो । दिन-रात खट्नसक्नु उहाँको खास क्षमता हो । उहाँ जतिको एक्सपोजर भएको चिकित्सक नेपालले विरलै पाउँछ । करिब ४ वर्ष कन्ट्याकमा काम गरेपछि २००६ मा उहाँले आफ्नै अस्पताल स्थापना गरेर वीर अस्पतालमा छोड्नुभयो ।


*(स्व. प्राडा देवकोटा तथा प्रा.डा. पोखेलले वीर अस्पतालमा २० वर्षभन्दा बढी सँगै काम गरेका हुन् )*



श्रीमती तथा छोरीहरूसँग



स्कुलका सहपाठी (ईस १९६९) : पहिलो तस्बिर डा. बाबुराम भट्टराई तथा चौथो तस्बिर डा. उपेन्द्र देवकोटा

बलिउड




# होला त विवाह !

चलचित्रमा प्रभाश र अनुष्का शेट्टीको जोडिलाई दर्शकले खुबै रुचाए । त्यसैले पनि पर्दामा उनीहरूको केमेस्ट्री गज्जब चल्यो । चलचित्रभन्दा बाहिर यो जोडीको सम्बन्ध गुपचुप रूपमा बलियो बन्दै गएको हल्ला समेत चल्न थालेको छ । उनीहरू आफूहरूबीच हुर्किरहेको सम्बन्धलाई थप बलियो बनाउने प्रयासमा छन् । बलिउडमा यो पनि हल्ला छ कि प्रभास र अनुष्का चाँडै विवाह गर्ने तयारीमा छन् । यद्यपि यो जोडीले यस विषयमा मुख खोलेका छैनन् । केही समय अघि प्रभाशले यो विषयमा बोल्ने हो भने आगो लाग्नेछ भन्दै कुरा पन्छ्याएका थिए । आखिर यो कुरा साँचो हो भने ढिलो चाँडो सबैले थाहा पाउने नै छन् ।



# उस्ता-उस्तै बलिउड स्टार


भनिन्छ, संसारमा एउटा रूप कम्तीमा पनि ६ जनासँग मिल्छ । बलिउडमा पनि केही यस्ता कलाकार छन् जसको रूप एक-अर्कासँग मेल खान्छ ।



अमिताभ बच्चन र सोनु सुध



रिना रोय र सोनाक्षी सिन्हा



सलमान खान र नजिम खान



कटरिना कैफ र जरिन खान



ऋतिक रोसन र हर्मन बावेजा



दिव्या भारती र श्रीदेवी



स्नेहा उल्लाल र ऐश्वर्य राय बच्चन



पेरिस हिल्टन र करिना कपुर



प्रीति जिन्टा र ड्र्यु ब्यारीमोर

# खुल्लम खुला प्रेम

बलिउड अभिनेत्री आलिया भट्ट र रणवीर कपुर गहिरो प्रेम सम्बन्धमा छन् । उनीहरू आजभोलि खुलेरै डेटमा रमाइरहेका छन् । केही समयअघि हात समातेर सोनम कपुरको विवाह पार्टीमा उपस्थित हुँदा धेरैको नजर यो जोडिमाथि सोझियो । केही हप्ताअघि मात्र एक कार्यक्रममा उपस्थित भएकी आलियालाई पत्रकारले प्रश्न सोध्दा उनी लाजले रातोपिरो भइन् र आफ्नो अनुहार दुवै हातले छोपिन् । रणवीरले आलियासँगको सम्बन्धका बारेमा अहिलेसम्म खासै केही बताएका छैनन् । अघिल्लो साता मात्र उनलाई आलिया र तपाईंबीचको सम्बन्ध के हो भनेर सोधियो । उनले यो प्रश्नको जवाफ दिन चाहेनन् । रणवीरले भने, बाहिर जेसुकै हल्ला होस्, तर म केही बोल्दिनँ । हामीले कुल बस्नुपर्छ, अन्यथा कुरा डढेलोजस्तो फैलन्छ ।

आलिया यसअघि सिद्धार्थ मल्होत्रासँग सम्बन्धमा थिइन् भने रणविर कैटरिना कैफसँगको सम्बन्धमा थिए ।

केवल एक प्रश्न

# विश्वकप फुटबल
# कसरी हेरिरहनुभएको छ ?





हिजोआज सुटिङमा व्यस्त छु। विश्वकप फुटबल हेर्ने ठूलो रहर थियो तर सबै ठाउँमा लाइभ हेर्ने सुविधा उपलब्ध नहुने भएकाले मोबाइलमा स्कोर हेरेर अपडेट हुन्छु।

**दीपाश्री निरौला**
**अभिनेत्री तथा निर्देशक**

म केही दिनअघिसम्म दुबईमा थिएँ। त्यहाँ समय नमिलेर राम्रोसँग खेल हेर्न पाइनँ तर अर्जेन्टिना र आइसल्यान्डको खेल भने फेसबुक लाइभमा हेरेँ। अहिले नेपालमै छु, त्यसैले परिवार तथा साथीहरूसँग बसेर हेरिरहेकी छु।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

यसपालिको विश्वकप फुटबल कहिले टेलिभिजनमा त कहिले मोबाइलबाट हेरिरहेकी छु।

**पल शाह, अभिनेता**

आफूले समर्थन गरेको टिम छ भने साथीहरूसँग बसेर रमाइलो गर्दै हेरिरहेकी छु।

**ऋचा शर्मा, अभिनेत्री**

धेरैजसो खेल घरमै बसेर हेरिरहेको छु। कुनै-कुनै खेल भने फेमिली ग्यादरिङमा बाहिर गएर पनि हेर्ने गरेको छु। मैले अर्जेन्टिना र आइसल्यान्डको खेल नक्सालमा हेरेँ।

**सरोजकुमार थापा**
**विद्यार्थी नेता, नेविसंघ**

साथीभाइ एवं परिवारका साथ हेरिरहेको छु।

**नीता ढुङ्गाना, अभिनेत्री**

साथीभाइ मिलेर हेरिरहेका छौँ।

**रमिला न्यौपाने, गायिका**

साथीभाइ जम्मा भएर हेरिरहेकी छु।

**दुर्गेश थापा, गायक तथा मोडल**

म फुटबलको त्यस्तो क्रेजी त होइन, तैपनि फुटबल एकदमै मन पर्छ। त्यसैले अनलाइनमार्फत लाइभ हेरिरहेको छु।

**अमर न्यौपाने, साहित्यकार**

विश्वकप फुटबल कहिले घरमै त कहिले साथीहरूसँग लाउन्जमा हेरिरहेको छु।

**शक्ति गौचन, क्रिकेटर**

समय मिलेका बेला साथीहरूको ग्यादरिङमा हेरिरहेको छु, तर धेरैजसो घरमै साथीहरूसँग हेर्छु।

**बिमल घर्तीमगर, फुटबलर**

आफूले समर्थन गरेको खेल आफ्नै घर-परिवारसँग बसेर हेरिरहेकी छु। कहिलेकाहीँ कसले जित्छ भनेर साथीहरूसँग लन्ज डिनरको बाजी पनि थापिरहेकी छु।

**प्रशना शाक्य, गायिका**

विश्वकप फुटबलले गर्दा विश्वभरका मानिसका लागि महान् चाड आएजस्तै भएको छ। यस्तै स्थिति मेरो परिवारमा पनि छ। त्यसो त धेरैजसो खेल घरमै परिवारसँग हेरिरहेको हुन्छु। मैले उद्घाटन खेलचाहिँ किङ्स लाउन्जमा हेरेँ। त्यसपछि भने साथीभाइ एवं घरपरिवारसँग रमाइलो गर्दै हेरिरहेको छु।

**रामचन्द्र काफ्ले, गायक**

कहिले घरमा एक्लै त कहिले साथीहरूसँग रमाइलो गर्दै हेरिरहेकी छु। मैले अनुमान गरेको र समर्थन गरेका राष्ट्रले खेल जितिरहेका पनि छन्, जसले गर्दा साथीहरूलाई बाजीमा हराइरहेकी छु।

**रेखा थापा, अभिनेत्री**

विश्वकप फुटबलले यतिबेला विश्वभर उमंग ल्याएको छ। मैले यो उमंगलाई घरपरिवार एवं साथीभाइहरूमाझ साटिरहेकी छु। हामीले घरमै बसेर खेल हेरिरहेका छौँ। अब सेमिफाइनल तथा फाइनल चरणका केहि खेलचाहिँ बाहिर गएर हेर्ने योजना बनाएका छौँ।

**झरना थापा, अभिनेत्री**

मैले अहिलेसम्मका खेल सकेसम्म छुटाएको छैन। कहिले एक्लै त कहिले साथीभाइहरूसँग बसेर हेरिरहेको छु। यसरी फरक-फरक वातावरणमा हेर्दा निकै रमाइलो हुँदो रहेछ।

**कालीप्रसाद बास्कोटा**
**गायक तथा संगीतकार**

प्रस्तुति : महेश तिमल्सिना



विकेन्ड उत्सव

# खाँदै पिउँदै वर्ल्डकप लाइभ

रसियामा जारी २१ औं विश्वकप फुटबलका पारखीहरु नेपालमा उल्लेख्य संख्यामा छन् । धेरै जसोले मोबाइल र टिभीमा भन्दा ठूलो प्रोजेक्टरमा विश्वकपको प्रत्यक्ष प्रसारण हेर्न रूचाउँछन् । त्यसैले पनि देशभरका होटल तथा लाउञ्जहरूले ठूलो पर्दामा विश्वकपको प्रत्यक्ष प्रसारण गरिरहेका छन् । मुलुकका प्रमुख होटलहरूमा उपलब्ध विश्वकप फुटबलको लाइभ :



**इलाम**
होटल ग्रिन भ्यू, इलामबजार
सगुन होटल, पशुपतिनगर
होटल शिखर, फिक्कल
विशाल होटल रेस्टुराँ बार एन्ड लज, फिक्कल
भिन्तुना होटल, फिक्कल
इलाइट होटल, फिक्कल
मार्ग होटल, फिक्कल
झापा होटल, कन्याम
कन्याम इन्, कन्याम्
बेस क्याम्प ३६० होटल, श्रीअन्तु

**धुलाबारी**
रोयल निर्भान बुटिक होटल
होटल शेरे पञ्जाब फ्यामिली रेस्टुराँ एन्ड बार

**काँकडभिट्टा**
होटल दरबार
होटल ताज इन्टरनेसनल
रियाज होटल
फेवा होटल
मनकामना होटल एन्ड लज

**बिर्तामोड**
होटल हेभन ग्रान्ड
डाउन टाउन होटल
होटल अन्नपूर्ण
होटल हिकोला
होटल अर्किड
होटल रोजसिटी
हरिओम होटल एन्ड लज
न्युगो नेक्टर हाउस

**भद्रपुर**
होटल सिटी गार्डेन
होटल रिवाज फुडिङ एन्ड लजिङ

**चन्द्रगढी**
होटल आनि हेरिटेज प्लाजा

**शनिश्चरे**
सरगम काराओके रेस्टुराँ एन्ड अकस्टिक बार

**दमक**
होटल वन्डरल्यान्ड
ब्लू वाटर रिसोर्ट
होटल माउन्टेन भ्यू
होटल भोजपुर, रेस्टुराँ एउन्ड लज

**उर्लाबारी**
फेरि टमाटो द लन्च
सम्राट होटल

**इटहरी**
गंगा जमुना होटल
ड्रागन होटल एउन्ड लज
दरबार लाउन्ज एन्ड रेस्टुराँ
होटल यात्री
गोकुलम रिसोर्ट
होटल ग्रान्ड
अर्गानिक भिलेज रिसोर्ट

**तरहरा, सुनसरी**
पेगन रेस्टुराँ एन्ड बार

**विराटनगर**
पर्पल हेज रेस्टुराँ एन्ड गार्डेन
फिल्ड गुड होटल
होटल मेरो नेपाल
सारङ्गी होटल

**धरान**
होटल हिमालय

**पोखरा**
होटल स्नोल्यान्ड

**नेपालगन्ज**
सिद्धार्थ होटल
होटल स्नेहा
होटल द ग्लालेक्सी दरबार
बाटिका ओम रिसोर्ट
होटल सिटी प्यालेस
होटल कृष्ण
सिद्धार्थ भ्यू
पप लाइफ होटल
होटल सेन्ट्रल प्लाजा

**टिकापुर**
होटल स्वप्नबाघ

**गुलरिया**
बर्दिया वाइल्ड लाइफ रिसोर्ट
बर्दिया जंगल कटेज
बर्दिया किङफिसर रिसोर्ट
बर्दिया इकोलज
म्याङ्गो ट्रि लज

**चिसापानी**
सिद्धार्थ रिसोर्ट
होटल चिसापानी

**सुर्खेत**
होटल नमस्ते नेपाल
शुभ होटल
सानि भिलेज रिसोर्ट
सिद्धार्थ सन्नी रिसोर्ट
होटल कृष्ण
सुमेरु होटल
होटल अशोका एन्ड रेस्टुराँ

**धनगढी**
होटल साथी
होटल डिभोटी
होटल जल्सा
द रोबुस होटल
होटल कैलाली सिद्धार्थ
दिनेश कटेज
होटल प्याराडाइज रिसोर्ट

**महेन्द्रनगर**
होटल रेसिडेन्सी
होटल ओपेरा
होटल एपिआई
मनसुन होटल
होटल ग्रिन
एसके होटल

**दीपायल**
होटल रिभर साइड
होटल सत्कार दीपायल
लामा होटल
होटल सिंह गार्डेन
होटल वर्षा

विकेन्ड लाइभ



# कीर्तिपुरमा समर-२०१८

कीर्तिपुरको रमणीय क्षेत्रमा सञ्चालित माह-क्वह-चमा भोलि शनिबार लाइभ कन्सर्ट हुँदैछ । आईपिसीले आयोजना गर्न लागेको समर-२०१८ म्युजिकल कन्सर्ट विद फुड फेष्टमा गीत-संगीतका साथमा स्वादिष्ट नेवारी परिकारको स्वाद समेत लिन सकिनेछ । यो रमाइलो कार्यक्रममा गायकहरु हरिश माथेमा, सञ्जय श्रेष्ठ, उदेश श्रेष्ठ, गायिका केञ्जल मेहर श्रेष्ठ तथा सांगीतिक समूह क्यान्टन ब्यान्डले आफ्नो लोकप्रिय गीतहरु प्रस्तुत गर्नेछन् ।

**मिति :** असार ९ गते शनिबार
**समय :** दिउँसो २ बजेपछि
**स्थान :** माह-क्वह-च, कीर्तिपुर-२, काठमाडौं

विकेन्ड फेसन




फिसटेल मुभिजले आज शुक्रबार काठमाडौंमा फेसन शोसहितको मनोरञ्जक कार्यक्रम प्रस्तुत गर्दैछ । अभिनेता शिव श्रेष्ठद्वारा निर्मित चलचित्र 'एउटा यस्तो प्रेम कहानी' का कलाकारहरूको सहभागिता रहने यो फेसन शो तथा सांगीतिक कार्यक्रमलाई ट्रि मिडियाले आयोजना गर्न लागेको हो । फेसन शोमा जर्दोजी बुटिकले तयार पारेका पहिरनहरु प्रदर्शन गरिनेछ ।

**विशेष आकर्षण :** विश्व नेपाली, अस्मिता परियार, प्रिजल नेपाली, विमल तामाङ, पुस्कर राई, एनके सम्राट, राहुल नेपाली, रिसु नेपाली आदि गायक-गायिकाहरूको प्रस्तुति ।
**मिति :** असार ८ गते शुक्रबार **समय :** साँझ ६ बजेपछि
**स्थान :** ब्लुस्टार इभेन्ट्स, ब्लुबर्ड मल, थापाथली
**प्रवेश शुल्क :** १ हजार रुपैयाँ (खाजासहित)

चलचित्र

# तिमी हुन्छौ जहाँ-जहाँ




**निर्देशक :** विकास बस्याल **कलाकार :** मलिना जोशी, मनिष सुन्दर, तमन्ना केसी आदि **संगीत :** अर्जुन पोखरेल

आज शुक्रबार चलचित्र 'तिमी हुन्छौ जहाँ-जहाँ' प्रदर्शनमा आउँदैछ । यो चलचित्रको निर्माण टिम प्रदर्शनको अघिल्लो साता मात्र नेपालका विभिन्न सहरको प्रमोसन गरेर काठमाडौं फर्किएको हो । आधा दर्जन सहरको भ्रमणपछि दर्शकहरू यो चलचित्र हेर्न आतुर रहेको चलचित्र युनिटले बताएको छ । डालचन्द्र दवाडीको लगानीमा निर्मित चलचित्र 'तिमी हुन्छौ जहाँ-जहाँ' पूर्ण प्रेमकथामा आधारित छ, जसको द्वन्द्व निर्देशनको जिम्मेवारी रोशन श्रेष्ठले सम्हालेका छन् । कविराज गहतराजको कोरियोग्राफीको यो चलचित्रमा रामशरण उप्रेतीको छायांकन, भूपेन्द्र अधिकारी तथा सालिक दुलालको सम्पादन एवं डेभिल भण्डारीको गीत रचना छ । यो चलचित्रमा एउटा मात्र गीत छ । मुस्ताङ, सिन्धुली तथा काठमाडौंमा खिचिएको चलचित्र 'तिमी हुन्छौ जहाँ-जहाँ' १ घण्टा ५७ मिनेट लामो छ । वर्षा शिवाकोटी यो चलचित्रमा अतिथि भूमिकामा देखा पर्छिन् । अहिलेसम्म ८० वटा स्क्रिन पाएको यो चलचित्रले अरू हल पाउने सम्भावनासमेत रहेको निर्देशक बस्यालले बताए ।

# एक्स्ट्रा माया



**निर्देशक :** सोम कुस्कुमाझी **कलाकार :** सुस्मिता बुर्लाकोटी, अर्जुन खड्का, सनी सुनवार, सृष्टि भण्डारी, शोभा भण्डारी आदि । **संगीत :** सन्तोष किराँत तथा योङजङ लामा

खासै प्रमोसन नगरिएको चलचित्र 'एक्स्ट्रा माया' आजदेखि देशभर प्रदर्शनमा आउनेछ । यो चलचित्रले के-कति हल पाएको छ भन्ने जानकारी समेत सार्वजनिक गरिएको छैन । चलचित्रको ट्रेलर केही महिनाअघि मात्र बजारमा आएको थियो । उक्त ट्रेलर अनुसार यो चलचित्रमा समाजका विद्यमान समस्या, युवायुवतीको प्रेम, विदेश जाने पुरुषहरूका श्रीमतीको कथा तथा विदेश जाने श्रीमतीको पीडालाई मुख्य विषय बनाइएको छ । चलचित्र 'एक्स्ट्रा माया' का अधिकांश कलाकार नयाँ छन् । निर्देशक कुस्कु माझी नेपाली चलचित्र उद्योगमा नयाँपन ल्याउन यो चलचित्रले सहयोग पुऱ्याउने दाबी गर्छन् । रिच इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको यो चलचित्रलाई कमल फुयाँल तथा कमल केआरले निर्माण गरेका हुन् । कमल केआरको कथामा तयार 'एक्स्ट्रा माया' मा दिनेश माङमुको कोरियोग्राफी, बासु न्यौपानेको छायांकन तथा समिर मियाँको सम्पादन छ ।

रंगमञ्च

# कलकत्तामा नेपाली नाटक



भारतको कलकत्ता इन्टरनेसनल चिल्ड्रेन थिएटर फेस्टिभलमा नेपालका तर्फबाट रंगकर्मी केदार श्रेष्ठद्वारा लिखित तथा निर्देशित नाटक 'उपियाँको निबन्ध' मञ्चन भएको छ । थिएटर मल, प्रेरणा विद्याश्रम हरिसिद्धि एवं थिएटर सेन्टर फर चिल्ड्रेन (टिसीसी नेपाल)को उक्त नाटक १८ जुन (असार ४ गते सोमबार) साँझ ६ बजे कलकत्तास्थित पश्चिम बंगालको एकेडेमी अफ फाइन आर्टको हलमा मञ्चन गरिएको हो । कलकत्ताको नाट्य संस्था 'एसो नाटक सिखी'द्वारा आयोजित उक्त नाट्य महोत्सव १७ जुनदेखि २१ जुनसम्म सञ्चालन भएको थियो । नेपाल, भारत, दक्षिण अफ्रिका, मेक्सिको, श्रीलंका आदि आठवटा मुलुक सहभागी नाट्य महोत्सवमा १६ वटा नाटक मञ्चन भएको थिएटर मलले जनाएको छ ।

## उन्यू

परिवर्तन थिएटर झापाले नाटक 'उन्यू' को प्रदर्शन गरेको छ । विमला चिमरियाको लेखन तथा सम्झना सुब्बाको निर्देशनको नाटक उन्यू विभिन्न दुख, हण्डर, यातना, दुर्व्यहार एवं परिवारको अपहेलनाका बाबजुद संघर्ष गरेर बसेकी एउटी महिलाको कथामा केन्द्रित छ । यो नाटकमा सम्झना सुब्बा आफैं मुख्य भूमिका छन् । सुब्बाका अतिरिक्त कविता नेपाल, लीला विष्ट, गणेश बस्नेत, लोमश पौडेल, अभिशेक गड्तौला, एञ्जल खड्का, प्रतीक्षा आचार्य, दिनेश राजवंशी, दिवेस लामिछाने, पूजा आचार्य तथा बालकलाकारका रूपमा शशिका गहतराजले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् भने भूमिका सुब्बा तथा स्वस्तिका लिम्बू अतिथि भूमिकामा देखा पर्छन् ।

## मण्डलामा राजेन्द्रलक्ष्मी

अनामनगरस्थित मण्डला थिएटरमा नाटक 'राजेन्द्रलक्ष्मी' मञ्चन हुने भएको छ । आज शुक्रबारदेखि मञ्चन हुने यो नाटक असार २४ गतेसम्म चल्नेछ । नम्रता केसी तथा सोमनाथ खनालको लेखनको नाटक राजेन्द्रलक्ष्मीलाई केसीले नै निर्देशन गर्दैछिन् । ऐतिहासिक कथामा आधारित यो नाटकमा नम्रता केसी, निश्मा घिमिरे, रेणु योगी, निशा कार्की आदि कलाकारले अभिनय गरेका छन् । करिब एक घण्टा लामो यो नाटक सोमबारबाहेक हरेक दिन ५:३० बजे मञ्चन हुनेछ भने शनिबार यसको अतिरिक्त शो हुने बताइएको छ ।

फिल्मी डायरी

## मेरी मामुको मुहूर्त

आशुसेन फिल्म्सले चौथो चलचित्र 'मेरी मामु'को शुभमुहूर्त सम्पन्न गरेको छ । यम थापाको कथा तथा निर्देशनको यो चलचित्र बाल मनोविज्ञानसँगै पारिवारिक कथामा आधारित हुने बताइएको छ, जसमा अश्लेषा ठकुरी, सारुक ताम्राकार, नवनायिका कुसुम गुरुङ, आयुव केसी, क्रिजन गौतम आदिको मुख्य भूमिका रहनेछ भने पुरानी अभिनेत्री भुवन चन्द विशेष भूमिकामा देखा पर्नेछिन् । भदौ १५ गते प्रदर्शनमा आउने यो चलचित्रमा मेसी नामको गोल्डेन रेटिभ जातको कुकुरलाई अभिनयका लागि थाइल्यान्डबाट ल्याइएको बताइएको छ ।

## बलिउडमा चौधरीको हात

प्रतिष्ठित औद्योगिक घराना चौधरी ग्रुपले बलिउड चलचित्रको नेपाल प्रदर्शन अधिकार खरिद गर्न थालेको छ । गोपीकृष्ण मुभिजसँगको सहकार्यमा यो कम्पनीले बलिउडका दुई ठूला चलचित्र नेपाल भित्र्याइसकेको छ । बलिउड अभिनेत्री सोनम कपुर, शिखा तल्सानिया, स्वरा भाष्कर र करिना कपुरको चलचित्र 'वीरे दी वेडिङ' तथा सलमान खान अभिनीत चलचित्र 'रेस-३' को नेपाल प्रदर्शन अधिकार सीजी इन्टरटेनमेन्ट एवं गोपीकृष्णले संयुक्त रूपमा खरिद गरेका हुन् । यी दुई ठूला कम्पनीको हातमा बहुप्रतीक्षित बलिउड चलचित्र 'सञ्जू' पनि छ ।

## कस्मिक लभको मुहूर्त

बीएस बलामी तथा शंकर अधिकारीको संयुक्त निर्देशनमा चलचित्र कस्मिक लभ निर्माण हुने भएको छ । अभिनेताद्वय अर्पण थापा, प्रशान्त ताम्राकार एवं अभिनेत्री दिया मास्केको मुख्य भूमिका रहने यो चलचित्रको शुभमुहूर्त काठमाडौंको पाँचतारे होटल अन्नपूर्णमा सम्पन्न भएको छ । रोमान्टिक, कमेडी तथा सस्पेन्स विधाको यो चलचित्र निर्माण भैरहेका अन्य चलचित्रभन्दा फरक हुने निर्देशक बीएस बलामीले दाबी गरेका छन् ।

## सयकडा दस प्याकप

चलचित्र 'सयकडा दस'को सुटिङ प्याकअप भएको छ । काठमाडौं, पोखरा, सिन्धुली तथा पाँचथरमा खिचिएको चलचित्र 'सयकडा दस' मा अमृत ढुंगाना तथा करुणा श्रेष्ठको जोडी बाँधिएको छ । मंसिरमा प्रदर्शन गर्ने लक्ष्यसहित चलचित्रको काम अघि बढाइने निर्देशक रामशरण पाठकले जानकारी दिए । यो चलचित्रमा राजाराम पौडेल, रवि डंगोल, रश्मि भट्ट, उत्सव न्यौपाने, अमित पोखरेल, सोनिया राई, कुमार कार्की, प्रसिद्ध थापा तथा मानस्वी निरौलाले अभिनय गर्दैछन् ।

## नमस्ते लन्डनको तयारी

सोनु खत्रीको लगानीमा तयार हुने चलचित्र 'नमस्ते लन्डन'लाई चन्द्र पन्तले निर्देशन गर्नेछन् । लालजी यादवको लेखनको यो चलचित्रमा प्रदिप पाण्डे, क्रिस्टिना, सोनालीका प्रसाद, अमृत सुक्ला, सविन श्रेष्ठ, देव सिंह आदि कलाकारको अभिनय रहने बताइएको छ । चलचित्र चाँडै फ्लोरमा जाने निर्देशक पन्तले बताए ।




**मान्यो मान्यो :** असार २९ गतेदेखि प्रदर्शन हुने चलचित्र 'यो पागल मन' को 'मान्यो मान्यो' गीत यसै साता यूट्युबबाट सार्वजनिक गरिएको छ । अर्जन पोखरेलको संगीत निर्देँशनको उक्त गीतमा अभिनेता बिनोद न्यौपाने तथा अभिनेत्री ऋचा सिंह ठकुरीले अभिनय तथा नृत्य गरेका छन् ।

## मेरो आफ्नो बन्ने

चलचित्र 'मेरो आफ्नो' भदौको पहिलो हप्तादेखि छायांकनमा जाने चलचित्रका निर्देशन राजु अधिकारीले बताएका छन् भने मौनता श्रेष्ठले यो चलचित्रको कथालाई अन्तिम रूप दिँदैछन् । प्रेमकथामा आधारित रहने चलचित्र 'मेरो आफ्नो' को छायांकन नेपालका विभिन्न ठाउँका अतिरिक्त मलेसियामा समेत हुने निर्देशक अधिकारीले बताए ।

## असार १५ मा ए सोल्टिनी

चलचित्र 'ए सोल्टिनी' को प्रदर्शन मिति तय भएको छ । निर्देशक निमा लामा तामाङले उक्त चलचित्र असार १५ मा प्रदर्शनमा आउने पक्का भएको बताए । दिलकुमार घलान तामाङले निर्माण गरेको चलचित्र 'ए सोल्टिनी' मा सविन श्रेष्ठ, अर्जुन गुरुङ, जयनन्द लामा, मन्जु श्रेष्ठ, ज्ञानबहादुर जिम्वा, अनिता गोले, गंगा रानामगर, बीबी रानामगर, सम्झना श्रेष्ठ, शेरबहादुर थिङ आदि कलाकारले अभिनय गरेका छन् । आफ्नो चलचित्र कमेडी, लभ, एक्सन तथा सेन्टिमेन्ट सबै कुराले भरिपूर्ण भएको निर्देशन निमाको दाबी छ ।

## रोजीको छायांकन रोकियो

अभिनेता प्रदीप खड्का अभिनीत चलचित्र 'रोजी'को छायांकन रोकिएको छ । २०६८ साल साउन २० गते आफ्नै प्रेमी सुबास उप्रेतीको योजनामा राजु लोहारले रोजी महर्जनको हत्या गरेको कथामा आधारित यो चलचित्र आफ्नो निर्माणकालमै चर्चामा छ । रोजीको परिवारले मृत छोरीमाथि अन्याय भएको हुन सक्ने भन्दै चलचित्र विकास बोर्डमा उक्त चलचित्रको छायांकन रोक्न मौखिक दबाब दिएका थिए । चलचित्रको छायांकन रोकेर रोजी टिम महर्जन परिवारसँग छलफल गर्न विकास बोर्ड पुगेको थियो । यद्यपि कुरा टुंगोमा पुगेको छैन । चलचित्रका निर्देशक निरक पौडेलले यो विषयलाई टुंगोमा पुऱ्याई चाँडै छायांकनमा जाने बताएका छन् ।

## साउनमा टिनएज

निर्देशक दिनेश पाखिनको चलचित्र 'टिनएज' साउन २५ गते प्रदर्शनमा आउनेछ । यो चलचित्रको प्रदर्शन गएको असोज २७ मा रोकिएको थियो । चलचित्र 'टिनएज' मा नरेश वीर सिंह, प्रतीक्षा खड्का, एन्जिला खड्गी, कृष्ण शिवाकोटी, सरिता राजभण्डारी, सरोज शाह आदि कलाकारले अभिनय गरेका छन् ।

## पब्लिसिटी फन्डा

असार २९ गते प्रदर्शन मिति तय गरिएको चलचित्र 'बोबी'ले दर्शकको ध्यान तान्न एउटा नयाँ फन्डा अपनाएको छ । उमेश थापा तथा कविता गुरुङ अभिनीत यो चलचित्र हेर्ने दर्शकले नर्वे घुम्न पाउनेछन् । निर्माण टिमले अघि सारेको प्याकेज अन्तर्गत बोबी हेरेका दर्शकले टिकटमा आफ्नो नाम लेखि, त्यसको फोटो खिचेर बोबीको आधिकारिक फेसबुक पेजमा पठाउनुपर्नेछ, जसमा फेसबुक लाइभमार्फत गोलाप्रथाको माध्यमबाट विजेता घोषणा गरिनेछ । भाग्यशाली दर्शकले आफ्नो जोडीसँगै बोबीको जन्मघर पोखरा, कर्मघर ललितपुर हुँदै कर्मथलो नर्वेसम्मको यात्रा गर्न पाउनेछन् ।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक



# अञ्जली
## अधिकारी



तस्बिर : महेश प्रधान

लोकेसन : धुम्रबराह पार्टी प्यालेस एण्ड रेष्टुराँ, धुम्बाराही

Log on to :
facebook
www.facebook.com\kantipursaptahik



# एक्सन भूमिकामा अनु

अनु पराजुलीले अहिलेसम्म १ सय ५० भन्दा बढी म्युजिक भिडियोमा मोडलिङ गरिसकेकी छिन, भने तीनवटा चलचित्रमा पनि मुख्य भूमिकामा अभिनय गरेकी छिन् । पराजुली अभिनित चलचित्र 'कम्पन' प्रदर्शन भैसकेको छ भने 'काउसो' पोस्ट प्रोडक्सनमा छ । 'काले दाइ' को छायांकन सम्पन्न भएलगतै 'क्रिमिनल' को सुटिङमा व्यस्त अभिनेत्री पराजुली 'क्रिमिनल'मा एक्सन लेडीको भूमिकामा देखिने छिन् । अर्नभ फिल्म्सको ब्यानरमा निर्माणाधीन चलचित्र 'क्रिमिनल' को छायांकन दमकमा भैरहेको छ । चलचित्र क्षेत्रमा राम्रो सम्भावना बोकेकी अभिनेत्रीका रूपमा हेर्न थालिएकी अनु यही क्षेत्रमा केही गरेर देखाउने सोचका साथ संघर्षरत छिन् ।



# छवि-शिल्पाको गुपचुप बिहे !

प्रेम र विवाह जति लुकाए पनि लुक्दैन । लामो समयदेखि शिल्पा पोखरेलसँग सम्बन्धमा रहेका छविराज ओझा र शिल्पासम्बन्धी थप हल्ला बजारमा आएको छ । चर्चाअनुसार यो जोडीले गएको दसैंमै विवाह गरिसकेको छ, जसको रहस्य बिस्तारै खुल्दैछ । केही समयअघि मात्र छवि र शिल्पालाई एकै ठाउँ राखेर लिइएको अन्तर्वार्तामा छविले भनेका थिए, 'अरूले छोडेर गए, शिल्पालाई छोड्दिनँ ।' शिल्पाले भनेकी छिन्, 'शरीर बूढोजस्तो देखिए पनि मन बूढो छैन, बिहे पक्का हुन्छ, तर कहिले भन्न सक्दिनँ ।' केही दिनअघि आफ्नै लगानीमा खुलेको इटहरीको इलाइट सिनेमामा विशेष शोका अवसरमा निर्माता ओझाले विवाहका सम्बन्धमा थप संकेत गरेपछि अब भन्नैपर्छ– छविजी, विवाह भएको हो भने डराउनु पर्दैन । उक्त हलमा छवि धरानमा रहेकी आमाका साथै छोरा साकार र शिल्पा पोखरेल लगायतलाई लिएर पुगेका थिए । ओझाले पत्रकारहरूसँगको छोटो भेटमा भनेका छन्, 'हामी सम्पूर्ण ओझा परिवारले मंगलम हेरेका छौं ।' सम्पूर्ण ओझा परिवार भनेर खिचाइएको उक्त तस्बिरमा छवि, शिल्पा, उनकी आमा तथा उनका छोरा साकार ओझा देखिन्छन् । तस्बिरमा शिल्पा र छविले आमालाई दुईपट्टिबाट हात समातेका छन् भने साकार पछिल्तिर छन् । सम्पूर्ण ओझा परिवारमा विशेष बडी ल्याङ्ग्वेजका साथ शिल्पा पनि अटाएपछि अब शिल्पा पोखरेल नरहेर ओझा भैसकेको कुरा बुझ्न कठिन नहोला कि !



# गायक तथा संगीतकार सन्दीप

युवा क्रिकेटर सन्दीप लामिछाने अब गायकका रूपमा समेत सुनिने भएका छन् । उनले आफ्नै स्वरमा रेकर्ड गराएको पहिलो गीत 'उदास मेरो...' को म्युजिक भिडियो हिजो बिहीबार अपराह्न सार्वजनिक भयो । सुगम संगीतमा आधारित उक्त गीत सन्दीपले आफ्नो एल्बम 'प्रतीक्षा द वेटिङ' मा समावेश गर्ने बताएका छन् । रमाइलो कुरा के छ भने उक्त गीतका संगीतकार पनि सन्दीप स्वयं नै हुन् । आफ्नो यो पहिलो म्युजिक भिडियोमा गायक तथा संगीतकार सन्दीपले अभिनयसमेत गरेका छन् । सन्दीपको गीतको भिडियोका निर्देशक निशान कश्पयका अनुसार बलिङमा अब्बल सन्दीपले गायन, संगीत तथा अभिनयमा पनि प्रसस्त सम्भावना देखाएका छन् । उक्त भिडियोमा सन्दीप औपचारिक पहिरनमा प्रस्तुत भएका छन् भने भिडियोमा उनका अतिरिक्त जीवन भट्टराई तथा सृष्टि खड्काले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

## फुटबलमा मेरो रोजाइ

### प्रमोद खरेल, गायक



**देश** – अर्जेन्टिना
**क्लब** – बार्सिलोना
**खेलाडी** – लियोनल मेसी
**एसियन देश** – नेपाल र नेपाल बाहेक साउथ कोरिया
**गोलकिपर** – बार्सिलोनाका म्यानुयल नियर
**स्ट्राइकर** – मेसी
**मिड फिल्डर** – स्पेनका इस्को
**डिफेन्डर** – इटलीका जर्जियो
**प्रशिक्षक** – म्यानचेस्टर सिटीका जोसेप पिप
**नेपाली फुटबलर** – हरि खड्का
**नेपालको फुटबल क्लब** – थ्री-स्टार तथा झापा ११




# लन्डन टु काठमाडौं

आशुसेन फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको चौथो चलचित्र 'मेरी मामु' को मुख्य भूमिकामा कुसुम गुरुङ अनुबन्धित भएकी छिन् । लन्डन निवासी कुसुमले मेरी मामुमार्फत नै नेपाली चलचित्रमा डेब्यु गर्न लागेकी हुन । उक्त चलचित्रका लागि नै कुसुमले काठमाडौंको 'ज्ञ' थिएटरबाट अभिनयमा तीनमहिने प्रशिक्षण लिएकी थिइन् । सुनिल पोखरेल निर्देशित नाटक हरियो ढुंगामा अभिनयसमेत गरेकी गुरुङ अब नेपाली चलचित्रमा निरन्तर काम गर्ने सोचअनुसार नेपाल आएको बताउँछिन् । परिवारसँगै लण्डनमा बस्दै आएकी गुरुङले लेखा तथा वित्तीय विषयमा स्नातक गरेकी छिन् । बालमनोविज्ञानमा आधारित चलचित्र मेरी मामुमा निर्माता सन्तोष सेनका ६ वर्षीय छोरा आयुव सेन मुख्य भूमिकामा छन् भने अर्का ६ वर्षीय बालकलाकार क्रिजन गौतम विशेष भूमिकामा रहने छन् । यो चलचित्र हाल छायाँकनमा गएको छ । सन्तोष सेनको निर्माणमा चलचित्र बन्न लागेको हो ।



# जान्वीको सेक्रेट

पछिल्लो चलचित्र 'भैरे' को प्रदर्शनको व्याग्रतापूर्वक प्रतिक्षा गरिरहेकी अभिनेत्री जान्वी बोहोरा यतिबेला कसैलाई थाहै नदिइ एउटा काम गर्दैछिन् । आफ्नै लगानीमा निर्माण हुने चलचित्र गरुढ पुराणमा अभिनय गर्न अहिले उनी आफ्नो 'बडि' बनाइरहेकी छिन् । यतिबेला उनको तौल ५५ केजी छ । 'झन्डै पाँचदेखि सात केजी घटाउनु पर्नेछ, जान्वी भन्छिन्- 'स्क्रिप्ट तयार भैसकेको छैन, स्क्रिप्ट फाइनल हुँदासम्म मैले वजन घटाउन सकें भने चलचित्रमा म आफैं मुख्य भूमिकामा प्रस्तुत हुनेछु ।' जान्वीले आफ्नो तौल घटाउन खानपानदेखि व्यायामसम्मलाई प्राथमिकतामा राखेकी छिन् । अमिला, चिल्लो, पिरो तथा मसलेदार खानेकुरा खान छाडेकी जान्वी अचेल बढि पानी पिउँछिन् भने फलफूलमा जोड दिन्छिन् । यसबाहेक उनले व्यायामशालामा केही घण्टा बिताउन थालेको पनि धेरै भयो । आत्मविश्वासी जान्वी भन्छिन्-'तौल घटाउने सबै उपाय अपनाइरहेकी छु, कसो सफल नहुँला ?'





# नक्कली रोमान्स ?

अघिल्लो साता केही अनलाइन सञ्चारमाध्यममा एउटा रमाइलो गसिप सार्वजनिक भयो । गसिप अभिनेत्री केकी अधिकारीको प्रेमसम्बन्धका बारेमा थियो । आफ्नो प्रेमसम्बन्धलाई हालका मितिसम्म गोप्य राख्न सफल केकी एक जना गायकसँग गहिरो प्रेममा परेको गसिप प्रेस रिलिजकै रूपमा सञ्चारकर्मीहरूको इमेलमा पठाइएको प्राप्त भएको थियो । सामान्यतः प्रेम तथा रोमान्सका खबर प्रेस विज्ञप्ति जारी गर्दै सार्वजनिक गरिँदैन । यद्यपि केकी र गायक आर्जन पाण्डेबीचको प्रेमसम्बन्ध विज्ञप्तिकै रूपमा अगाडि आयो । केही सार्वजनिक समारोहमा सँगै देखिएकै भरमा केकी र आर्जनबीच प्रेमसम्बन्ध छ भन्नु आफैंमा हास्यास्पद थियो । साप्ताहिकले उनीहरूको प्रेमको गहिराइ नाप्ने क्रममा नयाँ तथ्य फेला पार्‍यो । गायक पाण्डेले केहीअघि गायिका इन्दिरा जोशीसँग मन्दिरमा विवाह गरेको गसिप पनि भाइरल भएको थियो । उनीहरूले 'रेलिमाई...' गीतको भिडियोका लागि नक्कली विवाह गरेका थिए । जोशीसँग विवाह गरेको घटना सेलाउन नपाउँदै केकीसँग प्रेमको चर्चा चल्नुबीच एउटा खास कारण रहेछ । आर्जन र इन्दिराको युगल गीत 'रेलिमाई...' को म्युजिक भिडियोको प्रचारका लागि विवाह तथा प्रेमको नक्कली सम्बन्ध गाँसिएको रहेछ ।

फटाफट

# यसपटक नयाँ शक्तिको उदय हुने सम्भावना छ



● बद्री पंगेनी, गायक

**कत्तिको विश्वकप लागेको छ ?**

विश्वकपको उद्घाटनदेखि आजको दिनसम्म भएका कुनै पनि खेल छुटाएको छैन । यो हिसाबले मलाई जत्तिको विश्वकप अरू कसलाई लागेको होला र ?

**यसपटक कुन टिमलाई समर्थन गर्दै हुनुहुन्छ ?**

तपाईंलाई अचम्म लाग्न सक्छ, मैले यसपटक धेरैभन्दा धेरै नेपालीलाई रोजगारी दिने मुलुक साउदी अरबलाई समर्थन गरेको छु । त्यसपछि जापान, कोरिया, अष्ट्रेलिया, बेल्जियम तथा इङ्ल्यान्डलाई समर्थन गरिरहेको छु ।

**यी मुलुकले विश्वकप जित्ने सम्भावना कत्तिको छ त ?**

पहिलो चरणका खेलहरू समेत पूरा भैसकेका छैनन्, त्यसैले अहिले नै यही टिमले जित्छ भनेर अनुमान गर्नु हतार हुन्छ ।

**अहिलेसम्म खेलिएका खेलहरूको संक्षिप्त समीक्षा गर्नुपर्‍यो भने ?**

अहिलेसम्मका खेलहरू हेर्दा के भन्न सकिन्छ भने यसपटक सोच्दै नसोचेको नयाँ शक्ति उदाउने सम्भावना छ । जर्मनी, अर्जेन्टिना, ब्राजिलजस्ता देश पहिलो खेलमा कि त पराजित भएका छन् कि त बराबरीमा रोकिएका छन् । त्यसको ठीकविपरीत मेक्सिको, सर्बिया, फ्रान्स, पोर्चुगल, स्पेन आदि देशले उत्कृष्ट प्रदर्शन गरेका छन् ।

**यस्तो किन भैरहेको छ जस्तो लाग्छ ?**

मैले यसपटकको विश्वकपका खेल नियाल्नुअघि यी मुलुकहरू विश्वकपमा कसरी छनोट भएर आएका छन् भन्ने कुराको सूक्ष्म अध्ययन गरेको छु । त्यस आधारमा भन्ने हो भने यसपटक अर्जेन्टिनाको सम्भावना निकै कम देखिन्छ, किनभने यो मुलुक निकै संघर्षपश्चात् विश्वकपका लागि छनौट भएको हो ।

**विश्वकपका खेलहरू कसरी हेरिरहनुभएको छ ?**

काठमाडौं प्लाजाको चौथो तल्लामा मेरो आफ्नै नीरमाया दोहोरी साँझ छ, अधिकांश खेल त्यहीं हेर्छु । मध्यरातको खेल भने घरमै आएर हेर्छु । हालसम्म खेलिएका खेलमध्ये अर्जेन्टिना र आइसल्यान्डको खेलचाहिँ मैले मोबाइलमा समेत हेरेको छु । सप्तरीको फत्तेपुरमा सञ्चालित सांगीतिक कार्यक्रमकै क्रममा मैले मोबाइलमै उक्त खेल हेरेको थिएँ ।

**फुटबलको क्रेजी हुनुहुन्छ, बाँकी खेल हेर्न सांगीतिक कार्यक्रममा बाधा पुग्ने सम्भावना कत्तिको छ ?**

असार १४ र १५ गते काठमाडौंमै लोक गायन प्रतियोगितामा सहभागी हुनुछ, त्यसबाहेक अबको एक महिना मैले कुनै पनि कार्यक्रम लिएको छैन । विश्वकप दोस्रो चरणमा प्रवेश गरेपछि प्रतिस्पर्धा अझ रोमाञ्चक हुने भएकाले यसबीच कार्यक्रममा सहभागी हुने कुनै सम्भावना छैन ।

प्रस्तुति : कृष्ण भट्टराई

## प्रिन्स एन्ड प्रिन्सेस इन्टरनेसनल



प्रिन्स एन्ड प्रिन्सेस इन्टरनेसनल-२०१८ शीर्षकको बालबालिका तथा टिनएजरसम्बन्धी अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिताका लागि नेपाली सहभागीहरूको छनौट सम्पन्न भएको छ । प्रतियोगितामा विभिन्न उमेर समूहमा विजेताहरू चयन गरिए जसअन्तर्गत आरनभि श्रेष्ठ र युवराज गोयल मिनी समूहमा विजेता भए । यसैगरी प्रिन्तान्सा थापा लिटिल समूहको विजेता भइन् । प्रि टिन समूहमा हर्षित अग्रवाल र अनुजा पन्त विजेता रहे । टिन समूहमा रोमश श्रेष्ठ र अश्मिता ढुंगाना विजेता घोषित भए ।

## म्यान अफ द वर्ल्ड नेपाल



जुम इन इभेन्ट्सले आयोजना गरेको म्यान अफ द वर्ल्ड नेपाल-२०१८ को उपाधि चन्दन विश्वकर्माले जितेका छन् । चन्दनले अब फिलिपिन्समा सञ्चालन हुने म्यान अफ वर्ल्ड-२०१८ मा सहभागिता जनाउनेछन् । दरबारमार्गस्थित होटल अन्नपूर्णमा सञ्चालित म्यान अफ द वर्ल्ड नेपाल-२०१८ मा नितेश खत्री फस्ट रनर्सअप तथा रिचर्ड योञ्जन सेकेन्ड रनर्सअप भएका थिए ।

## मिस्टर एन्ड मिस एसईई आइकन



एएनपी मिडिया हाउसको आयोजनामा सञ्चालित मिस्टर एन्ड मिस एसईई आइकन-२०१८ को उपाधि ऋकिश चित्रकार तथा सरस्वती 'सरु' बुढाथोकीले जितेका छन् । प्रतियोगितामा राम दुलाल यादव र विविका थापा फस्ट रनर्सअप तथा प्रवीण शिवाकोटी र मल्लिका श्रेष्ठ सेकेन्ड रनर्सअप घोषित भए ।

## नेपाल्स एसईई आइकन



एएनपी मिडिया हाउसको ब्यानरमा सञ्चालित मिस्टर एन्ड मिस नेपाल्स एसईई आइकन-२०१८ उज्ज्वलविक्रम शाही तथा अस्मिना केसीले नेपाल्स एसईई आइकन-२०१८ को उपाधि जितेका छन् । प्रतियोगितामा मिस्टरतर्फ एडन तुलाधर शाहीले फस्ट रनर्सअप तथा श्रयंक कंसाकार सेकेन्ड रनर्सअप विजेता भएका छन् ।



## सन्तोष र मोनिकालाई उपाधि

मिस्टर एन्ड मिस टिन-२०७५ को उपाधि सन्तोष सुनार तथा मोनिका बगाले मगरले जितेका छन् । बार्बेरी फेसन एन्ड इभेन्ट म्यानेजमेन्ट कम्पनी बुटवल एवं लियो क्लब अफ मणिमुकुन्दद्वारा आयोजित यो प्रतियोगितामा सन्दीप थापा र वर्षा सेन ठकुरी फस्ट रनर्सअप भए भने जिसन मिया र खुसी थापाले सेकेन्ड रनर्सअपमा चित्त बुझाए ।

टोपराज शर्मा

## फेमिनामा हेलि र नम्रता विजयी



विश्व मिडियाको ब्यानरमा काठमाडौंमा मिस एन्ड मिसेज फेमिना इन्टरनेसनल-२०१८ सम्पन्न भएको छ । उक्त प्रतियोगितामा मिसतर्फ हेली गुरुङ विजेता घोषित भइन् भने आकृति पाठकले फस्ट रनर्सअप तथा रोशिना थापाले क्रिएटिभ विधाको अवार्डसहित सेकेन्ड रनर्सअपमा चित्त बुझाए । रोजिना चौहान ट्यालेन्ट र ब्युटिफुल विधाको एवार्डसहित थर्ड रनर्सअप भएको प्रतियोगितामा पपुलर, फ्रेन्डली तथा मल्टिमिडिया च्वाइस एवार्ड विजेता भइन्– विनिता कार्की । सुन्धारास्थित आर्मी अफिसर्स क्लबमा सञ्चालित उक्त प्रतियोगितामा मिसेजतर्फ नम्रता खड्का विजेता घोषित भइन् भने फस्ट रनर्सअपमा राधिका केसी तथा सेकेन्ड रनर्सअपमा सुशीला महर्जनले बाजी मारे ।

## एसएलसी प्रिन्सेस-२०१८



धनकुटाको तुलसी मेहर स्कुलबाट एसईई परीक्षा दिएकी १६ वर्षिया रुचि धितालले एसएलसी प्रिन्सेस-२०१८ को उपाधि जितेकी छिन् । जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न आठौं संस्करणको यो प्रतियोगितामा २५ जना किशोरी उपाधि दौडमा थिए । प्रतियोगितामा कृष्टिना वन्तले फस्ट रनर्सअपको उपाधि जितिन् भने पाल्मा लामाले सेकेन्ड रनर्सअपको उपाधिमा कब्जा जमाइन् ।

## मिस एन्ड मिस्टर टिन



विराटनगरमा सञ्चालित मिस्टर एन्ड मिस टिन पूर्वाञ्चल-२०१८ मा भूपेन्द्र भट्टराई र साक्छी शाक्यले मुख्य उपाधि जितेका छन् । मन्जिना मुभिज क्रिएसनद्वारा आयोजित उक्त प्रतियोगिताको फस्ट रनर्सअप कविता बुढाथोकी तथा सौरभ कर्ण घोषित भए भने समी कार्की तथा रोमन बस्नेतले सेकेन्ड रनर्सअपमा चित्त बुझाए । उक्त अवसरमा मिस एन्ड मिस्टर ट्यालेन्टको एवार्ड अरिफ अक्तर तथा समीक्षा कार्कीले प्राप्त गरेका थिए । प्रतियोगिताका क्रममा कलाकार नीलम ढुङ्गानाले एक खुट्टाले नृत्य प्रस्तुत गरी सबैलाई मनोरञ्जन प्रदान गरेकी थिइन् ।

अनिल श्रेष्ठ

## न्यान्सीलाई मिस ग्यालेक्सी



काठमाडौं इन्टरनेसनलद्वारा आयोजित मिस ग्यालेक्सी नेपाल-२०१८ को उपाधि न्यान्सी अग्रवालले जितेकी छिन् । राष्ट्रिय नाचघरमा सम्पन्न यो प्रतियोगिताको फस्ट रनर्सअपमा निश्मा आचार्य तथा सेकेन्ड रनर्सअपमा सम्झना चौधरीले बाजी मारेका छन् । नयाँ प्रतिभालाई मोडलिङमा भित्र्याएर उनीहरूलाई व्यवसायिक मोडल बनाउन मिस ग्यालेक्सी-२०१८ को आयोजना गरिएको बताइन्छ ।

## चितवन प्लस टु अफ द इयर

टप वान मिडिया, चितवनको आयोजनामा चितवन प्लस टु अफ द इयर-२०१८ हुने भएको छ । राष्ट्रिय स्तरका विभिन्न प्रतिस्पर्धामा प्रतिनिधित्व गराउने उद्देश्यले यो प्रतियोगिता सञ्चालन गर्न लागिएको टप वान मिडियाका प्रबन्ध निर्देशक रब्स सापकोटा बताउँछन् । यो प्रतियोगितामा भाग लिन इच्छुक महिला तथा पुरुष प्रतियोगीहरू १६ वर्ष माथिका तथा प्लस-२ अध्ययनरत हुनुपर्नेछ । प्रतियोगिताका लागि छनौट हुनेहरूलाई एक महिना लामो विशेष प्रशिक्षण प्रदान गरिने बताइएको छ जसमा सञ्चार दक्षता, एमसिइङ, पब्लिक स्पिकिङ, व्यक्तित्व विकासको कक्षा, आत्मविश्वास अभिवृद्धि गराउने कक्षा, मोटिभेसन क्लास तथा व्यक्तित्व विकाससम्बन्धी प्रशिक्षण प्रमुख छन् ।

# रेडियो कान्तिपुरको रोड शो








सधैं टेलिभिजनको पर्दामा देखिने चल्तीका गायक-गायिका शनिबार बुटवलमा देखा परे । रेडियो कान्तिपुरको रोड शो 'रेडियो अन हिल्स' मा युवा गायक माण्डवी त्रिपाठी र कमल खत्री मुख्य आकर्षण थिए । दिनभर ३८ डिग्रीको गर्मीले बाफिएका बुटवलवासी साँझपख पसिना छुट्उन्जेल नाचे । गीत-संगीतका पारखीले कलाकारहरूलाई दिल खोलेर स्वागत गरे, स्वरमा स्वर मिलाए । दर्शकको मन बुझेर होला, गायक-गायिकाहरूले पनि युवाहरूले चाहना अनुरूपकै गीत सुनाए ।


सधैंजसो पूर्व-पश्चिम जाने यात्रुको चहलपहल हुने बुटवलको ट्राफिक चोकमा उक्त कार्यक्रम प्रस्तुत भएको थियो । त्यसका लागि सडकमै कलात्मक स्टेज बनाइएको थियो । शो हेर्न बाटो हिँडिरहेका यात्रुहरू रोकिए । शो हेर्न बुटवल आसपासका कलाप्रेमीहरूको ठूलो जमघट थियो । कलाकार विनोद परियार तथा आशिष ठकुरीको कमेडी पनि धेरैले रुचाए । रेडियो कान्तिपुरले बजार प्रवर्द्धनका लागि यो रोड शोको आयोजना गरेको हो, जुन जेठ २८ मा बिर्तामोडबाट प्रारम्भ भएको थियो । पूर्वबाट नारायणगढ हुँदै रोड शोको आठौं प्रस्तुति दिन बुटवल आएको एफएमको टोलीले आफ्नो नवौं प्रस्तुति धनगढीमा दिएको छ । रोड शोले दर्शकको माया बुझ्न र उनीहरूको चाहनाअनुसार रेडियोलाई अघि बढाउन सहयोग पुग्ने रेडियो कान्तिपुरले बताएको छ ।

कार्यक्रमको अन्तिम श्रृंखला भोलि शनिबार ललितपुरको जावलाखेल मै दानमा सञ्चालन हुँदैछ ।

अमृता अनमोल

पहिलो विश्व














## १० लाखको टाटु

टाटुलाई उत्कृष्ट ढंगले प्रस्तुत गर्दा कत्तिको ग्ल्यामरस देखिन्छ भन्ने कुरालाई २३ वर्षीया एम्बेर लुकीले सामाजिक सञ्जालमार्फत प्रस्तुत गरेकी छिन् । शरीरका विभिन्न भागमा ५७ वटा कलात्मक टाटु बनाएकी एम्बेरले शरीरलाई थप आकर्षण तुल्याउन आँखाको सेतो भागलाई नीलो बनाएकी छिन् । १० लाख ७० हजार रुपैयाँ खर्च गरेर एक्बेरले शरीरमा मण्डलादेखि विभिन्न आकृतिको टाटु बनाएकी छिन् । त्यसबाहेक उनले जिब्रोलाई दुई भागमा विभाजन गरेकी छिन्, कानलाई फरक ढंगले छेडेकी छिन् भने निधार, छाती, ओठ, चिउँडो तथा पाखुरामा पियर्सिङ गराएकी छिन् । एम्बेरले कानको लोतीलाई तन्काएकी छिन् । ५० हजारभन्दा बढी फलोअर्स भएको आफ्नो इन्स्टाग्राम एकाउन्टमा उनी आफ्नो शरीरको टाटु र आफूले शरीरमा गरेको परिवर्तनका तस्बिरहरू अपलोड गरेर चर्चामा आउँछिन् ।



## यस्तो पो विवाहको प्रस्ताव

अनलाइन मिडियामा न्युजिल्यान्डका पर्सनल ट्रेनर जोसेफ राचिकको माग अत्यधिक छ । उनी अनलाइनमार्फत हजारौं व्यक्तिलाई शारीरिक अभ्यास गराइरहन्छन् । उनकी प्रेमिका हुन्– मार्याम माति, जसलाई जोसेफ मिमी पनि भनिन्छ । जोसेफ मिमीलाई अत्यधिक चाहन्छन् । यही कारणले गर्दा नै गत भ्यालेन्टाइन डेमा उनले मिमिलाई १ हजार गुलाबको फूल तथा एउटा हरियो रंगको ल्याम्बोरहिनी कार उपहार दिए । अब अनुमान गर्नुस् त, उनले मिमीसमक्ष विवाह प्रस्ताव राख्दा के गरे होलान् ? हालै उनले मिमीसमक्ष विवाह प्रस्ताव राख्न उनको आँखामा पट्टी बाँधेर हेलिकप्टर चार्टर गरी न्युजिल्यान्डको मुख्य रंगशाला इडेन पार्कमा अवतरण गराए । यसका लागि उनले इडेन पार्क नै बुक गरेका थिए । हेलिकप्टर अवतरण गरेपछि जोसेफले आँखामा पट्टी बाँधेकी प्रेमिकालाई बोकेर एउटा बाकसको अगाडि ल्याए अनि आँखाको पट्टी खोलिदिँदै बाकस खोल्न भने । उक्त बाकसमा गुलाबी रंगको ल्यान्डरोभर जिप थियो । त्यसपछि जोसेफले विवाहको प्रस्ताव राख्दै उनको औंलामा चमचमाउँदो हीराको औंठी लगाइदिए ।



## झन्डै फ्याँकेको १ करोड ४४ लाख





बेलायतको हुल भन्ने स्थानमा एक ६९ वर्षीया महिलाले आफ्नो घरको बुइँगल सफा गर्ने क्रममा एउटा काठको बाकस फेला पारिन् । उक्त बाकसलाई फोहोर सम्झेर उनले फ्याँक्ने सोच बनाइन् । फ्याँक्न लाने क्रममा बाकस खोलेर हेर्दा त्यसमा केही पुराना सिक्का देखियो । उनले केही सिक्का अनलाइनमा राखेर बिक्री गर्ने निधो गरिन् । उक्त सिक्का सन् १६४४ का बेलायती राजा चार्ल्स प्रथमको पालाको रहेछ । त्यो बेला १ सय प्रतिमात्र निस्किएको उक्त सिक्काको महत्व एक संग्रहालयले बुझ्यो । उसले ती सिक्का न्यूनतम १ करोड ४४ लाख रुपैयाँमा बिक्री गर्ने योजना बनाएको छ । संग्रहालयले अब उक्त सिक्का लन्डन, न्युयोर्क वा हङकङमध्ये एक ठाउँमा लिलाम गराउने भएको छ ।



## दम्पतीको भाइरल तस्बिर

अमेरिकी दम्पतीको मिक्स कल्चरको एउटा तस्बिर अहिले सामाजिक सञ्जालमा भाइरल भैरहेको छ । अमेरिकाको न्युजर्सीमा बसोबास गर्ने जष्टिन र एमिनात म्याकक्लुरीले परिवार भित्रको विविधता झल्कने गरी खिचिएको तस्बिर सामाजिक सञ्जालमा भाइरल भएको हो । नाइजेरियन मूलकी एमिनात अमेरिकन पुरुषसँग विवाह गरेर अमेरिकामै बस्दै आएकी छिन् । दुई छोरी र एक छोराका माता-पिता भैसकेका यी दम्पतीले नाइजेरियन कला झल्कने पहिरन लगाएर तस्बिर खिचाएका थिए । उक्त तस्बिर फेसबुकमा मात्र १५ हजार पटकभन्दा बढी सेयर भएको थियो ।

# लिभिङ टुगेदरका लफडा

## मिले सुहागरात, नमिले बलात्कार



सांकेतिक तस्बिर : एजेन्सी

जनक तिमिल्सिना

२५ वर्षीया सन्ध्या पेसाले शिक्षक हुन् । उनीसँग ३४ वर्षीय साजन फेसबुकमार्फत जोडिन्छन् । सन्ध्याको मनमोहक रूप तथा आकर्षक शारीरिक बनावटबाट मन्त्रमुग्ध भएका साजन उनलाई फकाउन ब्रिटिस आर्मी भन्दै अनेकन् प्रलोभन देखाउँछन् । उनको प्रलोभनमा युवती पनि मोहित हुँदै जान्छिन् । त्यो मोहजाल केही समयमै 'लिभिङ टुगेदर'मा परिणत हुन्छ । नयाँबजारस्थित डेरामा 'लिभिङ टुगेदर' रिलेसनको केही दिनको मधुरतापछि उनीहरूबीच खटपट उत्पन्न हुन थाल्छ । १८ मंसिरमा सन्ध्याले साजनविरुद्ध महानगरीय प्रहरी परिसर, महिला तथा बालबालिका सेल कालिमाटीमा बलात्कारको उजुरी दिन्छिन् ।

६ महिनाअघि काठमाडौंको पेप्सीकोलास्थित एक क्याफेमा भेट भएपछि काठमाडौंका २० वर्षीय रमेश तथा २८ वर्षीया रमिलाबीच प्रेम अङ्कुराउँछ । दुवै जना सँगै घुम्न निस्कने, ड्रिंक्स गर्ने हुँदै लिभिङ टुगेदरमा रमाउन थाल्छन् । रमेशले साथीहरूको कोठामा त कहिले आफ्नै कोठामा तीन-चार दिन रमिला सँगै बस्ने गरेको प्रहरीलाई दिएको बयानमा उल्लेख गरेका छन् । रमिलाले विवाहका लागि आग्रह गरेपछि रमेशले विदेश जाने र फर्किएपछि विवाह गर्ने अडान व्यक्त गरे । प्रेमीसँग विवाद बढेपछि ११ जेठमा रमिलाले प्रहरीमा बलात्कारको उजुरी दर्ता गरिन् । 'गेस्ट हाउसमा राखी धाक-धम्की दिई मलाई राति पटक-पटक जबरजस्ती करणी गरी कुटपिट समेत गरेको हुँदा कानुनबमोजिम कारवाही गरिपाऊँ,' आफ्नै प्रेमीविरुद्ध प्रहरीमा दिइएको उजुरीमा रमिलाले भनेकी छिन् । प्रेमिकाले नै बलात्कारको मुद्दा हालेपछि विदेश जाने तयारीमा रहेका रमेश अहिले पुर्पक्षका लागि जेल चलान भएका छन् ।

मकवानपुरका ३० वर्षीय श्यामबहादुरका लागि 'लिभिङ टुगेदर' गलपासो बन्न पुग्यो । लिभिङ टुगेदर पार्टनर ३० वर्षीया दीक्षाले जबरजस्ती बलात्कार गरेको उजुरी प्रहरीमा दिएपछि उनी अहिले पुर्पक्षका लागि जेलमा छन् । उमेर छँदै विवाह नगरेका श्यामबहादुर दुई वर्षअघि आफू बसिरहेकै घरमा डेरा गरी बस्ने दीक्षासँग नजिकिए, श्रीमान् दुर्घटनामा बितेपछि दुई सन्तान हुर्काइरहेकी दीक्षा पनि पग्लिइन् । उनीहरू मन मिलुन्जेल शारीरिक सम्बन्धमा रमाए । पछि दीक्षाले विवाह गरेर आफूलाई वैधानिक पत्नी बनाउन र आफ्ना सन्तानको जिम्मेवारी लिन आग्रह गरिन् । यता श्यामबहादुर त्यसका लागि तयार भएनन् । यता दीक्षा १६ चैतमा आफूलाई २३ फागुनको राति बलात्कार गरेको उजुरी बोकेर प्रहरीकहाँ पुगिन् । अझ रोचक त के भने अपाङ्गता भएकी दीक्षा महानगरीय प्रहरी परिसर टेकुमा आफ्नै उजुरीका कारण हिरासतमा रहेका श्यामबहादुरका लागि खाना लिएर पुग्ने गरेकी थिइन् । विवाह गर्ने भए मुद्दा फिर्ता लिन्छु भन्दै दीक्षाले अहिले पनि श्यामबहादुरसँग ब्लाकमेलिङ गरिरहेको बताइन्छ ।

साजन, रमेश र श्यामबहादुर मात्र होइनन्, लिभिङ टुगेदर बसेर बलात्कारको मुद्दा खेपिरहेकाहरूका आधा दर्जनभन्दा बढी केस महानगरीय प्रहरी परिसर काठमाडौंमा दर्ता छन् । 'मिल्दा सुहागरात, नमिल्दा बलात्कार'को शैलीका यस्ता कतिपय घटनामा लिभिङ टुगेदर बस्दा बनेको शारीरिक सम्बन्धलाई आफ्नो माग पूरा गर्ने तथा कतिपय अवस्थामा विवाहका लागि ब्ल्याकमेलिङको अस्त्रका रूपमा प्रयोग गरिएको देखिन्छ । 'लिभिङ टुगेदरमा बसेकी युवतीको माग पूरा नभएपछि युवकमाथि बलात्कारको उजुरी हालिएको अवस्था छ,' महानगरी प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) मोहन थापा भन्छन्, 'धेरैजसो युवा त बलात्कारमै फसेका छन्, कतिपय जेलसमेत गएका छन् ।'

काठमाडौं प्रहरी परिसरको मुद्दा शाखा समेत हेरिरहेका थापाका अनुसार केटालाई 'ट्र्याप'मा पार्न वा आफूले मागेजति सम्पत्ति लिन रेप केस बनाइएको पाइन्छ । लिभिङ टुगेदरमा मनमुटाव उत्पन्न भएपछि वा विवाह गर्ने प्रस्ताव पार्टनरले अस्वीकार गरेपछि महिलाहरू बार्गेनिङ गर्ने गरी केस दर्ता गर्न आउने अनुभव थापाको छ । 'एकैपटक बलात्कार भनेर उजुरी आउँदैन, पहिले विवाद भएको निवेदन आउँछ, त्यहाँ बार्गेनिङ चल्छ, यो दिइस् भने छोड्छु नत्र छोड्दिनँ । यति प्रोपर्टी चाहिन्छ अथवा मसँग विवाह गर भनेर पनि ब्ल्याकमेलिङ हुन्छ,' थापा भन्छन्, 'मलाई वैधानिक श्रीमती बना भनेर प्रेसर दिन्छन्, युवकले नमानेपछि बलात्कारको मुद्दा लिएर आउँछन् ।'

लिभिङ टुगेदरलाई फेक बलात्कारको नाममा ब्लाकमेलिङको अस्त्र बनाइनुका पछाडि केटाले विवाह गर्न अस्वीकार गर्नु, एक-अर्काप्रति अविश्वास, मनमुटाव, विवाद तथा आर्थिक पक्ष मुख्य कारण देखिन्छन् । यद्यपि बन्द नेपाली समाज तथा पुरानो पुस्ताको मनोवैज्ञानिक पक्षले समेत यसको कारकका रूपमा काम गरेको विज्ञहरू बताउँछन् ।

युवतीसम्बन्धी काम गर्ने संस्था गर्ल्स नट ब्राइड नेपालका संस्थापक महासचिव खेम कार्की लिभिङ टुगेदरमा ब्रेक हुनु र यसलाई बलात्कार बनाइनुका पछाडिको मुख्य मनोवैज्ञानिक कारण पुस्तान्तरणलाई मान्छन् । 'यो मान्छेसँग बसियो भने समस्या हुन्छ भन्ने भएपछि छुट्टिन बलात्कारको मुद्दा हाल्ने वा ब्लाकमेलिङ गर्ने गरिएको पाइन्छ,' कार्की भन्छन्, 'यसका पछाडिको मुख्य मनोवैज्ञानिक कारण पुस्तान्तरण नै हो । नयाँ पुस्ताकाहरू लिभिङ टुगेदरमा बस्छन् तर अभिभावकहरूले त्यसैलाई अपराध मान्ने प्रवृतिका कारण मुद्दासम्म पुग्छन् ।'

मनोविद् करुणा कुँवरको बुझाइ पनि डा. कार्कीकै जस्तो छ । कुँवर सम्बन्धमा देखा पर्ने फरकपन, घरेलु हिंसा, सम्बन्धलाई लङ टर्म लाने विषयमा देखिने विवाद आदिजस्ता कारणले लिभिङ टुगेदरमा बसेका महिलाहरू बलात्कारको चार्ज लगाउने अवस्थामा पुग्ने कुरा बताउँछिन् । 'लिभिङ टुगेदरमा एउटाले लङ टर्म सोच्ने र अर्कोले लङ टर्म नसोच्ने । कल्चरल एस्प्याक्टमा नेपालमा महिलाहरू लिभिङ टुगेदर बसेपछि विवाह गर्नुपर्छ, लङटर्म जानुपर्छ भन्ने सोच्छन्,' कुँवर भन्छिन्, 'तर पुरुषले त्यसमा डिनाइ गरिदिँदा चार्ज लगाउने ठाउँ सिर्जना हुन्छ ।' कुँवरका अनुसार लिभिङ टुगेदर बस्दादेखि नै दुवै जनाबीच भोलिका लागि पूर्ण रूपमा तयारी नहुनु, प्रशस्त छलफल नचलाइनु, अरूले थाहा पाएर महिलालाई गाह्रो पर्ने अवस्था सिर्जना हुनु, महिलाको विवाहको उमेर घर्किनुजस्ता कारणले पनि उनीहरू लङ टर्म रिलेसनका पक्षमा हुन्छन्, तर पुरुषले त्यसलाई अस्वीकार गर्नेबित्तिकै त्यसले समस्याको रूप लिन्छ ।

काठमाडौं, पोखरा, धरान, विराटनगर, नेपालगन्ज, बुटवल, धनगढीजस्ता सहरमा लिभिङ टुगेदर फस्टाउँदो क्रममा देखिन्छ । मन मिलेका बेला लिभिङ टुगेदर बस्ने र मन फाटेका बेला बलात्कारको उजुरी दिने क्रम पनि उत्तिकै छ । आखिर किन यस्तो हुन्छ त ? 'लिभिङ टुगेदरमा काठमाडौं बाहिरबाट आउने मानिसहरू बढी देखिन्छन् । केटीहरू अभिभावकको अनुपस्थितिमा लिभिङ टुगेदरमा बस्छन्,' कार्की भन्छन्, 'अभिभावकले थाहा पाएपछि उनीहरूलाई छुटाउन पनि बलात्कारको

## कानुन निर्माण नै समस्या समाधान हो

**लिभिङ टुगेदर किन बलात्कार बन्छ ?**

मिल्दा लिभिङ टुगेदरमा बस्ने, सम्बन्धमा फाटो आएपछि केटीले आर्थिक लाभ प्राप्त गर्न डिमान्ड गर्ने गरेको देखिन्छ । विभिन्न कारणजस्तै आर्थिक कारण केटाकेटीको तेस्रो व्यक्तिसँग एक्स्टा अफेयर्स सुरु भएपछि मनमुटाव सुरु हुन्छ । विवाहको जस्तो लिभिङ टुगेदरमा केही प्रमाण पनि हुँदैन, अंश हक लिने कुरा पनि हुँदैन । त्यसैले केटालाई ट्र्यापमा पार्न वा आफूले भनेजति सम्पत्ति लिन रेपलाई हतियार बनाइन्छ ।

**यसले समाजमा कस्तो चुनौती खडा गरिरहेको छ ?**

ठूलो चुनौती खडा गरिसकेको छ । यसमा सबै कुरा अवैध हुन्छ । पहिलो कुरा जसरी लिभिङ टुगेदर बसिरहेका छन्, यो केटा र केटीबीचको सम्झौता नै गैरकानुनी छ । कानुनले यसलाई मान्यता प्रदान गरेको छैन । यो चीज नै गैरकानुनी भएपछि यसबाट निस्कने जति पनि परिणाम हुन्छन्, स्वत: अवैध हुने भैहाले । बच्चा जन्मियो भने त्यो पनि अवैध हुने भयो, उसले कोबाट नागरिकता लिने, कसको नाममा जन्म दर्ता गर्ने ? बुवा कसलाई मान्ने भन्ने समस्या खडा हुने भयो । यो सम्बन्ध नै अवैध भएपछि यसबाट निस्कने हरेक परिणाम अवैध हुन्छन् । यसले कानुनी तथा व्यवहारिक समस्या मात्र सिर्जना गरेको छैन, ठूला–ठूला अपराधसमेत जन्माउन सक्छ ।



मोहन थापा, डिएसपी, महानगरीय प्रहरी परिसर, काठमाडौं

**नेपालमा पनि लिभिङ टुगेदरको चलन बढिरहेको छ । मुख्य कारण के हो ?**

ढिलो विवाह गर्ने प्रचलन पनि एउटा कारण हो । वैदेशिक रोजगारीलगायत विभिन्न सिलसिलामा मानिसहरू विदेश जाने भएकाले विदेशको देखासिकी अर्को कारण हो, त्यहाँ त कानुनी मान्यता पनि छ । यो हाम्रा लागि अर्काको कल्चर एडप्ट गरिएको पनि हो । स्वतन्त्रता, सेयर गरेर बस्ने कल्चर, वैदेशिक रोजगार आदि पनि यसका कारण हुन् ।

**कानुनी रूपमा कस्ता समस्याहरू छन् ?**


कानुनी रूपमा त यसबाट निस्कने समस्या छ । बच्चा जन्मिएपछि अर्कै ठूलो समस्या छ । नाता, लोग्ने-स्वास्नीको सम्बन्ध, सामाजिक मान्यतालगायतका कुराहरूमा पनि तगारा छन् । लिभिङ टुगेदर बस्नेलाई नराम्रो मानेर काठमाडौंका घरबेटीले पनि त्यस्तो सम्बन्ध थाहा पाए घरबाट निकालिदिन्छन् । विवाह नगरी सँगै बस्ने कुरालाई हाम्रो सोसाइटीले पचाइसकेको छैन । लिभिङ टुगेदरमा सबैतिर तनाव छ ।

**समस्या पुरुषलाई बढी छ कि महिलालाई ?**

दुवैलाई चुनौती छ । केटाले दुई-तीन वर्ष राख्ने, विवाह नगर्ने, छाडिदिने र अलपत्र पार्नेसम्मको चुनौती हुन्छ । परिवार र समाजले थाहा पायो भने महिलाको विवाह नहुने सम्भावना हुन्छ । केटाहरू त धेरैजसो बलात्कारमै फसेका छन् । लिभिङ टुगेदर बसेपछि युवतीको माग पूरा नभएको अवस्थामा रेपको उजुरी हालिएका घटना प्रशस्तै छन् । कतिपय जेल पनि गएका छन् । लिभिङ टुगेदर रिलेसन ब्रेक हुनेबित्तिकै दुवैलाई समस्या छ ।

**यसको समाधानको उपाय के हुन सक्छ ?**

यो विषयमा कानुन निर्माण हुनुपर्छ, कि यसलाई अवैध घोषणा गर्नुपर्‍यो । हाम्रोमा त कानुन नै छैन, बस्न पाउने भन्ने पनि छैन, नपाउने भन्ने पनि छैन । बस्नेहरू बसिरहेका छन्, यस्तो चलन दिन-प्रतिदिन बढिरहेको छ ।



# विदेशमा कल्चर कि वाध्यता ?

रामजी ज्ञवाली

आठ वर्षअघि कलेज पढ्दा बुटवलका सबिन र प्रविनाबीच प्रेम बस्यो । आफ्नी सपनाकी राजकुमारीसँग प्रेममा बाँधिएपछि सबिन परिवारलाई जानकारी गराउन हतारिए । प्रविनालाई परिवारसँग चिनजान गराउन उनले गुल्मीबाट बुवाआमा पाल्पा बोलाए, बुटवलबाट प्रविनालाई लिएर आफू पाल्पा हान्निए । तानसेनस्थित एक कटेजमा बुवाआमा, सबिन र प्रविनाबीच लन्चसहित कुराकानी भयो । प्रमिलाले केही वर्षमा विवाह गर्ने योजना सबिनका बुवाआमालाई सुनाइन् ।

२०६७ सालदेखि प्रेमसम्बन्धमा बाँधिएका सबिन र प्रविना नजिकिएनन् मात्र, उनीहरू दुवैका परिवारसमेत नजिकिए । झन्डै ५ वर्ष डेटमा रमाएका सबिन-प्रविनाको जोडी काठमाडौं, पोखरा, लुम्बिनी, चितवनदेखि विभिन्न ठाउँमा हप्तौं लामो यात्रामा निस्कन्थे । परिवारको चिन्ता भएन, कसले गाली गरोस् ! यसबीच प्रविनाले सबिनसमक्ष एउटा प्रस्ताव राखिन्, 'अमेरिका जाने अनि उतै बस्ने ।' सबिनले काठमाडौंबाट आईएलटिएस गराए । दुई वर्षअघि प्रविनाले अमेरिकाको भिसा पाइन् । सबिन आफ्नो जीवन सुध्रिने कुरामा ढुक्क भए, कारण उनी आफ्नै लगानीमा प्रेमिकालाई अमेरिका उडाउँदै थिए । विदेश जाने क्रममा सम्पूर्ण खर्चसहित आफ्नी प्रेमीका एक्लै हुने भन्दै विभिन्न एजुकेसन कन्सल्टेन्सी धाउन थाले, साथी खोज्न । यत्तिकैमा प्रबिनाभन्दा झन्डै चार वर्ष कान्छा एक भाइ फेला परे । सँगै टिकट काट्ने निर्णय भयो । विदेश उड्नुअघि एउटा मन्दिरमा गोप्य रूपमा विवाह गरे उनीहरूले । विदेश जाने बेला आयो, सबिन, प्रविना र उनीहरूका परिवारले प्रविनालाई खुबै सम्झाए, 'केटा मान्छेको भर हुँदैन, आफूभन्दा सानो छ भन्दैमा धेरै विश्वास नगर्नू, भविष्यका बारेमा ध्यान दिनू, सबिन आएपछि तिमीहरू दुई जना सँगै भैहाल्छौ, डन्ट वरी ।'

प्रविना सबिनको १५ लाखजति लगानीमा विदेश उडिन् । वासिङ्टन पुगेपछि उनीहरू दुवै आ-आफ्नो घर पुगे । प्रविना र सबिनबीच दिनरात कुरा भैरहन्थ्यो, तर बिस्तारै प्रविना टाढा हुन थालिन् । नेपालमा रहेका उनका श्रीमान् सबिनले प्रविना किन यसरी टाढा भएकी हुन् भन्ने विषयमा जान्न खोजे । उनले कलेजको नम्बर पत्ता लगाए र सोधे । त्यो भाइसँग पनि सम्पर्क गरे । भाइले 'जन्डिस भएकाले बिरामी भै हस्पिटल हुनुहुन्छ दिदी, बाँकी मलाई थाहा भएन, म बस्ने त टाढा हो दाइ' भने । सबिनले उनीहरूको परिवारसँग सोध्दा भने कुरा भैरहेको थाहा पाए । खोज्दै जाँदा सबिनले अन्ततः सियाटलमा बस्ने एक जना दाइ फेला पारे । ती दाइसँगको कुराकानीवाट सबिनले पत्ता लगाए रहस्य । ती दाइले भने, 'भाइ राजा प्रविना बस्ने मेरै घरमा हो, ऊ त झन्डै १ वर्षदेखि ती भाइसँग लिभिङ टुगेदरमा छिन् यार !' प्रविना अमेरिका गएको सात दिनमै ती युवकलाई आफ्नो रुममा बोलाएर सँगै बस्न थालेकी रै'छिन् ।

कपिलवस्तुका सुदिप बेल्वासेले आफ्नी प्रेमिकाको अमेरिका पढ्ने भिसा लागेपछि काठमाडौंमा साथीभाइलाई बोलाएर भव्य पार्टी दिए । केही दिनपछि आफ्नै खर्चमा उनले प्रेमिकालाई अमेरिका उडाए । झन्डै ५ महिना दिनरात कुरा भए पनि त्यसपछि भने उनीहरू टाढिए । प्रेमिका टाढिन थालेपछि सुदीपलाई तनाव हुन थाल्यो । खोज्दै जाँदा थाहा भयो, उनकी प्रेमिका अरू कसैसँग लिभिङ टुगेदरमा छिन् । सुदीप उक्त कुरा थाहा पाएलगत्तै डिप्रेसनमा परे । झन्डै एक वर्ष औषधि सेवन गरी हाल उनी लगभग निको भैसकेका छन् । सुदिप भन्छन्, 'मलाई डर त लागिरहेको थियो, त्यतिका खर्च गरेर विदेश पठाए, पैसा पनि सकियो, फोकटको पीडा मात्र भयो ।' सुदीप अहिले पनि प्रेमिकामाथि विश्वास गरेर त्यत्रो लगानी गरेकामा पछुताइरहेका छन् ।

माथिका घटना सामान्य उदाहरण मात्र हुन् । विदेशमा पुग्ने नेपालीहरूबीच लिभिङ टुगेदर डढेलोका रूपमा बढ्दै गएको छ । अमेरिकामा रहेकी एक चर्चित अभिनेत्री लामो समयदेखि लिभिङ टुगेदरमा छिन् । अमेरिका आउजाउ गर्ने नेपालका एक चर्चित सेलिब्रेटी भन्छन्, 'न्युयोर्कमा बस्ने उहाँको लिभिङ टुगेदरको लफडा अमेरिका गएदेखि नै सुरु भएको हो, अहिलेसम्म आधा दर्जन केटा फेर्नुभयो होला ।'

अमेरिका, अस्ट्रेलिया, बेलायत, हङकङ, जापान आदि देश पुग्ने कतिपय नेपाली युवायुवती लिभिङ टुगेदरमा बस्नु नयाँ कुरा होइन । खर्च बचत गर्न तथा सेयरिङका लागि सजिलो हुने भएकाले अधिकांश युवायुवती लिभिङ टुगेदरमा बसेको पाइन्छ । बेलायत बसेर लामो समयदेखि म्युजिक भिडियो निर्देशन गर्दै आएका कुशल श्रेष्ठ भन्छन्, 'विभिन्न बाध्यता तथा आवश्यकताका कारण विदेशमा नेपालीहरू लिभिङ टुगेदरमा बसेको पाइन्छ, यो शैलीलाई यहाँ सामान्य रूपमा लिइन्छ ।' कतिपय विवाह गरौंला भनेर सँगै बस्छन् भने कोही आफ्ना आवश्यकताहरू पूरा गर्न मात्र । श्रेष्ठ थप्छन्, 'पहिले सँगै बस्दा विवाह गरौंला भनेर वाचा गर्छन्, तर अधिकांश भने छुट्टिन्छन् ।' विदेशमा बस्ने नेपाली युवायुवतीहरूमध्ये कतिपय नेपालमा भएका श्रीमान्-श्रीमतीलाई ढाँटेर लिभिङ टुगेदरमा बस्छन् । विदेशमा लिभिङ टुगेदरमा बस्दा न कानुनी झमेलाहरू छन्, न त समाजबाट बहिष्करणको चिन्ता नै ।

## पहिले साथ, पछि लात !

विदेशमा लिभिङ टुगेदरमा बस्ने युवा होस् वा युवती । उनीहरू त्यहाँको दैनिकी धान्न नसकेर पार्टनरको खोजिरहेको पाइन्छ । अमेरिकामा लामो समयदेखि अध्ययनरत काठमाडौंका शिशिर अधिकारी भन्छन्, 'म भर्खरै नेपाल आएर विवाह गरी फर्किए, तर अमेरिकामा आउने मेरा अधिकांश साथी लिभिङ टुगेदरमा फस्ने गरेका छन् ।' लिभिङ टुगेदरमा बस्ने युवा होस् वा युवती, संघर्षका बेला साथ खोज्ने र पछि आफू अलिकति व्यवस्थित भएपछि एकले अर्कालाई लात हान्ने परम्परा मौलाउँदो छ । 'कसैले कसैलाई माया गरेर लिभिङ टुगेदरमा बस्ने होइन,' उनले थपे, 'खर्च सेयर हुने र आफ्नो शारीरिक आवश्यकता पनि पूरा हुने भएकाले सँगै बस्छन् । आफन्तहरूले समेत कुनै कुरा थाहा नपाउने भएकाले यो संस्कृति विदेशमा बस्ने नेपालीहरूबीच मौलाउँदो छ ।'

सहरीकरणसँगै भागदौडपूर्ण जीवनमा एकअर्काको साथ, भावना साटासाट तथा तनाव कम गर्नसमेत उनीहरू लिभिङ टुगेदरमा बसेको पाइन्छ । जापानमा बस्ने काठमाडौंका ईश्वर ढकाल भन्छन्, 'सुरुमै यहाँ आउनेहरू अलिकति व्यवस्थित जीवनशैली बाँचिरहेका हुन्छन्, पछि आउनेहरूलाई जागिर फेला पार्न तथा यहाँको संस्कृतिमा भिज्न केही समय लाग्छ । विशेष गरी पछि आउने युवतीहरू लिभिङ टुगेदरका लागि पार्टनर खोजिरहेका हुन्छन्, किनभने उनीहरू पैसा र साथको खोजीमा हुन्छन् ।'

नेपालबाट उच्च शिक्षाका लागि विदेश जाने अधिकांश विद्यार्थीहरू लिभिङ टुगेदरको लफडामा परेको पाइन्छ । लामो समयदेखि अस्ट्रेलिया बस्दै आएका ईश्वरी ढकालका अनुसार लिभिङ टुगेदरमा बस्ने अधिकांश विद्यार्थी छन् तर अधिकांश सुरुमा मिले पनि पछि भने निकै ठूलो तनावमा पर्ने गरेका छन् । मैले सुन्दै र देख्दै आएको कुरा के हो भने, लाखौं खर्च गरेर यहाँ आएपछि अध्ययन र परिवारलाई केही खर्च पठाउनुपर्ने हुन्छ तर लिभिङ टुगेदरको लफडामा परेपछि न पैसा न अध्ययन भएर सडकमा झरेका धेरै विद्यार्थी देखेको छु, उनले भने, 'विशेष गरी युवतीहरू पछि नेपाल गएर विवाह गर्ने बेला कहीं-कतैबाट विदेशमा लिभिङ टुगेदरमा बसेको जानकारी पाएपछि युवतीहरू थप पीडामा पर्छन् ।' खर्च व्यवस्थापन गर्न र भावना साट्न विदेशमा आउने नेपालीहरूले यसलाई सामान्य रूपमा लिन्छन्, तर उनीहरू पछि भने सँगै बस्दैनन्, विभिन्न लफडा झिकेर छुट्टिन्छन्, -ढकालले भने ।

रोजगारीका सिलसिलामा बिदेसिने धेरै नेपालीले उतै आफ्नो लगनगाँठो कसेका छन् । आपसी सहमतिमा गरिएका अनौपचारिक तथा गुपचुप रूपमा कसिएका लगनगाँठोका घटना खाडी मुलुकमा समेत अनगिन्ती छन् ।

हङकङ बस्ने कतिपय युवायुवती लिभिङ टुगेदरमा बस्दै आएको साप्ताहिक संवाददाता अनोज रोक्का बताउँछन् । रोक्का भन्छन्, 'युवा होस् वा युवती, एकले अर्काको साथ खोजिरहेका हुन्छन् र अन्ततः सँगै बस्छन् ।' सुरुमा यहाँ आउँदा आफन्त कोही हुँदैनन्, महँगी अत्यधिक छ । लिभिङ टुगेदरमा खर्च पनि सेयर हुने र विदेश बस्न सहज समेत हुने भएकाले नेपाली युवायुवतीहरू लिभिङ टुगेदरमा बस्ने चलन व्यापक हुँदै गएको उनको भनाइ छ । हङकङमा फ्रिडम छ, परिवारले छोराछोरीहरू के गरिरहेका छन् भन्ने पत्तो पाउने कुरा भएन, उनले थपे, 'तर लिभिङ टुगेदरको केही महिना अथवा वर्षपछि भने विभिन्न बहानामा लफडा सुरु हुने र अन्ततः छुट्टिने धेरै छन् ।' कतिपय नेपाली युवतीहरू कसैलाई थाहा नदिई विदेशी युवाहरूसँग लिभिङ टुगेदरमा बस्ने गरेको समेत रोक्काले बताए ।

## न पैसा बच्यो, न जीवनसाथी

आफ्नै श्रीमान् अथवा श्रीमतीजस्तै बसेपछि सबै खर्च धान्नुपर्छ । सन्चोबिसन्चो होला, त्यो खर्च पनि दुवै जनाले मिलाउनुपर्‍यो । व्यक्तिगत आवश्यकताहरूका साथै कोठाभाडादेखि सबै कुरामा दुवै जनाले खर्च गर्नुपर्‍यो, तर स-साना कुरामा बिस्तारै लफडा सुरु हुन्छ । अस्ट्रेलियामा बस्ने कमल खड्का भन्छन्, 'एकैछिनको आवेशमा सँगै वस्ने निर्णय गर्छन् तर पछि उनीहरू न एकले अर्काको साथ पाउँछन्, न पैसा जोगाउन सक्छन् ।'

जापानमा बसोबास गर्दै आएका ईश्वर ढकालका अनुसार 'नेपालीहरू यहाँ आएपछि यहाँकै संस्कृतिमा घुलमिल हुन खोज्छन् । लिभिङ टुगेदर पनि यहाँको संस्कृतिजस्तै हो र उनीहरू लिभिङ टुगेदरमा बस्न रुचाउँछन् ।' लिभिङ टुगेदर केही रमाइलो तथा केही व्यक्तिगत आवश्यकता धान्न बसिए पनि यसले पछि भने धेरैलाई तनावमा पारेको उनको भनाइ छ । केही आत्महत्याका खबर पनि आएका छन् । कुरा बुझ्दै जाँदा उनीहरू लिभिङ टुगेदरमा बस्ने र खर्च अभाव तथा नेपालको रिन तिर्न नसक्ने कारणले त्यस्तो निर्णय लिइएको देखियो । ढकालले भने, 'लिभिङ टुगेदरमा बसेका अधिकांश पछि पछुताएको पाइन्छ ।'

मुद्दा हालिएको पाइन्छ ।'

हतारमा सम्बन्ध बनाउने र फुर्सदमा पछुताउने युवायुवतीको शैलीका कारण यस्ता घटना घट्ने थापाको तर्क छ । लिभिङ टुगेदर बस्नुपूर्व भविष्यका विषयमा प्रशस्त छलफल नहुनु, छिट्टै विश्वास गरेर रिलेसन सुरु गर्नु, विवाहका बारेमा स्पष्ट नहुनु, परिवारको मतलाई काट्न नसक्नु र सारतः लिभिङ टुगेदरलाई विस्तृत छलफलको विषय नबनाई सँगै बस्न हतार गर्नुजस्ता कारणले नेपालमा 'लिभिङ टुगेदर सम्बन्ध दुर्घटित' भएको पाइन्छ । विज्ञहरू यो गलत ट्रेन्डले वास्तविक बलात्कारका केसलाई समेत छायाँमा पार्नेतर्फ सचेत रहनुपर्ने बताउँछन् ।

## महिला पनि पीडित

काभ्रेकी एक २३ वर्षीया युवती ब्याचलर्स पढ्ने क्रममा काठमाडौंमा डेरा गरी बस्थिन् । उनका बुवाआमा दुवै रोजगारीका सिलसिलामा दुबईमा थिए । कलेजमा उनी आफ्नै सहपाठीसँग प्रेममा परिन् । चितवनका उनका प्रेमी पनि काठमाडौंमा डेरामै बस्थे । पछि दुवै सँगै बस्न थाले । झन्डै डेढ वर्ष सँगै बसेपछि युवतीका प्रेमीले उनीमाथि कुटपिटलगायतका अत्याचार गर्न थाले । सुरुका केही दिन उनले सहिन् । उनको अत्याचार झन्-झन् बढेपछि ती युवती प्रहरीकहाँ पुगिन् । पछि प्रहरीले उनका प्रेमीलाई सम्झाइ-बुझाइ फर्कायो ।

यो त एउटा उदाहरण मात्र हो । लिभिङ टुगेदरमा बसेका युवतीहरू घरेलु हिंसाको सिकार भएका यस्तै प्रकृतिका तीन दर्जनभन्दा बढी निवेदन काठमाडौं प्रहरी परिसरमा छन् । प्रहरीका अनुसार लिभिङ टुगेदरमा बसेका युवतीहरूमाथि कुटपिट, गाली-गलौज मात्र होइन, यौनजन्य हिंसा पनि हुने गरेको छ । नेपाली समाजमा लुकाउनुपर्ने सम्बन्ध भएका कारण यस्ता घटनामा पीडितमध्ये कति त प्रहरीसम्मै पुग्दैनन् । केही पुगिहाले पनि आफ्ना प्रेमीलाई श्रीमान्‌का रूपमा प्रस्तुत गरेर उसले आफूमाथि घरेलु हिंसा गर्ने गरेको उजुरी प्रहरीलाई दिन्छन् । यसबाहेक पुरुषले सन्तान स्वीकार नगर्ने, सन्तान छाडेर भाग्ने, पटक-पटक गर्भपतन गर्न लगाएपछि विवाह नगरी छाड्नेजस्ता समस्याको सिकार पनि महिलाहरू नै हुने गरेका छन् ।

लिभिङ टुगेदरमा रहँदाको अश्लील भिडियो बनाउने र पछि त्यसैलाई हतियार बनाएर ब्लाकमेलिङ अनि चरित्रहत्या गरिएका घटना पनि प्रहरीकहाँ प्रशस्तै छन् । लिभिङ टुगेदरमा रहने महिलाहरूको पीडा घरेलु तथा यौनजन्य हिंसामा मात्र सीमित छैन । नेपालमा गैरकानुनी र अवैध मानिने लिभिङ टुगेदर रिलेसनका कारण कहिलेकाहीं आत्महत्या र हत्यासम्मका घटनासमेत घटेका छन् । २१ वैशाख २०७३ मा लिभिङ टुगेदरमा रहेकी नुवाकोटकी १८ वर्षीया अन्जना थापाले आफ्नो ज्यानै गुमाइन् । उनले ज्यान गुमाउनुको कारण तीन वर्ष लामो लिभिङ टुगेदर थियो । अन्जना र उनका लिभिङ टुगेदर पार्टनर २८ वर्षीय श्याम श्रेष्ठबीच मोबाइलका विषयमा झगडा भएपछि श्यामले अन्जनाको हत्या गरेका थिए । यस्तै गत वैशाखमा गोरखाकी पूर्णिमा विकको पनि उनकै लिभिङ टुगेदर पार्टनर पर्साका विजय तामाङले गरे । सम्बन्धमा देखिएको मनमुटाव नै पूर्णिमाले ज्यान गुमाउनुको कारण थियो ।

***(व्यक्तिको निजत्वको सम्मान गर्दै यो आलेखमा उल्लेखित पात्रहरूको नाम परिवर्तन गरिएको छ ।)***

लेखक वार्ता

# बीपीले लेखेका चिठीहरू सुरक्षित छन्

अनुभवी राजनीतिज्ञ, कूटनीतिज्ञ, लोकप्रिय पुस्तक कूटनीति तथा राजनीतिका लेखक हुन्– रमेशनाथ पाण्डे । उनी त्यस्ता भाग्यमानी व्यक्ति हुन्, जसले १६ वर्षको उमेरमै तत्कालीन प्रधानमन्त्री बीपी कोइरालासँग भेट्ने अवसर प्राप्त गरे । १८ वर्षको उमेरमै राजा महेन्द्र र प्रधानमन्त्री बीपीबीच सम्पर्क सूत्र बनेका पाण्डे पाँच पटक मन्त्री भए । कुनै बेला उनी पत्रकारसमेत थिए । 'कूटनीति र राजनीति' पुस्तकपछि पाण्डे अहिले नेपाली राजनीति र साहित्यका शिखर पुरूष बीपी कोइरालासम्बन्धी पुस्तक 'क्रान्ति र प्रतिक्रान्ति' बजारमा ल्याउने तयारीमा छन् ।



रमेशनाथ पाण्डे

**राजनीति, अध्ययन, लेखन तथा सोसल नेटवर्कमा फैलिएको तपाईंको जीवन रमाइलो छ नि ?**

प्रश्न सुन्दा रमाइलो लाग्यो तर जवाफ खोज्दा हलुका मुस्कान र निधारमा गाँठो पार्ने बोझिलो दबाब महसुस भयो । मानव जीवनको दुई भाग हुन्छ, आत्मिय र बाहिरी । बाहिरको भागको दिनचर्या साविक बमोजिमको छ । शुभचिन्तकहरू विमर्शको चाहनामा भेट्न आउनु हुन्छ, विद्यार्थीहरू उत्सुकता लिएर अनि विभिन्न दलका नेता तथा कार्यकर्ताहरू विचार सुन्न अनि सल्लाह लिन आउनुहुन्छ । समय कसरी बित्छ, पत्तै हुँदैन । सदुपयोग भयो कि खेर गयो भनेर घोरिन्छु । आत्मिक पक्ष भने आफ्नो विश्वासको दबाब र अनुभवका आधारमा परिस्थितिको मूल्यांकन गर्ने अनि उत्साहले ल्याउने जाँगर वा निराशाको भेलले हुत्याउने छट्पटीसँग जोडिएको छ । छोटकरीमा यो प्रश्नको उत्तर उदासीनता र मुस्कान मिश्रित छ । आँखा उघ्रिदा अभिप्रेरित र चिम्लिदा अलिकति सन्तोष अनि अलिकति विरक्तता नै सक्रिय जीवनको वास्तविकता हो ।

**सामाजिक सञ्जालमा निक्कै सक्रिय देखिनु हुन्छ । यसको रमाइलो पक्ष के हो ?**

म सामाजिक सञ्जालमा ५२ हजारभन्दा बढीसँग जोडिएको छु । आफ्नो विचार सुनाउन पाउने, जनताको प्रतिक्रिया जान्न पाइने, प्रत्यक्ष सम्पर्क नभएकाहरूको पनि स्नेह अनुभूति हुने, सुझाव पाइने सामाजिक सञ्जाल मलाई मन पर्छ ।

**तपाईंको अध्ययन र अनुभवका आधारमा जीवन यात्राको इन्धन के हो ?**

आँखा खोलेर, चेतनाको आडमा दिउँसै देखेको सपना नै जीवन यात्राको इन्धन हो । यसले नै मानिसलाई मसानसम्मको लामो यात्रा गराउँछ । यात्रा अघि बढ्दै जाँदा सपना बिपनामा परिणत हुँदै जान्छ, चाहना पूरा गर्ने सीप परिमार्जित हुँदै जान्छ, अभिप्रेरणा गहिरिँदै जान्छ । जीवन मृत्युतर्फ निर्देसित यात्रा हो । यो यात्रा नटुङ्गिँदै सपना पूरा गर्ने चाहना हुन्छ । मानिसैपिच्छे फरक-फरक सपना हुन्छन्, तर देशलाई फाइदा हुने सपना देख्नुपर्छ । मरेपछि पनि जीवितै रहने प्रयास गर्नुपर्छ ।

**तपाईंको पछिल्लो पुस्तक कूटनीति र राजनीतिले बजारमा नयाँ कीर्तिमान बनाएपछि पुस्तक लेखनबाट विश्राम लिनुभएको हो ?**

होइन, विश्राम भन्ने शब्द त मेरो शब्दकोशमै छैन । पाठकहरूबाट पाएको अपार स्वीकृतिकै कारण 'कूटनीति र राजनीति' ले बजारमा नयाँ कीर्तिमान बनाउन सकेको हो । काठमाडौं र बाहिरका जिल्लाहरूमा आयोजित समारोहहरूमा भाग लिन जाँदा पाठकहरू, विशेष गरी गुरु, विद्यार्थी र युवाहरूले देखाएको उत्साहयुक्त सहभागिता एवं पुस्तकको मूल्यांकनले मेरो जाँगर बढाएको छ । दोस्रो पुस्तक 'क्रान्ति र प्रतिक्रान्ति' प्रकाशनको तयारी हुँदैछ । आजको आवश्यकता सुहाउँदो र भविष्यका लागि उपयुक्त शासन व्यवस्थाको खोजीमा नेपालले गरेका क्रान्ति र भोगेका प्रतिक्रान्तिहरू अनि प्रतीक्षा गरेको वा हठात आएको अर्को क्रान्ति अनि त्यसलाई पच्छ्याइरहेको प्रतिक्रान्तिको अटुट श्रृंखला यो नयाँ पुस्तकको विषय हो । बीपी कोइरालाले सुन्दरीजल सैनिक जेलबाट मलाई लेख्नुभएको हस्तलिखित चिठीहरू पनि यो पुस्तकमा समावेश हुनेछन् ।

**बीपीका चिठीहरू कुन विषयमा केन्द्रित छन् ?**

विभिन्न विषयहरू समेटिएका छन्- राजनीति, क्रान्ति र प्रतिक्रान्ति, धर्म र साहित्य । उहाँका नेपाली र भारतीय मित्रहरूका बारेमा । बीपीको राष्ट्रिय मेलमिलापको मन्त्र अहिले पनि जपिन्छ तर कसले उहाँलाई यो मन्त्र दियो ? उहाँका सबै पुस्तक जेलमै लेखिएका थिए । ती पुस्तक लेख्न कसले उहाँलाई दबाब दियो ? त्यतिबेला कम्प्युटर थिएन, निश्चय नै कलमले लेख्नुभयो । कहाँ छ त्यो कलम ? बीपीमा मानवीय संवेदनशीलता कस्तो थियो ? बीपीका सोखहरू, बलिया र कमजोर पक्ष, बानी बेहोरा, अध्ययन आदि धेरै विषय यसले समेटेको छ । सबैभन्दा ठूलो कुरा बीपीका विचारहरूको आधिकारिक दस्तावेज हुनेछन्- यी चिठीहरू ।

### लेखनमा आउन चाहने युवाहरूलाई सल्लाह

दैनिक डायरी लेख्नुहोस्, नयाँ र पुराना पुस्तकहरू पढ्नुहोस् अनि सिर्जनासँग प्रेम गर्नुहोस् । ब्युँझिएकै बेला सपना देख्नुहोस्, त्यसलाई अध्ययन र अनुभवका आधारमा लिपिबद्ध गर्ने बानी बसाल्नुहोस् अनि आफ्नो लेखनलाइ आफैं परिमार्जित गर्नुहोस् । अरूको नक्कल नगर्नुहोस् ।



# मोबाइलमा विश्वकप




**विश्वकप प्रारम्भ भएपछि जताततै यसको चर्चा छ । उक्त गेमको प्रत्येक रोमाञ्चक क्षणलाई धेरैले छुटाउन चाहँदैनन्, तर सधैं यो अवसर उपलब्ध नहुन सक्छ । त्यसैले आफ्नो मोबाइलमै गेम हेर्न सकियो वा यसका बारेमा जानकारी लिन सकियो भने धेरै सहज हुन सक्छ । यसका लागि विभिन्न एप्स प्रयोग गर्न सकिन्छ । गुगलमा 'फिफा वर्ल्ड कप लाइभ' टाइप गरेर सर्च गर्दा धेरै नतिजा आउँछन् । तीमध्ये कुनै एप प्रयोग गरी विश्वकप हेर्न सकिन्छ । यस्ता अनगिन्ती एप्स हाल गुगल प्ले स्टोर तथा एप स्टोरमा उपलब्ध छन् ।**

### कान्तिपुर टिभी एचडी

कान्तिपुर टिभीले विश्वकपलाई लक्षित गरी विशेष एप उपलब्ध गराएको छ। उच्च गुणस्तरीय दृश्य हेर्न सकिने यो एप प्रयोग गरी लाइभ फुटबल हेर्न पाउनुका साथै अन्य विभिन्न जानकारीसमेत लिन सकिन्छ। यो एप खोल्दा सुरुमै लाइभ नाउ इन्टरफेस आउँछ।

### वाउटाइम

नेपाल टेलिकमले आफ्ना ग्राहकका लागि वाउटाइम एप्स उपलब्ध गराएको छ। उक्त एप प्रयोग गरी विश्वकप फुटबल लाइभ हेर्न पाउनुका साथै खेलका बारेमा विभिन्न नोटिफिकेसनसमेत प्राप्त गर्न सकिन्छ। कम्पनीले यसका लागि विशेष डाटा प्याकेज पनि उपलब्ध गराएको छ।




### फुटबल वर्ल्ड-२०१८

हाम्रो पात्रोले नयाँ एप फुटबल वर्ल्ड-२०१८ सार्वजनिक गरेको छ। उक्त एपमा खेल तालिका, टाइमलाइन, खेलको ताजा अपडेट तथा रिमाइन्डर एवं फुटबल प्रेमीहरूका लागि रुचिकर जानकारी उपलब्ध हुन्छ। यो एपमा आफूलाई मन पर्ने टिमलाई 'फेब' गर्न मिल्ने सुविधासमेत छ।

### २०१८ फिफा वर्ल्ड कप रसिया

फिफाको आधिकारिक एप '२०१८ फिफा वर्ल्ड कप रसिया' डाउनलोड गरे सबै टिमसँग जोडिएको रियल टाइम इन्फर्मेसनका साथै स्कोरसमेत हेर्न सकिन्छ। त्यसैगरी यसमा खेलसँग सम्बन्धित एक्सक्लुसिभ भिडियो तथा तस्बिरहरू उपलब्ध छन्। विश्वकपमा सम्मिलित ३२ वटै टिमसँग सम्बन्धित सबै जानकारी प्राप्त गर्न सकिने यो एपमा खेल सुरु भएपछि नोटिफिकेसन आउन थाल्छ।

### सोनी लाइभ

सोनी लाइभ भिडियो अन डिमान्ड प्लेटफर्म हो। यसमा पनि फिफा वर्ल्डकपको लाइभ स्ट्रिमका साथै लेटेस्ट स्कोर, अपडेट, भिडियो हाइलाइट आदि हेर्न सकिन्छ। यो एप पनि नि:शुल्क उपलब्ध हुन्छ।

### ईएसपीएन

यस पटकको विश्वकपका लागि ईएसपीएनले डेडिकेटेड एप उपलब्ध गराएको छ। यसमार्फत विश्वकपको लाइभ स्कोर तथा समाचार अपडेट हेर्न सकिन्छ।

यसबाहेक अन्य धेरै एप्स उपलब्ध छन्, जस्तै : फिफा, फोटमोब, याहु स्पोर्ट्स, एपिक स्पोर्ट्स, वानफुटबल सकर न्युज आदि। यीमध्ये कुनै एप पनि प्रयोग गरी फुटबल खेलको मज्जा लिन सकिन्छ।

# हाइटेक पाइन्टको प्रयोग




खेलाडीहरूले फरक-फरक तापक्रममा खेल्नु निकै चुनौतीपूर्ण हुन्छ। सेन्ट पिटर्सबर्गको औसत तापक्रम १२ डिग्री छ भने भोल्गोग्रेडमा ३३ डिग्री सेल्सियस। यही फरक तापक्रममा अनुकूलता मिलाउन इंग्ल्यान्डका खेलाडीहरूले हाइटेक 'हट पाइन्ट' को प्रयोग गरे। ब्याट्रीजडित उक्त पाइन्टले मांसपेशीलाई औसत तापक्रममा राख्छ। खेलाडीहरूले यो पाइन्ट टिम मिटिङ, प्राक्टिस म्याचभन्दा पहिले तथा हाफ टाइम आदिमा प्रयोग गर्छन्।

# आइसिटी एवार्ड

लिभिङ विथ आइसिटीको आयोजनामा आइसिटी एवार्ड-२०१८ वितरण गरिने भएको छ। काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजकहरूले आगामी भदौ १ गते तेस्रो संस्करणको आइसिटी एवार्ड हुन लागेको जानकारी दिएका हुन्।

एवार्डमा आइसिटी क्षेत्रका विभिन्न ७ विधा समेटिएको छ, जसअन्तर्गत बेस्ट स्टार्टअप आइसिटी एवार्ड, बेस्ट प्रोडक्ट आइसिटी एवार्ड, आइसिटी पायोनियर एवार्ड, नेपाली डायस्पोरा आइसिटी एवार्डसहित नयाँ विधाका रूपमा डिजिटल गभर्नेन्स एवार्ड, आइसिटी आन्ट्रप्रेनियर एवार्ड तथा आइसिटी मिडिया एवार्ड समावेश छन्।

स्टार्टअप कम्पनी एवार्ड तीन वर्षभित्रका आइटी कम्पनीले प्रतिस्पर्धा गर्ने एवार्ड हो भने आइसिटी प्रडक्ट एवार्डमा एक वर्षभित्रका आइटी प्रोडक्टहरूबीच प्रतिस्पर्धा गराइनेछ। यसैगरी पायोनियर एवार्डमा १५ वर्षभन्दा बढी समय आइटी क्षेत्रमा योगदान दिने प्रतिष्ठित व्यक्तिलाई प्रदान गरिन्छ। आइसिटी डायस्पोरा एवार्ड विदेशमा रहेर पनि नेपालको प्राविधिक क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिलाई दिइनेछ। यसपटक थपिएको आइसिटी इन्ट्रप्रेनियर एवार्डअन्तर्गत कम्तीमा ५ वर्षदेखि कम्पनीको संस्थापक भएर काम गरिरहेका उद्यमीलाई सम्मान गरिनेछ।

आइसिटी एवार्डअन्तर्गत डिजिटल गभर्नेन्स एवार्ड सूचना प्रविधिको सदुपयोग एवं व्यवस्थापन गर्दै सर्वसाधारणलाई छिटोछरितो सेवा दिने सरकारी निकाय वा संस्थालाई प्रदान गरिन्छ। आइसिटी मिडिया एवार्ड कम्तीमा तीन वर्ष यो विधामा पत्रकारिता गरिरहेका पत्रकारले प्राप्त गर्न सक्नेछन्।


# ६२ प्रतिशतले टिभीमा हेर्छन् विश्वकप




विश्वकप फुटबल हेर्न अहिले पनि धेरैले टिभी नै प्रयोग गर्छन्। स्टाटिस्टाको रिपोर्टअनुसार स्मार्टफोन तथा भिडियो स्ट्रिमिङ सुविधा उपलब्ध भए पनि अहिले पनि ६२ प्रतिशतले टिभीमै विश्वकप हेरिरहेका छन्। विश्वका २५ प्रतिशत व्यक्तिले इन्टरनेट प्रयोग गरी विश्वकप हेर्छन् भने अहिले पनि ६ प्रतिशतले रेडियोमा कमेन्ट्री सुनेर चित्त बुझाइरहेका छन्। मोबाइलमा १३ प्रतिशत तथा ट्याब्लेटमा ८ प्रतिशतले विश्वकप हेर्छन्। यो अनलाइन सर्वेक्षणमा विश्वका २७ देशका १२ हजार २ सय ७ व्यक्ति सम्मिलित थिए। सन् २०१४ को विश्वकप ३ अर्ब २० करोड व्यक्तिले टिभीमा हेरेका थिए।





# जसको प्रतिष्ठा दाउमा छ



विश्व फुटबलको नियम नै हो, आफूलाई महान् खेलाडी सावित गर्नु छ भने विश्वकपमा त्यसलाई प्रमाणित गरेर देखाऊ । विश्वकप त हो, पेले र डिएगो म्याराडोना जस्ता खेलाडीलाई स्थापित गर्ने । उनीहरूले विश्वकपमा गज्जब खेले र सबैको मन जिते । उनीहरूले आफ्नो क्लबका लागि कस्तो खेले, अरु प्रतियोगितामा के कस्तो गरे, त्यो गौण हुने गरेको छ । अरू जे-सुकै र जतिसुकै प्रतियोगिता जिते पनि विश्वकपको उपाधि हात पार्न नसकेसम्म त्यसको केही अर्थ हुँदैन ।

पछिल्लो एक दशकभन्दा बढी समय विश्व फुटबल दुई खेलाडीमा रुमल्लिएको छ, अर्जेन्टिनाका लियोनल मेसी र पोर्चुगलका क्रिस्टियानो रोनाल्डो । उनीहरू विश्व फुटबलले पाएका सबैभन्दा राम्रा खेलाडी हुन् । मेसी र रोनाल्डो उत्कृष्ट खेलाडी हुन्, यसमा कुनै दुविधा पनि छैन । त्यसैले त उनीहरूले पालै पालो एकपछि अर्को वर्षको उत्कृष्ट खेलाडीको पुरस्कार जित्दै आएका छन् । उनीहरूको उत्कृष्ट खेलाडीको होडमा एकछत्र राज छ ।

प्राय: विवाद पनि हुन्छ, मेसी राम्रा कि रोनाल्डो ? तर त्यससँगै जोडिएर आउने अर्को तथ्य के पनि हो भने उनीहरूले अहिलेसम्म विश्वकप जित्न सकेका छैनन् । त्यसैले उनीहरू विश्वकपसँग जोडिएर आउने स्थापित नाम होइनन । यसपल्ट उनीहरूको प्रदर्शन कस्तो हुने हो ? सबैको नजर त्यतैतिर छ । यो प्रश्न यसपल्ट किन पनि गहन छ भने विश्वकप-२०१८ उनीहरूका लागि सम्भवत: अन्तिम विश्वकप हुनेछ । यसपटक रूसमा उनीहरूले आफूलाई प्रमाणित गर्नुपर्नेछ, किनभने उनीहरूले अर्को अवसर पाउने छैनन् ।

चार वर्षअघि अर्जेन्टिना फाइनलसम्म पुगेको थियो, तर जर्मनीको हातबाट पराजित भयो । त्यति बेला मेसीले विश्वकप ट्रफिलाई जसरी नजिकबाट नियालेका थिए, त्यसलाई लिएर कैद भएको तस्बिर अझै चर्चित छ । मेसीको समस्या के हो भने उनले आफ्नो क्लब बार्सिलोनाका लागि सबथोक जितिसकेका छन्, तर अर्जेन्टिनाका लागि भने केही पनि जित्न सकेका छैनन । अर्जेन्टिना पछिल्ला दुई कोपा अमेरिकाको फाइनलमा समेत पुगेको थियो ।

अर्जेन्टिना दुवै पटक चिलीको हातबाट पराजित भयो । मेसीले विश्वकप त के, कोपा अमेरिका पनि जित्न सकेका छैनन् । अर्जेन्टिनाका लागि यसरी लगातार उपाधि जित्न असफल रहेकै कारण उनले एकपटक अन्तर्राष्ट्रिय फुटबलबाट संन्याससमेत लिए । पछि फुर्सदमा पश्चाताप गर्दै फेरि त्यसलाई फिर्ता पनि लिए । मेसीमाथि संन्यास लिने चर्को दबाब पनि थियो । यसपल्ट पनि अर्जेन्टिना उपाधिको बलियो दावेदार हो र अन्तिम पटक मेसीको खेल जीवन दाउमा छ भने उनी समक्ष आफूलाई विश्वकपमा प्रमाणित गर्ने अवसर समेत ।

मेसीसँग जति बलियो टिम छ, त्यत्तिकै बलियो टिम रोनँल्डोसँग भने छैन । भलै दुई वर्षअघि पोर्चुगलले युरो जितेर देखाएको थियो, तर त्यसक्रममा न त रोनाल्डोको खेल उत्कृष्ट थियो, न त पोर्चुगलले प्रशंसा गर्न योग्य खेल खेलेको थियो । पोर्चुगललाई यसपटक कसैले पनि उपाधिको दावेदार मानेका छैनन् । यस्तोमा आफूलाई प्रमाणित गर्न रोनाल्डो अझ बढी दबाबमा हुनेछन्, मेसीभन्दा पनि बढी । यस्तै स्थिति ब्राजिलका नेयमारको पनि हुनेछ ।

पछिल्लो विश्वकपमा ब्राजिल सेमिफाइनलमा रोकिएको थियो । त्यसअघि ब्राजिल र नेयमारको यात्रा भने सुमधुर रह्यो । नेयमारले राम्रो खेले, तर अन्तिम चारमा जर्मनीको सामना गर्नुअघि चोटग्रस्त भए । अहिले पनि उनी चोटग्रस्त छन्, तर उनले आफू धेरै हदसम्म चोटबाट मुक्त भएको प्रमाणित गरिसकेका छन् । नेयमारसँग बलियो न बलियो टिम छ । ब्राजिल त उपाधिको सबैभन्दा बढी प्रवल दावेदार हो, नम्बर १ नै ।

यस्तोमा नेयमार मात्र कसरी दबाबबाट मुक्त रहन सक्छन् र ? लगभग यस्तै स्थितिबाट इजिप्टका खेलाडी मोहमद सलाह पनि गुज्रिने छन् । त्यसो त उनको टिमले विश्वकप जित्छ भनेर कसैले दाबी गरेका छैनन् । सबैभन्दा महत्त्वपूर्ण प्रश्न त के हो भने सलाहले खेल्ने हुन् अथवा होइन, त्यो पनि टुंगो छैन । सलाह अहिले चोटग्रस्त छन् । यसपटकको क्लब फुटबलमा सबैभन्दा चर्चित नाम सलाहकै रह्यो । उनले लिभरपुरका लागि गज्जब खेले र मेसी तथा रोनाल्डोलाई टक्कर दिए ।

यदी सलाह चोटबाट मुक्त भएर खेल्छन् भने उनीमाथि दबाब हुनेछ, लिभरपुलका लागि जस्तो खेलेका थिए, त्यस्तै खेल दोहोऱ्याउने । उनकै खेलमा भर पर्नेछ, इजिप्टले समूह चरण काट्नेछ कि छैन भन्ने कुरा । फ्रान्सका पउल पोग्बा पनि यसपटकको विश्वकपमा उत्तिकै दबाबमा रहने खेलाडी हुन् । लामो समयपछि फ्रान्स फेरि एकपल्ट उपाधिको दावेदार भएको छ । फ्रान्सले साँच्चै राम्रो गर्ने हो भने पोग्बाले पनि राम्रो खेल्नु पर्नेछ, तर यी २५ वर्षीय खेलाडीले आफूलाई प्रमाणित गर्न सकिरहेका छैनन् ।

उनी नेयमारपछि दोस्रो महँगा खेलाडी हुन् । म्यानचेस्टर युनाइटेड आएयता उनी फिक्का-फिक्का देखिएका छन् । फ्रान्सका लागि पनि उनले राम्रो गर्न सकिरहेका छैनन । यस्तोमा आफ्नो नाममाथि जोडिएर आउने मूल्यप्रति उनले न्याय गर्नुपर्नेछ र राम्रो खेल्नु पर्नेछ । प्रतिष्ठाको दाउबाट पूराका पूरा दुई टिम पनि गुज्रिनेछन् र ती हुन्, इंग्ल्यान्ड र बेल्जियम । इंग्ल्यान्डसँग स्टार खेलाडीको कुनै कमी छैन, न त टिम नै खराव छ, तर विश्वकपमा इंग्ल्यान्डले पनि राम्रो गर्न सकेको छैन ।

त्यसमाथि इंग्लिस प्रिमियर लिग विश्वकै सर्वाधिक लोकप्रिय र बढी हेरिने लिग हो । फेरि एकपटक पूरा इंग्लिस टिम दबाबमा हुनेछ । यस्तै स्थिति बेल्जियमको छ । अहिले बेल्जियम आफ्नो स्वर्णिम पुस्ताका खेलाडीबाट गुज्रिरहेको छ । युरोमा पनि बेल्जियमलाई सम्भावित विजेताका रूपमा हेरियो, तर त्यहाँ उसले केही गर्न सकेन । अहिले पनि त्यस्तै स्थिति छ । बेल्जियमका अधिकांश खेलाडी आफ्नो क्लबका लागि त राम्रो खेलिरहेका छन्, तर देशका लागि त्यस्तै प्रदर्शन गर्नबाट चुकिरहेका छैनन् । त्यसैले यो टिम पनि यसपटक उत्तिकै दबाबमा हुनेछ ।

# डेब्यु टिम पनामा र आइसल्यान्ड



यसपटक दुई देशले विश्वकपमा डेब्यु गर्दैछन् । पहिलो पटक फुटबलको सर्वोच्च प्रतियोगिता खेल्न लागेका यी दुई टिम आइसल्यान्ड र पनामामाथि सबैको नजर हुनेछ । उनीहरूले कसरी विश्वकपको यात्रा तय गरे, त्यो अरू धेरै देशका लागि प्रेरणा पनि हुन सक्छ । संयोगले दुवै देश क्षेत्रफल र जनसंख्याको दृष्टिकोणले साना छन् ।

## पनामा

धेरैले यसपटकको विश्वकपमा छुटेको प्रमुख देशमा अमेरिकाको नाम लिन्छन् । अमेरिका छनौट हुन नसक्नुको कारण हो, उक्त क्षेत्रबाट पनामाको उदय । अहिले पनामाको फुटबल त्यहाँको स्वर्णिम पुस्ताबाट गुज्रिरहेको छ र कम्तीमा विश्वकपका लागि उनीहरू हकदार पनि देखिन्छन् । पनामाले कनकाकेफ विश्वकप छनौटको अन्तिम दिन मात्र रुसको टिकट काटेको हो । त्यो दिन पानामाले कोस्टारिकालाई २-१ ले हराएको थियो ।



छनौटका लागि त्यो मात्र पर्याप्त कारण थिएन । त्यही दिनको अर्को खेलमा अमेरिका ट्रिनिडाड एन्ड टोबागोबाट २-१ ले नै पराजित भयो । पनामाको अन्तिम दिनको जितपनि रेफ्रीको निर्णयका कारण विवादास्पद रह्यो, तर त्यसले पनामालाई छनौट हुनबाट रोक्न सकेन । रुसमा पनामाले समूह चरणमा बेल्जियम, इंग्ल्यान्ड तथा ट्युनिसियाविरुद्ध खेल्नेछ । उसका लागि यो समूह ‘जी’ कठिन हुनेछ र एक अंक बटुल्नु पनि ठूलो उपलब्धि मानिनेछ ।

पनामाको टिममा युरोपेली लिग खेलेको अनुभव प्राप्त चार जना खेलाडी छन् । तीमध्ये जेमी पेनेडो टिममा मुख्य र अनुभवी खेलाडी हुन् । यी ३६ वर्षीय गोलरक्षक कप्तान पनि हुन् । कोलम्बियाली प्रशिक्षक हर्नन गोमेज सन् २०१४ देखि यो टिमसँग आबद्ध छन् । यहाँ उल्लेख गर्नै पर्ने तथ्य के पनि हो भने पनामाको क्षेत्रफल ७५ हजार ४ सय १७ स्क्वायर किलामिटर छ भने जनसंख्या ४० लाखभन्दा केही बढी मात्र छ ।

## आइसल्यान्ड

आइसल्यान्डको चर्चा गर्दा सबैभन्दा पहिले यसको क्षेत्रफल र जनसंख्यामा नजर लगाउनु पर्ने हुन्छ । यो देशको क्षेत्रफल १ लाख २ हजार ७ सय ७५ स्क्वायर किलोमिटर छ, तर जनसंख्या भने चार लाख भन्दा कम । यति कम जनसंख्या भएको देशबाट विश्वकप खेल्ने उत्कृष्ट २३ खेलाडीको टिम बनाउनु पनि ठूलो उपलब्धी हो ।

दुई वर्षअघि युरो-२०१६ मा छनौट हुँदै राम्रो प्रदर्शन गर्न सफल भएपछि आइसल्यान्डको फुटबल चर्चामा आउन थालेको थियो ।

युरोको प्रदर्शन संयोग मात्र थिएन् । युरोपेली छनौटको समूह ‘आई’ मा शीर्ष स्थानमा रहेर स्वत: छनौट भएको थियो आइसल्यान्ड । यो समूहमा उसले क्रोएसिया, युक्रेन तथा टर्की जस्ता टिमलाई पछाडि छाडेको थियो ।


आइसल्यान्डका प्रशिक्षक हेमिर हालगिमसन हुन् । २०१६ देखि टिममा छन् । टिमका स्टार खेलाडी भने गेल्फि सिगुर्डसन हुनेछन । उनी एभरटनबाट खेल्छन्, तर अहिले केही हदसम्म चोटबाट गुज्रिरहेका छन् । आइसल्यान्ड समूह ‘डी’ मा छ र यो समूहका अरु टिम हुन्, अर्जेन्टिना, क्रोएसिया तथा नाइजेरिया । तय छ, आइसल्यान्डका लागि यो समूह कठिन सावित हुनेछ ।

# रूसमा नदेखिने पाँच प्रमुख देश




विश्वकप फुटबलका प्रत्येक संस्करणमा कुनै न कुनै ठूला टिम छुट्ने गरेका छन् । यसले पनि देखाउँछ, विश्वकपमा छनौट हुनु पनि उत्तिकै चुनौतीपूर्ण छ, जत्तिको विश्वकप खेल्नु । विश्वकप-२०१८ मा भने केही ठूलै टिम छुटेका छन् र यसले केही हदसम्म पूरा प्रतियोगिताको मज्जा बिगारेको छ । यति महत्वपूर्ण टिम छुटेको यो नै पहिलो विश्वकप हुन सक्छ । यद्यपि यसले ती देशलाई भविष्यका लागि ठूलो शिक्षा समेत दिएको छ ।





### इटाली

यसपटकको विश्वकपमा नदेखिने सबैभन्दा ठूलो फुटबल शक्ति हो– इटाली । यो खबरले धेरैलाई स्तब्ध पनि पारेको छ । यसअघि इटाली सन् १९५८ मा एक पटक मात्र विश्वकपमा छनौट हुन असफल भएको थियो । स्विडेनविरुद्धको युरोपेली प्ले-अफमा चुकेपछि इटालीको रूस जाने बाटो बन्द भएको हो । चार पटकको विश्वकप विजेता इटालीको फुटबल आफैंमा ओरालो लागेको विश्लेषण गरिएको छ र यसै कारणले यो टिम छनौट हुन सकेन । पछिल्लो विश्वकपमा इटाली नकआउट चरणसम्म पनि पुग्न सकेको थिएन् । उमेर समूहको युरोपेली प्रतियोगिताहरूमा इटालीले राम्रो गरिरहेको हुँदा इटालीबाट भविष्यमा राम्रो प्रदर्शनको आशा गर्न सकिन्छ ।

### नेदरल्यान्ड

अर्को फुटबल महाशक्ति हो– नेदरल्यान्ड । यो नै त्यही देश हो, जहाँ 'टोटल फुटबल' को सोचको जन्म भएको थियो, तर इटाली जस्तै डच फुटबल पनि ओरालो लागेको छ र यसका प्रमाण पनि उत्तिकै छन् । नेदरल्यान्ड्स यसपटकको विश्वकपमा मात्र होइन, दुई वर्षअघिको युरोकपमा पनि छनौट हुन असफल भएको थियो । अहिले पनि नेदरल्यान्ड्सँग विश्वस्तरीय खेलाडी नभएका होइनन्, तर एउटा टिमका रूपमा उसले राम्रो गर्न सकिरहेको छैन । केही ठूलै परिवर्तन नभएसम्म डच फुटबल माथि आउनेमा शंका छ ।

### क्यामरुन

विश्वकप फुटबलबाट आफ्नो परिचय बनाएको देश हो– क्यामरुन । विश्वकपको इतिहासमा क्यामरुन सबैभन्दा सफल अफ्रिकी देश पनि हो । सन् १९९० मा क्यामरुन क्वाटरफाइनलसम्म पुगेको थियो र यो नै अफ्रिकी देशको सबैभन्दा ठूलो सफलता हो, तर यी कुरा अब इतिहास भैसकेका छन् । विश्वकपमा लगातार आकर्षक टिम रहँदै आएको क्यामरुनले अफ्रिकी छनौटमा फिक्का प्रदर्शन गर्‍यो र रूसको टिकट काट्नबाट वञ्चित भयो । संयोग कस्तो भने जुन वर्ष क्यामरुनले अफ्रिकी कप अफ नेसन्स जित्यो, त्यही वर्ष विश्वकप छनौटमा भने खराब प्रदर्शन गर्‍यो ।

### चिली

संयोग कस्तो पनि छ भने यसपटकको विश्वकपमा जहाँ अफ्रिकी च्याम्पियन हुने छैन, त्यहाँ दक्षिण अमेरिकी विजेता टिम पनि हुने छैन । चिली त्यही दुर्भाग्यशाली टिम हो । चिली पछिल्ला दुई संस्करणको कोपा अमेरिका विजेता हो । दुवै अवसरमा चिलीले अर्जेन्टिनालाई हराएको थियो । यद्यपि यही टिम दक्षिण अमेरिकी विश्वकप छनौटको छैटौं स्थानमा रह्यो, जुन आफैंमा निराशाजनक थियो । एक समय यो छनौटमा अर्जेन्टिनाको सम्भावना कमजोर देखिएको थियो । अर्जेन्टिनाले राम्रो गर्न थालेयता त्यसको सबैभन्दा ठूलो मार चिलीलाई पर्‍यो ।

### अमेरिका

अफ्रिका तथा दक्षिण अमेरिका मात्र होइन, यसपटकको विश्वकपमा कनकाकाफ गोल्डकप विजेता टिम अर्थात्– अमेरिका पनि हुनेछैन । अहिले अमेरिका र रूसबीच राम्रो सम्बन्ध चलिरहेको छैन । दुवै महाशक्तिबीच फेरि एकपटक शीतयुद्धको स्थिति छ । अमेरिकाले रूसमा खेल्न पाएको भए, त्यसको चर्चा नै अर्कै हुने थियो, तर त्यस्तो अवसर जुटेन । छनौटमा एक समय मजबुत साबित भएको अमेरिका अन्तिम दुई खेलमा मेक्सिको र कोस्टारिकासँग पराजित भयो र निकै निर्दयी तरिकाले विश्वकपबाट बाहिरियो ।




# नदेखिने ठूला स्टार

यसपटकको विश्वकप २०१८ मा जसरी केही ठूला टिम अनुपस्थित रहने छन्, त्यसरी नै केही ठूला नाम पनि देखिने छैनन् । यसपटकको विश्वकपले यी खेलाडीको प्रदर्शन गुमाउने छ । यी स्टार खेलाडी हुँदा हुन् त प्रतियोगिताको रौनक नै अर्कै हुने थियो ।

### गेराथ बेल

सन् २०१६ को युरोमा गेराथ बेलको वेल्सले राम्रो प्रदर्शन गरेको थियो, तर उक्त टिम यसपटकको विश्वकपमा भने छनौट भएन । उनी यसपटकको विश्वकपमा छुट्ने सबैभन्दा ठूलो नाम हुन सक्छन् । रियल म्याड्रिडले युरोपेली च्याम्पियन्स लिगमा प्राप्त गरेको सफलतामा उनको ठूलो हात रह्यो । फाइनलमा लिभरपुलविरुद्ध उनले गरेका दुई गोल निर्णायक रहे । बेल यसपटक नयाँ क्लबको खोजीमा छन् र उनले राम्रै मूल्य पनि पाउनेछन् ।

### एलेक्स सान्चेज

म्यानचेस्टर युनाइटेडका एलेक्स सान्चेज इंग्लिस प्रिमियर लिगमा सर्वाधिक पारिश्रमिक लिने खेलाडी हुन् । उनी प्रत्येक साता ३ लाख पाउन्डको हाराहारीमा तलब थाप्छन् । आर्सनलबाट पछिल्लो सिजन मात्र म्यानचेस्टरमा आएका चिलीका यी खेलाडीले आफ्नो बलियो प्रदर्शनकै कारण यति धेरै महत्त्व पाएका हुन् । यद्यपि सान्चेजले आफ्नो टिमलाई भने विश्वकपसम्म पुर्‍याउन सकेनन् । उनकै खेलको बलमा चिली पछिल्ला दुई कोपा अमेरिकामा त विजयी भयो, तर विश्वकप छनौटको महाभारत भने जित्न सकेन ।

### पिरेर एमरिक एबामेयाङ

अफ्रिकाबाट यसपटकको विश्वकपमा छनौट हुन असफल एक प्रमुख टिम ग्याबोन पनि हो । यसै कारण रूसमा यसका स्टार खेलाडी पिरेर एमरिक एबामेयाङ पनि देखिने छैनन् । पिरेर बोर्सिया डर्टमन्डका लागि जर्मन बुंडेसलिगामा तहल्का मच्चाएयता इंग्ल्यान्ड आएका छन् र केही समयअघि मात्र आर्सनलसँग अनुबन्ध गरेका छन् । अर्को सिजन उनी आर्सनलका प्रमुख खेलाडी हुनेछन् र उनीबाट राम्रो प्रदर्शनको अपेक्षा पनि गरिएको छ, तर उनको खेल रूसमा देखिने छैन ।

### आर्जेन रोबिन

आर्जेन रोबिन आफ्नो खेल जीवनको अन्त्यतिर पुगिसकेका छन्, तैपनि उनको खेल उत्तिकै स्तरीय छ । बायर्न म्युनिखको लगातार सफलतामा यी डच खेलाडीको ठूलो भूमिका छ । उनले यसपटक रूसमा खेल्न पाएको भए, त्यो उनको अन्तिम विश्वकप हुन्थ्यो, तर रोबिन दुर्भाग्यशाली रहे । उनकै आँखा अगाडि नेदरल्यान्डको फुटबल ओरालो लाग्दै गयो र रोबिन त्यसलाई निराशापूर्वक हेरिरहन बाध्य भए । डच टिम विश्वकपमा छनौट हुन नसक्नु उनका लागि कतिसम्म दुखदायी थियो भने उनले त्यही पीडामा अन्तर्राष्ट्रिय फुटबलबाटै सन्यास लिए ।


### जियानलुगी बुफोन

यसपटकको विश्वकप गुमाउने सबैभन्दा ठूला स्टार हुन सक्छन्- गोलरक्षक जियानलुगी बुफोन । इटालीले विश्वकप छनौट गुमाउँदा यी भेट्रान खेलाडीले मैदानमा आफ्नो आँसु रोक्न सकेनन् । कति पीडादायी थियो, इटाली छनौट नहुनु उनका लागि । इटाली यसपटकको विश्वकपमा छनौट भएको भए, यो बुफोनको अन्तिम ठूलो प्रतियोगिता हुने थियो । उनले खेलाडीका रूपमा क्लबदेखि देशका लागि धेरै उपाधि जिते, तर यसपटक आफ्नो टिमलाई विश्वकपमा छनौट भने गराउन सकेनन् ।




# सम्भावित युवा स्टार

अझै पनि धेरैले सन् १९५८ को विश्वकपलाई एउटा कारणका लागि सम्झिन्छन् र त्यो हो, त्यति बेलाका १९ वर्षीय खेलाडी पेले । त्यति बेला विश्व फुटबलकै सबैभन्दा महान् खेलाडी किशोर अवस्थामै थिए, तर उनले उक्त विश्वकपमा उत्कृष्ट फुटबल प्रस्तुत गरे । त्यही विश्वकपदेखि त हो, वास्तविक पेलेको उदय भएको । प्रत्येक विश्वकपले कुनै न कुनै युवा स्टार पनि दिएर जान्छ । को हुन सक्छन् त यसपटकका स्टार फुटबलर ?




**आन्द्रे सिल्भा, पोर्चुगल**

एसी मिलानका लागि उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीमा हुन्- २२ वर्षीय स्ट्राइकर आन्द्रे सिल्भा । उनले युरोपा लिगमा मिलानका लागि सुदृढ प्रदर्शन गरे । पोर्चुगालको राष्ट्रिय टिममा उनको प्रवेश भएको पनि लामो समय भएको छैन, तर यसबीच उनले आफूलाई सिद्ध गर्ने अवसर छाडेका छैनन । इंग्ल्यान्डका केही ठूला क्लबले पनि उनमा रूचि देखाइरहेका छन् ।



**अल्भारो ओड्रिजोला, स्पेन**

रियल सोसिडाडका २२ वर्षीय डिफेन्डर अल्भारो ओड्रिजोला विश्वकप खेल्ने स्पेनी टिममा पर्दा केहीले आश्चर्य व्यक्त गरे, तर जसले उनको खेल हेरिरहेका छन्, उनीहरूका लागि त्यो अप्रत्याशित थिएन । उनले सोसिडाडका लागि ५० भन्दा बढी खेल खेलिसकेका छन् । स्पेनी फुटबलमा एक पुस्ता पूर्ण विरामतर्फ अग्रसर भएको स्थितिमा अल्भारोको भविष्य राम्रो मान्न सकिन्छ । त्यसैले त रियल म्याड्रिड र बार्सिलोना जस्ता टिम पनि उनको पछाडि लागेका छन् ।



**हिरभिङ लोजानो, मेक्सिको**

पछिल्लो सिजनको डच लिगमा पीएसभीका लागि तहल्का मच्चाएका खेलाडी हुन्– मेक्सिकोका हिरभिङ लोजानो । पीएसजीले महँगो मूल्यमा उनलाई बोलाएपछि यी २२ वर्षीय खेलाडीले त्यसको इज्जत पनि राखे । उनले पीएसभीका लागि १९ गोल गरे, त्यो पनि विन्गरका रूपमा । त्यसैले त युरोपका अरु ठूला क्लबले उनमा आँखा लगाइरहेका छन् । लोजानोल मेक्सिकोका लागि सुरुदेखि नै खेल्ने निश्चित छ र उनको खेलले धेरै हदसम्म मेक्सिकोको भाग्यसमेत निर्धारण गर्नेछ ।



**पिने सिस्टो, डेनमार्क**

पिने सिस्टोको जन्म युगान्डामा भएको थियो, तर उनी केही महिनाको मात्र हुँदा उनको पूरा परिवार डेनमार्कमा बसाई सऱ्यो । पिनेले त्यहीं फुटबल खेल्न सिके र अहिले उनी डेनमार्कको फुटबलका उदियमान स्टार हुन् । भर्खर २३ वर्ष पुगेका सिस्टोले सन् २०१६ मा ला लिगा क्लब सेल्टा भिगोसँग अनुबन्ध गरेका थिए । त्यसपछि उनी क्लबका प्रमुख खेलाडी भएका छन् । पिनेका पछाडि अरू ठूला युरोपेली क्लब लागिपरेका छन् ।



**क्रिस्टियन पाभोन, अर्जेन्टिना**

२२ वर्षीय क्रिस्टियन पाभोनले अझै अर्जेन्टिनामै खेलिरहेका छन् भने युरोपका धनी क्लबहरू उनलाई अनुबन्ध गर्न लागि परेका छन् । पाभोन विन्गरका रूपमा निकै तीव्र गतिमा खेल्न माहिर छन्, । अर्जेन्टिनाको विश्वकप छनौटमा उनले खासै खेलेनन्, तर त्यसले उनलाई विश्वकप-२०१८ खेल्ने अर्जेन्टिनी टिममा पर्नबाट रोक्न सकेन । पाभोनलाई लियोनल मेसीलाई साझेदारी दिने खेलाडीका रूपमा पनि लिइएको छ । मेसीले हाइटीविरुद्ध हालै गरेको गोलमा पाभोनले नै पास मिलाएका थिए ।

# क्लब फुटबलको दबदबा



रुसमा जारी २१ औं विश्वकप फुटबलमा विभिन्न देशका ७ सय ३६ जना फुटबल खेलाडी सहभागी छन् । तीमध्ये ५ सय २७ जना खेलाडी आफ्नो मुलुकको नभई विदेशी क्लबका लागि फुटबल खेल्छन् । रुस पुग्ने टिममध्ये इंग्ल्याण्ड मात्र यस्तो टिम हो जसका सबै खेलाडी आफ्नै देशका व्यवसायिक क्लबबाट फुटबल खेल्छन् । बाँकी ३१ देशबाट खेलिरहेका अधिकांश खेलाडी अर्काको देशको व्यवसायिक क्लबबाट फुटबल खेल्छन् । तीमध्ये पनि सेनेगल र स्वीडेनको फुटबल टिममा परेका कुनै पनि खेलाडी आफ्नो देशको क्लबका लागि खेल्दैनन् ।

स्वीट्जरल्याण्ड, आइसल्याण्ड, नाइजेरिया तथा बेल्जियमको टिममा समावेश खेलाडीहरूमध्ये एक/एक खेलाडी मात्र आफ्नो देशको क्लबका लागि खेल्छन् । समग्रमा हेर्ने हो भने विश्वकपमा सहभागी ७ सय ३६ जना फुटबल खेलाडीमध्ये २ सय ९ खेलाडी अर्थात् २८ प्रतिशतले मात्र आफ्नो देशको क्लबका लागि खेल्छन् भने बाँकी ७२ प्रतिशत खेलाडी विदेशी क्लबहरूसँग अनुबन्धित छन् । इंग्ल्याण्डका सबै २३ जना फुटबल खेलाडी आफ्नै देशको क्लबबाट खेल्छन् भने रुसका २३ खेलाडीमध्ये २१ जना आफ्नै देशका क्लबबाट खेल्छन् । यो मामिलामा स्पेन र साउदी अरेबिया पनि अगाडि छन् । साउदी अरेबियाका २० तथा स्पेनका १९ जना खेलाडी स्वदेशी क्लबबाट खेल्छन् ।

### विश्वकपमा कुन क्लबका कति खेलाडी ?

व्यवसायिक भएका कारणले विश्वकपमा व्यवसायिक फुटबल क्लबको दबदबा हुनु स्वभाविक हो । व्यवसायिक क्लबहरूको दबदबामा पनि इंग्ल्याण्डका क्लबहरू अगाडि छन् । इंग्ल्याण्डको चर्चित इंग्लिस प्रिमियर लिग विजेता म्यानचेस्टर सिटीका १६जना खेलाडी विश्वकपमा छन् । जसमा इंग्ल्याण्ड र ब्राजिलका ४/४, अर्जेन्टिना र बेल्जियमका २/२ तथा फ्रान्स, जर्मनी, पोर्चुगल र स्पेनका १/१ जना खेलाडी छन् । त्यसबाहेक इंग्ल्याण्डकै टोटेनह्याम हटस्पर क्लबका १२, चेल्सीका १२ तथा म्यानचेस्टर युनाइटेडका १२ जना खेलाडी विश्वकपमा आ-आफ्नो देशबाट देखिनेछन् ।

यसैगरी स्पेनको रियल म्याड्रिडका १५ जना खेलाडीले विश्वकपमा आ–आफ्नो देशको प्रतिनिधित्व गर्नेछन् । विश्वकपमा देखिने सबैभन्दा धेरै ५ जना खेलाडीले स्पेनका तर्फबाट विश्वकप खेल्दैछन् भने क्रोसियाका ३, ब्राजिलका २ तथा कोस्टारिका, फ्रान्स, जर्मनी, मोरक्को र पोर्चुगलका १/१ जना खेलाडीले आ-आफ्नो देशबाट खेल्दैछन् । त्यसैगरी स्पेनकै अर्को क्लब बार्सिलोनाका १४ जना खेलाडी विश्वकपमा देखा पर्दैछन् । तीमध्ये स्पेनबाट ४, ब्राजिल र फ्रान्सबाट २/२, अर्जेन्टिना, बेल्जियम, कोलम्बिया, क्रोयसिया, जर्मनी र उरुग्वेबाट १/१ जना खेलाडीले विश्वकप खेल्दैछन् ।

अन्य क्लबको हकमा फ्रान्सको पेरिस सेन्ट जर्मेन क्लबबाट खेल्ने १२ जना खेलाडी, जर्मनीको बार्यन म्युनिखबाट खेल्ने ११ जना खेलाडी पनि आ–आफ्नो देशबाट विश्वकप खेल्दैछन् । यो तथ्यमा अर्को रोचक कुरा के छ भने विश्वकपमा ६० वर्षपछि छनोट हुन नसकेको इटालीको क्लब जुभेन्ट्सबाट खेल्ने ११ जना खेलाडीले पनि आ–आफ्नो देशबाट विश्वकप खेल्दैछन् ।

अर्को रमाइलो तथ्य के पनि छ भने अहिलेका सर्वाधिक चर्चित फुटबल खेलाडीहरूमध्ये टोट्नह्याम हटस्परबाट खेल्ने इंग्ल्याण्डका ह्यारी केन, बार्यन म्युनिखबाट खेल्ने जर्मनीका थोमस मुलर तथा रियल म्याड्रिडबाट खेल्ने सर्जियो रामोस मात्र यस्ता खेलाडी हुन् जसले क्लब फुटबल पनि स्वदेशी क्लबबाटै खेल्छन् ।






# मेक्सिकोको जितका लागि लात

मेक्सिकोको जितका लागि एक वेदरगर्लले मेक्सिकाकै एक न्युज च्यानलमा प्रदर्शन गरेको हर्कत सामाजिक सञ्जालमा भाइरल भएको छ । कसैको भाग्यमा खराब नजर लाग्यो भने बम्पमा लातले हानेपछि राम्रो हुन्छ भन्ने मान्यता मेक्सिकनहरूमा छ । वेदरगर्ल यानेट ग्रासियाले मेक्सिको फुटबल टिमको दुर्भाग्य हटाउन दुई साथीलाई बोलाइन् र आफ्नो बम्पमा लात हान्न लगाइन् । यता रूसमा भएको प्रतिस्पर्धामा जब मेक्सिकोले जर्मनीलाई जित्यो, त्यसपछि यानेटको यो कार्य सोसल साइटमा ट्रेन्डिङमै आयो । यानेटको फर्मुलाले काम गरेकाले नै मेक्सिकोले जर्मनीविरुद्ध जित हात पारेको कतिपय मेक्सिकनको विश्वास छ ।

# म्याराडोनाले माफी मागे

अर्जेन्टिनाका डिएगो म्याराडोना जति राम्रा खेलाडी थिए, उनको व्यवहार उत्तिकै खराब हुन्छ । उनी प्रायः आफ्नो कुलतका कारण विवादमा पर्छन् भने उनको आलोचना पनि उत्तिकै हुन्छ । म्याराडोना अहिले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको निम्तोमा मस्कोमा छन् । म्याराडोनाले त्यहाँ अर्जेन्टिनाको खेल पनि हेरे । त्यसक्रममा उनले भीआईपी बक्समै बसेर सिगार ताने । उनले त्यहाँ सिगार पिएको तस्बिर भाइरल समेत भयो । पछि सबैले त्यसको आलोचना गरेपछि म्याराडोनाले माफी माग्दै भने, 'मलाई रंगशालामा धूम्रपान गर्नु हुँदैन भन्ने कुरा थाहा थिएन ।' म्याराडोना यस्तै खालका छन् । लागू पदार्थको कुलतकै कारण उनी धेरै पटक मृत्युको मुखमा पुगिसकेका छन् ।



# पेरू फुटबल टिमकी गर्लफ्रेन्ड

विश्वकपमा पेरुको फुटबल टिम डेनमार्कसँग पराजित भए पनि स्टेडियममा भने धेरैको नजर पेरु टिमकी गर्लफ्रेन्डको नामबाट चिनिने निशु कौटीमा थियो । निशुलाई धेरैले पेरु फुटबल टिमकी गर्लफ्रेन्ड भन्छन्, किनभने उनी पेरु फुटबल टिमकी डाईहर्ट फ्यानमध्ये एक हुन् ।

पेरुले जब फुटबल प्रतिस्पर्धा जित्छ वा गोल हान्छ, त्यतिबेला निशु आफ्नो फरक स्टाइलका साथ त्यसलाई सेलिब्रेट गर्छिन् । पेरु विश्वकपमा छनौट हुँदा उनले आफ्नो वाचाबमोजिम आफ्ना अन्तरंग तस्बिर सोसल साइटमा पोस्ट गरिन् । करिब ३ वर्ष पहिले कोपा अमेरिका कपमा उनले स्टेडियममा सेलिब्रेट गरेको तस्बिर भाइरल भएपछि नै उनको यो पहिचान बनेको हो ।

# रोनाल्डोको मूर्ति हटाइयो

पोर्चुगलको मेडिरो विमानस्थलको नाम नै छ- क्रिस्टियानो रोनाल्डो । आफ्ना प्रख्यात फुटबल खेलाडीको सम्मानमा सरकारले अन्तर्राष्ट्रिय विमान स्थलको नाम राखेको हो । त्यसक्रममा त्यहाँ रोनाल्डोको अर्धकदको मूर्तिसमेत राखिएको थियो, जुन अहिले हटाइसकिएको छ । जुन दिन रोनाल्डोले




विश्वकप-२०१८ मा स्पेनविरुद्ध ह्याट्रिक गरे, त्यही दिन त्यो मूर्ति हटाइएको बताइन्छ । यसरी मूर्ति हटाउनुको कारण भने त्यसको अनुहार रोनाल्डोको वास्तविक अनुहारसँग पटक्कै नमिलेर हो । यो विषयलाई लिएर रोनाल्डोका विरोधीले उनलाई सामाजिक सञ्जालमा उडाए पनि ।



# नेयमारकी गर्लफ्रेन्ड कन्फ्युजनमा

ब्राजिलियन फुटबल खेलाडी नेयमारकी पूर्व गर्लफ्रेन्ड सोरजा वुसेलिक ब्राजिल वा सर्बिया कुन टिमको समर्थन गर्ने भन्ने कन्फ्युजनमा छिन् । उनले एक टीभी अन्तर्वार्तामा नेयमारको ब्राजिललाई समर्थन गर्ने कि आफ्नो देश सर्बियाको टिमलाई भन्नेमा दोधार भएको बताएकी छिन् । सोरजा सर्बियन प्लेब्वाइ मोडल हुन् । नेयमारसँग उनको पहिलो भेट सन् २०14 मा भएको थियो । आफ्नो निजी जेटमा बिदा मनाउन स्पेन गएपछि उनीहरूको सम्बन्ध सार्वजनिक भएको थियो ।




# यो साताको खेल तालिका

| | |
|---|---|
| असार ८ गते<br>राति ११:४५ बजे | खेल नं. २३<br>अर्जेन्टिना विरुद्ध क्रोयसिया |
| असार ८ गते<br>साँझ ८:४५ बजे | खेल नं. २४<br>ब्राजिलविरुद्ध कोस्टारिका |
| असार ८ गते<br>साँझ ८:४५ बजे | खेल नं. २५<br>नाइजेरिया विरुद्ध आइसल्यान्ड |
| असार ८ गते<br>साँझ ११:४५ बजे | खेल नं. २६<br>सर्बियाविरुद्ध स्वीजरल्यान्ड |
| असार ९ गते<br>साँझ ५:४५ बजे | खेल नं. २७<br>बेल्जियमविरुद्ध ट्युनिसिया |
| असार ९ गते<br>साँझ ८:४५ बजे | खेल नं. २८<br>दक्षिण कोरियाविरुद्ध मेक्सिको |
| असार ९ गते<br>राति ११:४५ बजे | खेल नं. २९<br>जर्मनीविरुद्ध स्वीडेन |
| असार १० गते<br>साँझ ५:४५ बजे | खेल नं. ३०<br>इंग्ल्यान्डविरुद्ध पनामा |
| असार १० गते<br>साँझ ८:४५ बजे | खेल नं. ३१<br>जापानविरुद्ध सेनेगल |
| असार १० गते<br>साँझ ८:४५ बजे | खेल नं. ३२<br>पोल्यान्डविरुद्ध कोलम्बिया |
| असार ११ गते<br>साँझ ७:४५ बजे | खेल नं. ३३<br>साउदी अरेबियाविरुद्ध इजिप्ट |
| असार ११ गते<br>साँझ ७:४५ बजे | खेल नं. ३४<br>उरुग्वेविरुद्ध रसिया |
| असार ११ गते<br>राति ११:४५ बजे | खेल नं. ३५<br>इरानविरुद्ध पोर्चुगल |
| असार ११ गते<br>राति ११:४५ बजे | खेल नं. ३६<br>स्पेनविरुद्ध मोरोक्को |
| असार १२ गते<br>साँझ ७:४५ बजे | खेल नं. ३७<br>अस्ट्रेलियाविरुद्ध पेरु |
| असार १२ गते<br>साँझ ७:४५ बजे | खेल नं. ३८<br>डेनमार्कविरुद्ध फ्रान्स |
| असार १२ गते<br>राति ११:४५ बजे | खेल नं. ३९<br>नाइजेरियाविरुद्ध अर्जेन्टिना |
| असार १२ गते<br>राति ११:४५ बजे | खेल नं. ४०<br>आइसल्याण्डविरुद्ध क्रोएसिया |
| असार १३ गते<br>साँझ ७:४५ बजे | खेल नं. ४१<br>दक्षिण कोरिया विरुद्ध जर्मनी |
| असार १३ गते<br>साँझ ७:४५ बजे | खेल नं. ४२<br>मेक्सिको विरुद्ध स्वीडेन |
| असार १३ गते<br>राति ११:४५ बजे | खेल नं. ४३<br>स्वीजरल्यान्डविरुद्ध कोस्टारिका |
| असार १३ गते<br>राति ११:४५ बजे | खेल नं. ४४<br>सर्बियाविरुद्ध ब्राजिल |
| असार १४ गते<br>साँझ ७:४५ बजे | खेल नं. ४५<br>सेनेगलविरुद्ध कोलम्बिया |
| असार १४ गते<br>साँझ ७:४५ बजे | खेल नं. ४६<br>जापानविरुद्ध पोल्यान्ड |
| असार १४ गते<br>राति ११:४५ बजे | खेल नं. ४७<br>इंग्ल्यान्डविरुद्ध बेल्जियम |
| असार १४ गते<br>राति ११:४५ बजे | खेल नं. ४८<br>पनामाविरुद्ध ट्युनिशिया |

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

असार १० गते
निर्जला एकादशी व्रत

## मेष

समकक्षीहरूको सुझाव अनुसरण गर्दा मेहनत खेर जानेछैन। सामाजिक सक्रियताले परिवारकै प्रतिष्ठा वृद्धि गर्नेछ। सामान्य बाधा भए पनि जल एवं फलको सेवनले स्वास्थ्य अनुकूल बनाउनेछ। साताको अन्त्यमा सूर्यको आराधना गरे स्वास्थ्य तथा समृद्धिको ढोका खोलिनेछ।

## वृष

स्वरोजगारीको अवसर पाइनेछ। साथीभाइसँग भ्रमण गर्दा आफ्नै धन खर्च हुनेछ। कर्मचारी वर्गका निम्ति स्थान परिवर्तन वा अन्य नयाँ अवसर प्राप्त हुने सम्भावना छ। महत्वपूर्ण व्यक्तिहरूसँग परिचित भै जिम्मेवारी वहन गर्न पाइएला।

## मिथुन

दुई आत्मावीचको सुन्दर सम्बन्ध निकै अघि बढिसकेको अवस्था छ। सामाजिक क्षेत्रमा कीर्तिमानी कार्य गरी लोकप्रियता आर्जन गरिनेछ। ठूलाबडासँगको प्रत्यक्ष भेटघाटका कारण योजनाहरू सम्पन्न गर्न सकिनेछ। घरको आर्थिक समस्या निर्मूल गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्नुपर्ने हुनसक्छ।

## कर्कट

उपल्लो दर्जाका व्यक्तिहरूको दबाबमा गरिएको कार्यले मन खल्लो बनाउनेछ। सोचेजस्तो अवसर प्राप्त गर्न नीलो रंगको पहिरन शुभ सावित होला। बुधबारपछिका दिनहरू अनुकूल नै हुनेछन्। प्रेमको गाँठो कसिन सक्छ। दिगो आम्दानी हुने मार्ग पहिल्याउन केही समय कुर्नुपर्ने हुन्छ।

## सिंह

विभिन्न कुराले पारिवारिक गुनासो बढ्न सक्छ। आफ्नो मेहनत तथा लगनशीलताको अरूले प्रशंसा गर्नेछन्। विवेक नपुऱ्याई हतारमा गरिएका कार्यले नोक्सान पुऱ्याउला। जिम्मेवार भै व्यवहार गरे समस्याबाट स्वतः मुक्त हुन सकिनेछ। साताको अन्त्यमा फजुल खर्चले पिरोल्नेछ।

## कन्या

सरोकार नभएको विषयमा चासो राख्दा दुःख पाइनेछ। आइतबारदेखि कतिपय बाधा स्वतः हट्नेछन् भने रचनात्मक काम गरेर धेरैलाई आकर्षित गर्न सकिनेछ। गल्ती सच्याउने प्रतिबद्धताले प्रतिष्ठा वृद्धि गर्ला। ठूलाबडाको प्रेरणाले समस्याको जरा पहिल्याउन सकिनेछ।

## तुला

अवरोध खडा गर्नेहरू सक्रिय रहे पनि हिम्मतका साथ काममा जुट्नुहोला। अभिभावकहरूसँग वैचारिक द्वन्द्व सिर्जना हुनेछ भने आफ्ना कमजोरीप्रति उनीहरूको गुनासो बढ्न सक्छ। शुभचिन्तकहरूले विभिन्न जिम्मेवारी दिलाउनेछन्। सप्ताहन्तमा लक्ष्य प्राप्त गर्न सकिनेछ।

## वृश्चिक

पारिवारिक सरसल्लाहमा दुविधा सिर्जना हुनसक्छ। नगद सापटी लिएका मित्रले समयमा वचन पूरा नगर्दा आर्थिक समस्यामा परिनेछ। साथीहरूसँग मनोरञ्जनमा संलग्न हुँदा स्वास्थ्यसम्बन्धी समस्याले सताउला। सवारी साधन चलाउँदा संयम अपनाउनुहोला।

## धनु

कार्य सञ्चालनमा आईलागेका बाधाहरू फुकुवा हुनेछन्। आफूले गरेका प्रयत्न परिणाममुखी सावित होलान्। मन पराउने साथीले दोहोरो मनस्थितिका कारण मन खोलेर कुरा गर्न सकेका छैनन्। भैतिक सुविधाका साधन खरिद गर्ने अवसर जुट्नेछ। कुनै पनि निर्णय गर्न ढिलाइ नगर्नुहोला।

## मकर

नयाँ किसिमको योजना तर्जुमामा समय खर्चनुपर्ने अवस्था छ। धन प्राप्तिका निम्ति पेसा-व्यवसाय एवं स्थान परिवर्तन हुनसक्छ। आफ्नो सामर्थ्य बिर्सिएर अर्काको देखासिकी गर्न खोज्दा क्षति बेहोर्नुपर्ने हुन सक्छ। सप्ताहन्तमा लक्ष्य प्राप्त गर्न सकिनेछ।

## कुम्भ

साझेदारीमा थालिएको कार्यले फाइदा पुऱ्याउदै अन्य अवसरको ढोका खोल्नेछ। रोजगारी तथा पदोन्नतिका लागि कडा मेहनत गर्नुपर्ला। नयाँ स्थानको भ्रमणका कारण खर्च वृद्धि हुने भएकाले आवश्यक खर्चको जोहो गर्नुपर्नेछ। सेतो रंगको प्रयोगबाट थप उपलब्धि हात पार्न सकिन्छ।

## मीन

मुनाफा हात पर्ने व्यवसाय सुरुवात गर्न साझेदारहरूबीच मत मिल्नेछ। लगानी गरेअनुरूप भविष्यका निम्ति जग बस्नेछ। चियोचर्चा गर्नेहरूबाट सावधान रहनुहोला। मंगलबारपछिका दिनहरूमा पूण्य आर्जन गर्न सकिनेछ। जुस तथा पहेंला फलफूलको सेवनमा विशेष जोड दिनुहोला।

**अब हाम्रो पालो**

# वर्ल्डकप कसले जित्छ जस्तो लाग्छ ? किन ?

जर्मनी, पोर्चुगल, अर्जेन्टिना, ब्राजिलमध्ये एउटाले जित्छ।
**तालबहादुर**

मेरो समर्थन फ्रान्सलाई।
**सुवास लम्साल**

स्पेनले।
**दीपक सिम्खडा**

जति बूढो भए पनि बाघ भनेको बाघ नै हो, त्यसैले यसपालिको वर्ल्डकप ब्राजिलले नै जित्छ।
**उपेन्द्र सुवेदी**

अर्जेन्टिनाले जित्छ।
**लक्ष्मण खत्री**

मेरो दृष्टिमा पोर्चुगलले जित्छ।
**सुरेश थापा**

मेरा लागि फ्रान्स नै उत्कृष्ट छ।
**राजनप्रसाद धमला**

रसियामा हुने वर्ल्डकप जर्मनीले जित्छ।
**पौडेलको छोरो**

खेलमा कहिल्यै ठोकुवा गर्न सकिँदैन। तैपनि अर्जेन्टिनाले जिते राम्रो।
**दमन आङ्तेम्बे**

मेरा लागि जर्मनीले जिते पनि ब्राजिलले जिते पनि उस्तै। म यी दुवै देशलाई समर्थन गर्छु।
**निभना पौडेल**

सधैं जर्मनीले जित्छ भनेर


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**



CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८**, ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९





> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
> १. तपाईंको राशिफल कतिको मिल्छ ?

समर्थन गर्थे तर यसपालिको हिरो ब्राजिल हो।
**लक्ष्मु सुनुवार**

यसपालि ब्राजिलले जित्छ जस्तो छ।
**सन्दीप रेग्मी**

मेरो समर्थन फ्रान्सलाई।
**राज श्रेष्ठ**

मलाई त ब्राजिल सदाबहार लाग्छ।
**पकि लिम्बू**

ब्राजिलले। किनभने चिसो भनेकै कोकाकोला भने जस्तै फुटबल भनेकै ब्राजिल हो।
**डियर विद्या**

खेलाडीले जित्छ। किनभने गोल उसैले गर्छ।
**ओम आचार्य**

यो प्रश्न नै गलत छ। किनभने जसलाई धेरै वर्ल्डकप जित्ने बानी परेको छ अहिले पनि उसैले जित्छ।
**लोलबहादुर**

पोर्चुगलले जित्छ किनभने उसले नै धेरै गोल हान्छ।
**सुनार कान्छो**

ट्विटरमा समर्थकको भीड हेर्ने हो भने ब्राजिल वा अर्जेन्टिनामध्ये एकले जित्छ तर

रसियामा हुने वर्ल्ड फुटबलचाहिँ जर्मनीले जित्छ।
**बिके संग्राम**

पोर्चुगलले जित्छ। युरो कप भनेको आधा वर्ल्डकप हो, त्यसैले पोर्चुगलले नै जित्छ।
**मोहन पल**

ब्राजिलले जित्ला नि हौ।
**पुष्कर मल्ल**

यसपालि साउदी अरेबियाले जित्छ।
**एचबी जिसी**

वर्ल्डकप फुटबल जोसुकैले जितोस्, तर हामीलाई आफ्नै नेपाल प्यारो छ।
**फगेंट मि**

भोटिङ गरेर जित्ने भए नेपालले जित्थ्यो। खेल खेलेर त कसले जित्छ भन्न सक्दिनँ।
**विमल बराल**

जर्मनीले जित्छ यो पालिको विश्वकप। किनभने कुनै स्टार

खेलाडी नभए पनि जर्मनीको खेल्ने शैली अरू देशको भन्दा फरक छ। फिनिसिङ राम्रो छ। अहिले सम्मको विश्वकप इतिहास हेर्दा धेरै पटक सेमिफाइनलको यात्रा गरेको छ।
**समपर्ण सन्देश**

जोसुकैले जितोस्। हामीलाई केही फरक पर्दैन।
**प्रकाश राजवंशी**

खेल जसले जिते पनि क्लाइमेक्स राम्रो हुनुपऱ्यो।
**किशोर पराजुली**

जसले बढी गोल गर्छ उसैले जित्छ।
**सोनाम घिसिङ**

अहिले नै थाहा हुने भए किन एक महिना लगाएर खेल खेलिरहनु ?
**केपी भट्टराई**

इतिहास हेर्ने हो भने त ब्राजिलले पाँच पटक विश्वकप जितिसकेको छ।
**रुपेश श्रेष्ठ**

वर्ल्डकप फुटबल बेल्जियमले जित्छ किनभने अहिले बेल्जियमसँग राम्रो खेलाडी छन्।
**डल्ली कान्छी**

जसले धेरै गोल हान्छ उसैले जित्छ विश्वकप।
**भरत गुरुङ**

# यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

**मेरो भाइ २५ वर्षको भयो । उसको एउटा मात्र अण्डकोष (testes) छ । मेरो भाइ विवाहपछि बुबा (father) बन्न सक्छ कि सक्दैन ?**

**एबीएस**



सर्वप्रथम भाइको समस्या चासो राखेर पत्र पठाउनुभएको कुरामा तपाईंको प्रशंसा गर्नै पर्ने हुन्छ । हुन त तपाईंको भाइ आफैं वयस्क भैसक्नु भएको छ र उहाँ आफ्नो समस्याका सम्बन्धमा आफैं प्रश्न सोध्न सक्ने स्थितिमा पनि हुनुहुन्थ्यो होला, तर कतिपयलाई आफ्ना यौन समस्याका बारेमा जिज्ञासा राख्न असजिलो लाग्न सक्छ, त्यसैले तपाईंको यो पहलले पक्कै उहाँलाई सहयोग गर्नेछ ।

## अण्डकोष (testis) के हो ?

अण्डकोष पुरुषमा भएको एउटा प्रमुख प्रजनन अंग हो । पुरुषमा बन्ने मानव प्रजननकोष, जसलाई हामी शुक्रकीट भन्छौं, त्यसको उत्पादन यही अंगमा हुन्छ । अण्डकोष लिंगको फेदनजिक झुन्डिएको छालाको पातलो थैली (अण्डकोष थैली) भित्र भएको अलि चेप्टो अण्डाकारको अंग हो । पुरुषमा यो दायाँ र बायाँ गरी दुईवटा हुन्छन् । यस्तै १० देखि १४ ग्राम तौलको यो अंगको आयतन सामान्यतया: ४x३x२ दशमलव ५ सेन्टिमिटर हुन्छ । अण्डकोषभित्र थुप्रै स-साना नली आकारका अंग (seminiferous tubules) हुन्छन् र यहीं नै शुक्रकीटको उत्पादन हुन्छ, तर यहाँ बनेका शुक्रकीट परिपक्व भैसकेका हुँदैनन् । अण्डकोषसँगै रहेको अंग epididymis को यात्रा गर्ने क्रममा शुक्रकीटले परिपक्वता हासिल गर्छ अर्थात् महिलाको डिम्बलाई निषेचित गर्न सक्ने तथा गति लिन सक्ने क्षमता हासिल गर्छ ।

शुक्रकीट उत्पादनबाहेक अण्डकोषको अर्को महत्वपूर्ण कार्य पुरुष रागरस testesterone (हार्मोन) उत्पादन गर्नु हो । यही रागरसले नै पुरुषमा सहायक यौन चिह्नहरू (secondary sexual characters) को विकास गराउँछ । तपाईंको भाइको शरीरमा दाह्री-जुँगा, काखी तथा यौनाङ्ग वरिपरि रौं आउनु, मांसपेशीमा वृद्धि हुनु, छाती तथा काँध चौडा हुनु, स्वर धोद्रो हुनु जस्ता कतिपय कुराको विकास कस्तो छ, पत्रमा उल्लेख छैन ।

## अण्डकोष नहुने कारण ?

यदि अण्डकोष थैलीमा अण्डकोष छैन भने त्यसका निम्न सम्भावना हुन सक्छन् । अण्डकोषको विकास नभएको हुनसक्छ । अण्डकोष सुकेको हुनसक्छ । अण्डकोष पूर्ण रूपमा नझरी काछतिर अड्किएको हुन सक्छ । त्यसैगरी यो राम्रोसँग नझरी पेटभित्रै हुनसक्छ । कुनै-कुनै बालकमा अण्डकोष भए पनि छाम्दा नभेटिन सक्छ, जसलाई retractile testis भनिन्छ ।

## यसको उपचार किन आवश्यक छ ?

राम्रोसँग अण्डकोषको विकास हुनु तथा शुक्रकीट उत्पादन हाम्रो शरीरको भन्दा कम तापक्रम आवश्यक हुने भएकाले अण्डकोष थैलीमा अण्डकोष हुनु आवश्यक छ । अण्डकोष थैलीले अण्डकोषको ताप नियन्त्रणमा मद्दत गर्छ । अध्ययनहरूले अण्डकोष नझरेका व्यक्तिहरूमा बाँझोपन हुने सम्भावना बढी भएको देखाएका छन् । एउटा मात्र अण्डकोष झरेका व्यक्तिहरूको वीर्य परीक्षण गर्दा शुक्रकीटहरू तुलनात्मक रूपमा दुवैवटा अण्डकोष भएका व्यक्तिहरूको भन्दा केही असामान्य अवस्थामा भएको पाइएको छ । अध्ययनहरूले तुलनात्मक रूपमा वयस्क भएपछि क्यान्सरको सम्भावना पनि बढ्ने जनाएको छ ।

बाल्यवस्थामै दुवै अण्डकोष छ/छैन, जतिसक्दो चाँडो पत्ता लगाई आवश्यक भए उपचार गराउनुपर्छ । त्यसैले प्रत्येक आमा-बाबुले सन्तान जन्मिएपछि उसको अण्डकोष छ/छैन, छामेर पत्ता लगाउनु उनीहरूको कर्तव्य पनि हो । सामान्यतया: ४ देखि ६ वर्षको उमेरमा यसको उपचार गराउने मान्यता भए पनि अचेल एक वर्ष भन्दा पनि पहिले नै उपचार गराउनु राम्रो मानिन्छ ।

## के एउटामात्र अण्डकोष भएकाहरू पिता बन्न सक्छन् ?

एउटा मात्र अण्डकोष हुनु भनेको बाँझो हुनु चाहिँ पक्कै होइन । यो कुरा एक मात्र अण्डकोष भएका व्यक्तिबाट उत्पादित वीर्यमा भएको शुक्रकीटको मात्रा र गुणमा भर पर्छ । सामान्यभन्दा कम शुक्रकीट भए गर्भधारण गराउन असजिलो हुनसक्छ । त्यसैगरी सामान्य रंगरूप र गति भएका शुक्रकीटको मात्रा कति छ भन्ने पनि हेर्नुपर्छ । वीर्य परीक्षण गरेर यी कुरा सजिलै थाहा पाउन सकिन्छ । वीर्य जाँच गराउन निम्न कुरामा ध्यान दिनु आवश्यक छ । चिकित्सकहरूले संकोचका कारण यी कुरा स्पष्ट नभनिदिंदा परीक्षणको नतिजा ठीक नहुने सम्भावना हुन्छ । परिक्षण मितिभन्दा यस्तै चार-पाँच दिन पहिलेदेखि वीर्य स्खलन भएको हुनुहुँदैन । धेरैजसो परिस्थितिमा प्रयोगशालामै हस्तमैथुन गरेर वीर्य निकाल्नु उपयुक्त हुन्छ । वीर्य स्खलन भएको जतिसक्दो चाँडो वा यस्तै आधा घण्टाजतिमा परीक्षण गराउनु उपयुक्त हुन्छ । वीर्य स्खलन भएको दुई घण्टाभन्दा पछि परीक्षण गर्दा नतिजा बेठीक आउन सक्छ । यसरी संकलन गरिएको वीर्यका नमुना नराम्रो भएको खण्डमा एक-एक महिनाको फरकमा तीन पटकसम्म जँचाउनु पर्ने हुनसक्छ ।


यदि सहायक यौनचिह्नहरू पनि ठीक छन् भने रागरसको अवस्था सामान्य रहेको कुरालाई नै बल पुग्छ । वीर्य परीक्षणको नतिजा पनि राम्रो भए सन्तान उत्पादनका बारेमा चिन्ता गर्नुपर्ने स्थिति हुँदैन ।

विवाहपछि श्रीमतीमार्फत् जैविक पिता हुनु एउटा पक्ष हो । वीर्यमा शुक्रकीट नै नभएको स्थितिमा पनि कृत्रिम गर्भाधानदेखि धर्मपुत्र वा पुत्री पाल्नेसम्मका अनेक उपाय छन्, जहाँ तपाईंको भाइले पिताको भूमिका निर्वाह गर्न सक्नुहुन्छ भन्ने कुरा बिर्सनु भएन ।

### सूचना

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

# डा. सुमनको सल्लाह



डा. सुमनराज ताम्राकार

सामान्यत: एकपटक स्खलन हुँदा ३ देखि ५ मिलिलिटर वीर्य निस्कन्छ र त्यसमा शुक्रकीटको संख्या ४ देखि १२ करोड हुन्छ । मानव शरीरमा वयस्क डिम्ब शरीरको सबैभन्दा ठूलो कोष हो भने शुक्रकीट सबैभन्दा सानो कोष हो । शुक्राणु प्रारम्भिक अवस्थाबाट विकसित हुँदै पूर्ण वयस्क शुक्राणु बन्छ । मानिसमा यो प्रक्रियाका लागि करिब ६१ दिन लाग्छ । सूक्ष्मदर्शक यन्त्रको मद्दतले मात्र देख्न सकिने परिपक्व शुक्रकीट चेपागाँडा आकारको हुन्छ । बनावटको हिसाबले शुक्राणुलाई टाउको र पुच्छर गरी दुई भागमा बाँडिएको छ भने पुच्छरलाई पनि घाँटी, मध्यभाग, मुख्य भाग र अन्त्य गरी थप चार भागमा वर्गीकरण गरिएको छ ।

यौनसम्पर्कका बेला पुरुषको वीर्य स्खलन हुँदा निस्किएका करोडौं शुक्रकीटमध्ये केही महिलाको डिम्बवाहिनी नलीमा पुग्छन् । त्यहाँ परिपक्व भएको डिम्बसँग असंख्य शुक्रकीटमध्ये एकले मात्र निषेचन गर्न सक्छ । यसरी शुक्रकीट र डिम्ब मिलन भै बनेको कोष दुई-तीन दिनपछि पाठेघरमा बस्न आउँछ र क्रमश: भ्रुण अनि गर्भस्थ शिशुमा विकसित हुँदै जान्छ ।

वीर्यमा पाइने शुक्रकीटको उत्पादन अण्डकोषमा हुन्छ । अण्डकोषमा भएका अति नै मसिना एवं गुँडुल्किएका नलीमा शुक्रकीट बन्ने प्रक्रिया निरन्तर रुपमा चहिरहन्छ । किशोरावस्थामा पुगेपछि शुक्रकीट उत्पादन हुने अनि वीर्य बन्ने प्रक्रिया जीवनभर चलिरहन्छ ।

अण्डकोष नै यसको थैलीमा नझरे, अण्डकोषको विभिन्न खराबी, अण्डकोषमा कुनै चोटपटक, संक्रमण वा जन्मजात खराबी वा अन्य चोटले हुने संरचनागत खराबीका कारण शुक्रकीट उत्पादनमा असर पार्न सक्छ । हार्मोनको मात्रामा गडबडी, वंशाणुगत खराबी, रेडियोथेरापी (विकिरण) तथा कतिपय औषधिले पनि शुक्रकीट उत्पादनमा ह्रास ल्याउन सक्छन् । यसका साथै अण्डकोषबाट वीर्य आउने नलीमा हुने खराबीले पनि वीर्य स्खलनमा समस्या सिर्जना गर्छ ।

त्यसो त वीर्य र शुक्रकीट पृथक् कुरा हुन् । विशेषत: पुरुषहरू किशोरावस्थामा प्रवेश गर्ने क्रममा हस्तमैथुन गर्न थाल्छन् । उक्त क्रमको सुरुवाततिर वीर्य स्खलन नभए पनि यौन सन्तुष्टि (लिंगमा झनझनाहट) प्राप्त हुन्छ । पछि अधिकतर पुरुषमा वीर्य स्खलनसँगै चरम सुख प्राप्त हुन्छ । वीर्यमा शुक्रकीटसँगै वीर्यथैली र पौरुष ग्रन्थि रस, शुक्रकीटका लागि आवश्यक पोषण तत्व, रसायन तथा श्लेष्मसँगै निश्चित मात्रामा पानी हुन्छ । मानव यौन प्रतिक्रिया चक्रका क्रममा यौन उत्तेजनाका बेला प्लेटो चरणपछिको चरम सुख प्राप्तिको चरणमा गाला, अनुहार, छालामा रातोपन देखापर्छ भने श्वास प्रक्रिया तथा मुटुको चाल बढ्नुका साथै विशेषत: पुरुषमा वीर्य थैलीलगायतका पौरुष ग्रन्थि, मूत्रनली, लिंग एवं आन्तरिक अंग खुम्चिने क्रममा वीर्य मूत्रनली हुँदै धकेलिएर बाहिर स्खलन हुन्छ ।

लिंग उत्तेजना यथेष्ट मात्रामा भए पनि वीर्य स्खलन नहुनसक्छ । कतिपय अवस्थामा यौनेच्छा सामान्य भएपनि चरम सन्तुष्टिको मात्राअनुरूप वीर्य स्खलन हुँदैन । कतिपयमा भौतिक रुपमा वीर्य स्खलन नहुने कारणले मानसिक रुपमा पूर्ण यौन सन्तुष्टिको अनुभूति नहुनसक्छ । कालान्तरमा यसले नि:सन्तान वा नपुंसक पो हुन्छु कि भन्ने पिरले सताउन सक्छ । कहिलेकाहीं बाहिरतिर स्खलित हुनुपर्ने वीर्य मूत्रथैलीतिर गएर स्खलन नभएजस्तो हुनसक्छ, जसलाई यौनसम्पर्क अर्थात् चरम सुखपछि पिसाब परीक्षण गरेर पत्ता लगाउन सकिन्छ ।

वीर्य स्खलन नहुनुको कारण मानसिक, शारीरिक तथा परिस्थितिजन्य हुनसक्छ । चरम सन्तुष्टिको अभाव, यौन साथीसँगको खराब सम्बन्ध, चिन्ता एवं तनावपूर्ण वातावरण, गर्भसम्बन्धी भय लगायतका मानसिक कारणले वीर्य स्खलनमा समस्या सिर्जना गर्न सक्छन् । पौरुष ग्रन्थि एवं मूत्र थैलीको शल्यक्रिया, संक्रमण तथा उक्त क्षेत्रमा जोडिएका स्नायुमा समस्या उत्पन्न भएर पनि वीर्य स्खलन नहुने हुनसक्छ । त्यसका अतिरिक्त मधुमेह, मेरुदण्डको चोटले पनि वीर्य स्खनल नहुने समस्या सिर्जना गर्नसक्छ ।

प्रत्येक पटकको हस्तमैथुन वा यौनसम्पर्कपछि वीर्य स्खलन हुनैपर्छ भन्ने मानसिक दबाब लिनु हुँदैन । विविध कारणले यौनसम्पर्क स्थापित गर्न नचाहेको अवस्थामा अर्थात् बाध्यतावश यौनसम्पर्क राख्नुपर्दा पनि वीर्य स्खलन नै नहुने त होइन तर त्यसका लागि बढी समय लाग्न सक्छ । यस्तो परिस्थितिमा पाक्क्रीडाको विशेष महत्व हुन्छ । गर्भ रहला तथा नि:सन्तान होला कि भन्ने चिन्ताबाट मुक्त हुने वातावरण हुनुपर्छ । पौरुष ग्रन्थिको संक्रमण, मूत्रनलीको संरचनागत उपचार (शल्यक्रिया) पनि वीर्य स्खलन नहुने समस्याको उपचार हुनसक्छ । अन्य कारणको उपचारपछि पनि सन्तोषजनक उपलब्धि प्राप्त भएन भने भाइब्रेटर अथवा विद्युतीय तरंगको उपचार लाभदायक साबित हुनसक्छ । यदि त्यसपछि पनि नि:सन्तानको समस्या कायम रहयो भने कृत्रिम गर्भाधानबाट गर्भाधारण गराउन सकिन्छ ।



मुक्त आकाश

# फुटबलजस्तै जिन्दगी



अविरल थापा

हरेक चार वर्षमा आयोजना हुने विश्वकप फुटबल प्रतियोगिता रसियामा जारी छ, संसारभरबाट चुनिएर आएका ३२ वटा देशले एकआपसमा प्रतिस्पर्धा गरेर अन्तिममा एक देशले सुन जडित कप र नगद हात पार्नेछ । के बालक, के वृद्ध, के युवक, के युवती संसारभरका करोडौं मानिस टेलिभिजनमा फुटबल हेर्न बसेका छन् । सामाजिक सञ्जाल आ-आफ्नो टिमको पक्ष र विपक्षमा गरिएका समर्थनका शब्द र छेडखानीले रमाइलो भएको छ । आफ्नो टिमको समर्थनमा जर्सी लगाएर हिँडेका युवायुवतीका कारण बजार रंगीन देखिएको छ । संसारभरका करोडौं मानिसले हेर्ने यो विश्वकप फुटबलले अर्थतन्त्रमा समेत तरंग ल्याउँछ ।

अहिले होटल तथा रेस्टुराँ सञ्चालकले ठूलो साइजको पर्दा राखेर फुटबलको प्रत्यक्ष प्रसारण देखाई ग्राहक आकर्षित गरिरहेछन् । यो एक महिना धेरै खाले व्यापारीका लागि आम्दानी गर्ने राम्रो अवसर पनि हो । खेलप्रेमीका लागि त हरेक चार वर्षमा आउने ठूलो चाड नै हो । नेपालमा धेरै नेपालीले टेलिभिजन किनेर हेर्न थालेको १९८६ र १९९० को विश्वकपदेखि हो, जसमा म्याराडोनाको खेल हेरेर रमाएका कारण धेरै नेपाली अर्जेन्टिनाका समर्थक छन् । त्यसै गरी पछि ब्राजिलका रोनाल्डो, रोनाल्डिन्होजस्ता खेलाडीले पनि धेरैको मन जिते र ब्राजिलका समर्थक पनि बढ्दै गए । त्यसो त विजेताका समर्थक जहाँ पनि हुन्छन् । पहिलेदेखि मन परेको टिम अहिले कमजोर भए पनि जितोस् भन्ने कामना गर्नु ठीकै हो, तर जित्नका लागि एक खेलाडी मात्र राम्रो भएर हुँदैन, समग्र टिम नै बलियो हुनपर्छ ।

फुटबल गज्जबको खेल छ । गहिरिएर हेर्‍यो भने यसले जिन्दगी नै बुझाइदिन्छ । मान्छेले आफ्नो लक्ष्य प्राप्तिका लागि कसरी संघर्ष गर्छ र लक्ष्य फेला पार्न कति गाह्रो छ, फुटबल हेरेर पनि बुझ्न सकिन्छ । जिन्दगीमा गोल हान्नु हामी सबैको लक्ष्य हो । गोल हान्न सबैलाई मन लाग्छ, त्यही भएर प्रतिस्पर्धा चलिरहेको हुन्छ । सबैले गोल हान्नु छ । त्यसैले सबै जना कुदिरहेका छन् । सबै एक-अर्कालाई छलाउँदै छक्याउँदै अघि बढ्न खोज्छन् । सजिलै गोल हान्न पनि गाह्रो छ, छेक्न रोक्न गोलकिपररूपी बाधा-अड्चन-अवरोधहरू पनि हुन्छन् । जसले धैर्य, अनुशासन, चतुर्‍याइँ, निरन्तरता, गतिशीलता दिएर लागिपर्छ उसले मात्र अन्तिमसम्म गोल हान्न सक्छ । जसरी गोल हान्न अर्को साथीको पासको आवश्यकता पर्छ जिन्दगीमा पनि साथीभाइ एवं हितैषीहरूको साथको जरुरत पर्छ । गोल हान्न नदिन जसरी विपक्षी टिमका खेलाडीहरू लागिपर्छन् त्यसैगरी जिन्दगीमा पनि दुस्मनहरू लागिपरेका हुन्छन् । फुटबलमा जस्तै लडाउने, कोपर्ने, छिर्की हान्ने, बाटो छेक्ने, समात्ने, तान्ने, घाइते बनाउने खेल मानिसको जीवनमा पनि चलिरहन्छ । जसले सबै कुरा मुकाबिला गरेर अघि बढ्न सक्छ ऊ सफल हुन्छ, नभए हार्छ वा थोरै पाउँछ । जिन्दगीमा पनि कोही पहिलो चरणमै हार्छन्, कोही क्वार्टर फाइनल त कोही सेमिफाइन पुग्छन् भने कोही फाइनलसम्मै पुग्छन् र विरलैले फाइनल जितेर इतिहास निर्माण गर्छन् । एउटा खेलमा, एउटा दौडमा एउटा विजेता हुन्छ तर महत्व अरूको पनि हुन्छ । आफूले जित्नका लागि कोही न कोही त हार्नैपर्छ र फेरि एकफेर जित्दैमा सधैं फेरि-फेरि पनि पक्का जितिन्छ भन्ने ग्यारेन्टी हुँदैन । एकफेर जित्न सजिलो छ तर विजेता कायम रहन कठिन छ । त्यही भएर हरदम उत्तिकै लगन र मेहनत आवश्यक हुन्छ । टिममा कसरी मिलेर काम गर्ने, कसको क्षमता के छ त्यहीअनुसार कसरी काम दिने, अनुशासन कसरी कायम गर्ने, अन्तिम अवस्थासम्म पनि कसरी धैर्य नगुमाई अघि बढ्ने फुटबलले सिकाउँछ । जित्न गति मात्र होइन, कला पनि चाहिन्छ । गोल हान्न खुट्टा मात्र भएर पुग्दैन, अक्कल पनि चाहिन्छ । सही समयमा सही तरिकाले गोलकिपरलाई छलाउँदै वा छक्याउँदै लक्ष्यमा प्रहार गर्न सके मात्र गोल हुन्छ । गोल हान्ने प्रयास धेरैले गर्छन् तर सक्दैनन् । सफल हुन सबैलाई मन लाग्छ तर सकिँदैन ।


कहिलेकाहीँ सुन्दर खेल खेल्दाखेल्दै पनि हारिन्छ । जिन्दगीमा पनि राम्रो गर्दागर्दै पछि परिन्छ । कप जित्न गोल हान्नैपर्छ, तर मन जित्न सुन्दर खेल पनि देखाउन सक्नुपर्छ । कसले कति राम्रो खेलेको थियो कति प्रयास गरेको थियो अरूले मूल्यांकन गरिरहेका हुन्छन् । यदि आफ्नो खेलसँग खेलाडी र आफ्नो कर्मसँग मानिस सन्तुष्ट भयो भने जिन्दगीमा कप नै पाउनुपर्छ भन्ने हुँदैन । जालझेल गरेर जितेका मानिस पनि धेरै हुन्छन् । कहिले जितेर पनि हारिन्छ, कहिले हारेर पनि जितिन्छ । कुनै टिमले हार्छ तर त्यही टिमको कुनै खेलाडी विशेषको खेल स्मरणीय हुन्छ । खेल जित्नु आफ्नो ठाउँमा छ तर मन जित्न सक्नु जतिको ठूलो जित अरू के होला र !

जित्नु हार्नु एक ठाउँमा छ, आफ्नो भागको हिस्सा राम्रोसँग खेलौं । अन्तिममा दुस्मनले पनि भनोस्– वाह ! क्या खेलेको थियो त्यसले । जिन्दगीमा पनि सके गोल गरौं तर झेल नगरौं ।

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa

# फणेन्द्र मिस्टर युनिभर्स-२०१८





फणेन्द्र प्रसाईंले थाइल्यान्डमा सञ्चालित पुरुषहरूमा केन्द्रित अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता मिस्टर नेसनल युनिभर्स-२०१८ को शीर्ष उपाधि जितेर अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा नेपालीहरूको उपस्थितिलाई विस्तारित गरेका छन् । यो जितसँगै फणेन्द्र पुरुषहरूको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा मुख्य उपाधि विजेता पहिलो नेपाली भएका छन् । युवतीहरूतर्फ भने यस अघि सन् २००३ मा आयुषा श्रेष्ठले वर्ल्ड मिस युनिभर्सिटीको शीर्ष उपाधि हात पारेकी थिइन् भने सन् २०१६ मा जुनिता लामाले पेजेन्ट अफ द वर्ल्डको शीर्ष उपाधि जितेकी थिइन् ।

थाइल्यान्डको हुवा हिनस्थित होलिडे इन रिसोर्टमा सञ्चालित फाइनलमा थाइल्यान्डका नाट्चानोन सिङ्गलुम फस्ट रनर अप तथा ब्राजिलका मार्कोस भिनिसियस सेकेन्ड रनर्सअप घोषित भए भने फिलिपिन्सका केन्ली फिलार्का मिस्टर नेसनल युनिभर्स एम्बेसडर छनौट भए ।

मिस्टर नेसनल युनिभर्स-२०१८ का विजेता २५ वर्षीय फणेन्द्र झापाका स्थायी वासिन्दा हुन् । इन्फर्मेसन म्यानेजमेन्टमा ग्राजुएसन गरेका फणेन्द्र यसअघि मोडल हन्ट नेपाल-२०१७ का प्रतिस्पर्धी थिए भने उनी मिस्टर एन्ड मिस ग्ल्यामरस आइकन दोस्रो सिजनका उपाधि विजेता हुन् । केही रनवे शोको अनुभवसमेत सँगालेका फणेन्द्रका लागि वार्डरोब डिजाइनर उत्कृष्ट वीरविक्रम खड्काले गरेका थिए भने नेसनल कस्ट्युमको डिजाइन सरिना बुढाथोकी तथा सन्जु तामाङले गरेका थिए ।


सर्वोत्तम नारी
KMG




nari.ekantipur.com | narimagazine | @narimagazine


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**